




नेपाल
समाचारपत्र
नेपाली मनको नेपाली पत्रिका
NEPAL SAMACHARPATRA



नेपाल समाचारपत्र दैनिक, कामना, साधनाका ग्राहक बन्नु परेमा, पत्रिका समयमा नआएमा, कुनै गुनासो भएमा सम्पर्क गर्नुहोला।

कामना न्यूज पब्लिकेसन्स्

कामना प्लाजा, भीमसेनस्थान, काठमाडौं
सम्पर्क : ९८०१००३७३७, ०१-४२६११७९
एक्सटेन्सन: १११/११२ (९ बजेदेखि ६ बजेसम्म)



» बिहीबार, भदौ २९, २०७४ » Thursday, September 14, 2017 » www.newsofnepal.com » नेसं ११३७ ञला गा: ९ » वर्ष २३, अंक २४७ » पृष्ठ १२ » मूल्य रू. १०/–







# राज्यविहीन बन्दै तिब्बतका नेपाली

टीका बन्धन, काठमाडौं

नेपाल-चीनबीच वर्षौं पुरानो व्यापारिक, सांस्कृतिक र धार्मिक साइनो गाँसिएको तिब्बतको ल्हासामा बसोबास गर्दै आएका नेपालीलाई सरकारले नागरिकता र पासपोर्ट उपलब्ध गराउन सकेको छैन।

नेपाली मूलका पुरुष र तिब्बेतियन मूलका महिलाबाट जन्मिएका सन्तती वर्षौंअघिदेखि न त चिनियाँ बन्न सकेका छन् न त नेपाली नै। यसरी जन्मिएका सन्ततीलाई नेपालले हस्तलिखित पासपोर्ट उपलब्ध गराए पनि कानुनी जटिलताका कारण नागरिकता र मेसिन रिडेबल पासपोर्ट (एमआरपी) अझै उपलब्ध गराउन सकेको छैन।

एमआरपीको अभावमा त्यस्ता नागरिकले ल्हासा-नेपाल र नेपाल-ल्हासाबाहेक अन्यत्र ओहोरदोहोर गर्न कानुनी जटिलता छ।

ल्हासा वाणिज्य दूतावासले ४ वर्ष अवधि तोकेर त्यस्ता नागरिकलाई हस्तलिखित राहदानी उपलब्ध गराउँदै आएको छ। सन् १९५६ मा चीनले तिब्बतलाई कब्जा गरेपछि यो समस्या सम्बोधन गर्न तत्कालीन चीन सरकारले प्रतिबद्धता जनाएपछि केही नेपालीले विभिन्न समयमा चिनियाँ नागरिकता लिएका छन्।

तर सो विषयले वर्षौंपछि पनि पूर्ण निकास पाउन नसकेको ल्हासास्थित नेपाली वाणिज्य दूतावासले जनाएको छ। नेपाली नागरिकता लिन र नेपाली भएर मर्न चाहनेको पछिल्लो संख्या १ सय ८० का हाराहारीमा रहेको वाणिज्य दूतावासको तथ्यांक छ। सो दूतावास स्रोतका अनुसार ४० वर्ष र सोभन्दा माथिको उमेर समूहका यस्ता नागरिकको संख्या धेरै रहेको छ भने २० वर्ष र सोभन्दा कम उमेरकाको संख्या २ दर्जनको हाराहारीमा छ।



- साइनो सम्बन्ध नेपालको
- तर प्रमाण जुट्न गाह्रो भो
- नागरिकता र पासपोर्ट नबन्दा पहिचानबाट वञ्चित

'नेपाली नागरिकता लिने र नेपाली भनेर चिनिन चाहने ३५/४० वर्षभन्दा माथिका धेरै छन्', सो वाणिज्य दूतावासका पूर्व नियोग प्रमुख हरिप्रसाद बत्स्यालले नेपाल समाचारपत्रसँग भन्नुभयो- 'तर कानुनी जटिलताका कारण उनीहरूलाई एमआरपी र नागरिकता उपलब्ध गराउन समस्या छ।'

उहाँका अनुसार नयाँ पुस्ताका नेपाली युवायुवती भने स्वत:स्फूर्त चिनियाँ नागरिकता लिन चाहन्छन्, केहीले लिइसकेका छन्। बत्स्याल सन् २०१२ देखि २०१६ सम्म त्यहाँको नियोग प्रमुख रहनुभएको थियो।

पासपोर्ट र नागरिकताको समस्या अझै लम्बिए त्यहाँका नेपाली राज्यविहीन बन्न सक्ने र पारिवारिक विखण्डनसमेत आउन सक्ने भन्दै ल्हासा वाणिज्य दूतावास र बेइजिङस्थित नेपाली दूतावासले पटकपटक सरकारको ध्यानाकर्षण गराएको परराष्ट्र मन्त्रालयले जनाएको छ।

चीन भ्रमणका क्रममा राष्ट्रपति, उप-राष्ट्रपति, प्रधानमन्त्री, परराष्ट्रमन्त्रीसहितका विशिष्ट अधिकारीलाई यसबारेमा अवगत हुने भए पनि सो विषयले निकास पाउन नसकेको सो मन्त्रालयका अधिकारीहरू बताउँछन्। तर दुवै मुलुक यो विषयमा गम्भीर र संवेदनशील भएको खण्डमा समस्या लामो समय नलम्बिने चीनका लागि पूर्वराजदूत डा. महेश मास्केको ठहर छ। 'यो गम्भीर र संवेदनशील विषय हो, मेरो बुझाइमा नेपालले यस विषयलाई गम्भीरताका साथ लिनुपर्छ' -उहाँले भन्नुभयो।

चीनसँगको व्यापारिक र सांस्कृतिक सम्बन्धका कारण पुस्तौं अघिदेखिका नेपालीले तिब्बत-नेपाल ओहोरदोहोर गरेको स्मरण गरिन्छ। खास गरी नेपाली राजकुमारी भृकुटीको विवाह तत्कालीन भोटका राजकुमार स्रङचङ गम्पोसँग भएपछि र नेपाली कलाकार अरनिको चीन पुगेपछि दुवैतर्फको सांस्कृतिक र धार्मिक सम्बन्ध अझ निकट भएको मानिन्छ।

भृकुटीको विवाहपछि उनको स्याहारसुसारका लागि नेपालबाट पठाइएका नेपाली उतै बसोबास गर्न थालेपछि नेपाल-तिब्बत ओहोरदोहोर गर्नेको संख्या बढ्न थालेको जानकारहरू बताउँछन्।

विभिन्न समयमा ल्हासा पुगेकाहरू व्यापार व्यवसायका क्रममा उतै बसोबास गर्न थालेका थिए। स्थायीरूपमा बसोबास गर्दै आएकामध्ये धेरैजसो गलैंचा, रेस्टुरेन्ट, हस्तकलाजस्ता व्यापार-व्यवसायमा संलग्न रहे पनि केहीले स्थायीरूपमा कृषि र पशुपालनलाई आम्दानीको पाटो बनाएको बताइन्छ।

(क्रमश: पृष्ठ ९ मा)

# ६६ हजार उजुरी प्रगति शून्य

प्रशान्त वली, काठमाडौं

१० वर्षे माओवादी युद्धका क्रममा भएका घटनाहरूको सत्यतथ्य छानविन गरी पीडितलाई कारबाही र पीडकलाई क्षतिपूर्ति दिलाउने काम कछुवाको गतिमा अघि बढेको छ।

सत्य निरुपण तथा मेलमिलाप आयोग र बेपत्ता पारिएका व्यक्तिको छानविन आयोगको म्याद सकिन १ सय ५० दिन बाँकी रहँदा आयोग अझै उजुरी छानविनको प्रक्रियामा नै अल्झिएको छ। दुवै आयोगले आगामी माघ २८ सम्म द्वन्द्वका घटनाहरूको यथार्थ बाहिर ल्याई दोषीलाई कानुनी कठघरामा ल्याउने र पीडितलाई परिपुरण दिइसक्नुपर्ने अवस्था रहेको छ।

अहिलेसम्म दुवै आयोगले ६६ हजार ९३ वटा उजुरी संकलन गरेको छ। सत्य निरुपण तथा मेलमिलाप आयोगले ६३ हजार वटा र बेपत्ता पारिएका आयोगले ३ हजार ९३ थान उजुरी संकलन गरेको छ। यद्यपि ती उजुरीको

- म्याद सकिन १ सय ५० दिन मात्रै बाँकी
- दुवै आयोगको काम कछुवाको गतिमा

टुंगो माघको अन्तिम सातासम्म लगाइसक्नुपर्ने बाध्यकारी अवस्था छ। सत्य निरुपण तथा मेलमिलाप आयोगले सबै प्रदेशमा सहन्यायाधिवक्ताको नेतृत्वमा बारका प्रतिनिधिसहितको टोली गठन गरेको छ। टोलीले घटनाको प्रकृति हेरेर प्रतिवेदन तयार पार्ने कामलाई तीव्रताका साथ अघि बढाएको सत्य निरुपण तथा मेलमिलाप आयोगका अध्यक्ष सूर्यकिरण गुरुङले नेपाल समाचारपत्रलाई जानकारी दिनुभयो।

उहाँले भन्नुभयो- 'आयोग निकै अफ्ठेरोमा परेको छ। ऐन संशोधन नहुँदा म्याद बढाउन पाइँदैन। हामीले सक्दो काम गरिरहेका छौं। प्रत्येक प्रदेशमा १ हजार उजुरीका फाइल अध्ययन भइरहेका छन्। अब उजुरी संख्या र जिल्लाको विकटता हेरेर जिल्लामै उजुरी छानविन गर्ने गरी तयारी थालेका छौं।' आयोगले यातना, आगजनी, यौनजन्य हिंसालगायतका विभिन्न शीर्षकका उजुरीहरू प्रदेशस्तरमा पठाएको छ।

(क्रमश: पृष्ठ ९ मा)

# १९७ जिल्ला न्यायाधीशको सरुवा

काठमाडौं, (नेस)

न्याय परिषद्ले १ सय ९७ जिल्ला न्यायाधीशको सरुवा गरेको छ। साथै सर्वोच्च अदालतको न्यायाधीशका लागि तीन जनाको नाम सिफारिस गरेको छ।

निर्वाचन आचारसंहिता लागू भइसकेको अवस्थामा गरिएको सरुवाका लागि निर्वाचन आयोगले सहमति दिएको छ। न्याय परिषद्को बुधबार बसेको बैठकले न्यायाधीशको सरुवाको निर्णय गरेको हो।

त्यसै गरी आगामी निर्वाचनका लागि मुख्य निर्वाचन अधिकृतमा खटाउन न्याय परिषद्ले आयोगलाई उपलब्ध गराएको न्यायाधीशको नाम पनि सार्वजनिक गरेको छ। परिषद्ले ७७ जना न्यायाधीशको नाम आयोगलाई उपलब्ध गराएको छ। मुख्य निर्वाचन अधिकृतका लागि १० जना जिल्ला न्यायाधीश अतिरिक्त समूहमा राखिएको छ।

## खन्ने काम अझै रोकिएन

# मेलम्चीपछि प्राधिकरण सडक खन्दै

सुरेश तामाङ, काठमाडौं

ढलको पाइप, खानेपानीको पाइप, टेलिकमको फाइबर बिच्छ्याउने नाममा पक्की सडक खन्ने क्रमले अझै केही वर्ष निरन्तरता पाउने भएको छ। ढलको पाइप बिच्छ्याउन खनेको पक्की सडक पिच गरेर सुक्न नपाउँदै खानेपानीको पाइप बिछ्याउन त्यही पिच खन्ने परम्पराको लामो शृंखला अझै रोकिएको छैन।

अब नेपाल विद्युत् प्राधिकरणले बिजुलीको तार जमिनमुनि बिच्छ्याउनका लागि राजधानीमा बाँकी रहेका पक्की सडक खन्ने योजना बनाएको छ। किनकि अब प्राधिकरणले पनि अरू निकायले जस्तै सडक, सडकपेटी, गल्ली बाटो खनेर बिजुलीका तारलाई भूमिगत गर्ने क्रम शुरू गर्ने भएको छ।




प्राधिकरणले पाइलट प्रोजेक्टका रूपमा पहिलो चरणमा रत्नपार्क वितरण केन्द्र र महाराजगन्ज वितरण केन्द्र जोड्ने गरी भूमिगत विद्युत् प्रसारण प्रणालीसँगै उपभोक्तालाई स्मार्ट मिटर वितरण स्वचालित विद्युत् वितरण प्रणालीको काम गर्नका लागि सडक खन्ने तयारी गरेको छ। मेलम्ची खानेपानीको पाइप लाइन बिच्छ्याउन पक्की सडक खनेर राजधानीलाई धुलैधुलोको शहर बनाएपछि अब फेरि प्राधिकरणले बचेका सडक खनेर थप धुलो उत्पन्न गराउने भएको छ।

प्राधिकरणले ऊर्जा मन्त्रालयको सचिवको संयोजकत्वमा ढल, खानेपानी, टेलिकम, सडकसँग सहकार्य गर्न समन्वय समिति गठन भइसकेको जनाएको छ। समितिमा सडक विभाग, महानगरपालिका, टेलिकमलगायतका अधिकारीहरू सहभागी छन्।

(क्रमश: पृष्ठ ९ मा)




# महानगर

'कोतपाटी संरक्षणको नाममा अधिकार जमाउन खोजेको देखिन्छ', कार्यकारी अधिकृत लाखेले भन्नुभयो- 'ज्यापू समाजले माग गरेअनुसार समाजको संग्रहालय प्रवर्द्धन गर्ने उद्देश्यले तीनवटा कवल, हःखा टोलकै महिला समूहको मागअनुसार तीनवटा कवल महानगरमार्फत् दिन लागेको हो।'

# 'राजधानीमा दिगो शहरी यातायात योजना ल्याउँछौं'



ध्रुव रिजाल
अध्यक्ष, नगर विकास कोष

राजधानी काठमाडौंको सवारी आवतजावत अस्तव्यस्त छ। राजधानीको यातायात क्षेत्रमा देखिएको समस्या समाधान गर्नका लागि कोसिस भए पनि सार्थक पहल हुन सकेको छैन। सरोकारवाला निकायले सवारी व्यवस्थापनका लागि काम गरे पनि अझै पनि राजधानीमा बसको यात्रा गर्न निकै कठिनाइ हुँदै आएको छ। शहरी विकास मन्त्रालयअन्तर्गत गरेको नगर विकास कोषले विभिन्न नगरपालिकाका जनताको आर्थिक जीवनस्तर सुधारका लागि काम गर्दै आएको छ।

कोषले जनताको दैनिक जनजीवनसँग जोडिने विकास निर्माणको कार्यमा अनुदान सहयोग ऋण लगानीको कामलाई प्राथमिता दिएको छ। सरकार र दातृ निकायहरूसँगको समन्वयमा कोषले विभिन्न नगरपालिकाको विकास निर्माणको काममा लगानी गरेको छ। कोषले खानेपानी, सडक, फोहोर व्यवस्थापन, सरकारी भवन निर्माण, बसपार्क निर्माणलगायतको काम गर्दै आएको छ। कोषले मझौला शहर निर्माण गर्ने योजना पनि अगाडि सारेको छ। यसै विषयमा नगर विकास कोषका अध्यक्ष ध्रुव रिजालसँग हाल सञ्चालनमा रहेका योजनाहरु समयमा नै सम्पन्न नहुनुका कारण र आगामी योजनाको विषयमा नेपाल समाचारपत्रका लागि **मधुसूदन रायमाझीले** गरेको कुराकानी :-

**नगर विकास कोषले कुन-कुन क्षेत्रमा लगानी गर्दै आएको छ ?**

कोषले विशेष गरी खानेपानी, फोहोरमला व्यवस्थापन, कमर्सिलय कप्लेक्स, नगरपालिका भवन, सभा हल, बसपार्क निर्माणलगायतको कामलाई प्राथमिकता दिँदै लगानी गर्दै आएको छ। कतिपय स्थानमा अस्पताल निर्माणको काम पनि गरेको छ। एडीबी, खानेपानी विभागसँग सहकार्य गरेर ७० वटा स्थानमा खानेपानी योजना सञ्चालन भइरहेका छन्। हामीले ऋण लगानी गर्ने, अनुदान दिने, स्थानीयबासीले श्रमदान जुटाएर कार्यक्रम सञ्चालन गर्दै आएका छौं। धनकुटाको धनकुटा नगरपालिका, मेचीनगर नगरपालिका, बागलुङ नगरपालिका, लेखनाथ नगरपालिका, पाल्पाको तानसेन नगरपालिकालगायतका नगरपालिकाभित्र निर्माण भएको सडक, पार्क, बसपार्क निर्माणमा कोषले ऋण लगानी गरेको छ।

**मझौला शहर निर्माणको क्षेत्रमा कोषको के योजना छ ?**

कोषले मझौला शहर निर्माणका लागि स्थानको पहिचना गरी डीपीआर तयार पारेर मात्र कार्यक्रम अगाडि बढाउने योजना बनाएको छ। यस आर्थिक वर्षमा मझौला शहर निर्माणका लागि ३० करोड ऋण लगानी गर्ने योजना बनाएका छौं। वीरगन्ज महानगरपालिका, विराटनगर महानगरपालिका, बुटवल उपमहानगरपालिका, बनेपा, धुलिखेल र पतौती नगरपालिकामा कार्यक्रम सञ्चालन गर्ने तयारी गरिएको छ।

भौतिक पूर्वाधारहरू निर्माण गर्दा नगरपालिकाका बासिन्दालाई आत्मनिर्भर बनाउने कार्यक्रम सञ्चालन गरिएको छ। अहिले हामीले नगरपालिकाभित्र मात्र लगानी गरिरहेका छौं। यसका साथसाथै साना शहरी तथा खानेपानी आयोजना कार्यक्रम अगाडि बढाउने योजना बनाएका छौं। यस कामका लागि एडीबीले लगानी सहयोग गर्नेछ।

**योजनाको छनोट गर्ने आधार के हुन् ?**

कहाँ के आवश्यकता हा, त्यसका लागि नगरपालिकाले हाम्रो आवश्यकता यो हो भनेर माग हुनुपर्छ। मागका बारेमा हामीले विस्तृत अध्ययन गर्छौं। मागमध्येबाट प्राथमिकताको आधारमा समितिले योजना छनोट गर्छ। कोषले आयोजनाको पहिचान, मूल्यांकन, लागत र अपेक्षाका बारेमा अध्ययन गरेर मात्र योजनाको छनोट गर्छ। पहिचान र प्राथमिकता भने नगरपालिकाले नै गर्छ। कोषले त्यसलाई पनि आधार बनाएछ। हामीले नगरपालिकाको अनुरोधमा अनुदानमा सहयोग गरिरहेका छौं।

**राजधानीमा सार्वजनिक यातायात सञ्चालनको क्षेत्रमा निकै समस्या देखिन्छ। यस बारेमा कोषले केही योजना ल्याउँदै छ कि ?**

राजधानी काठमाडौंको यातायात आवतजावत निकै कठिन छ। राजधानीमा ठूलो संख्यामा सार्वजनिक यायातात सञ्चालन भए पनि यात्रुले सहज रूपमा आवतजावत गर्न सकिरहेका छैनन्। सार्वजनिक यातायात चढ्नका लागि सहज छैन। त्यसैले कोषले दिगो शहरी यातायात योजना ल्याउँदै छ। हाल सञ्चानलमा पुराना बसहरू विस्थापित गरेर व्यवस्थित बसहरू सञ्चालन गर्ने सोच बनाएका छौं। बस सञ्चालनका लागि एउटा छुट्टै कम्पनी बनाउने योजना अगाडि सारिएको छ। बस व्यवसायीहरूमार्फत् नै राम्रो यातायातको सेवा दिनका लागि पहल शुरू हुन लागेको छ। काठमाडौंको गोंगबुदेखि कोटेश्वरसम्म पहिलो चरणमा पाइलट प्रोजेक्टका रूपमा नमुना परियोजना सञ्चालन गर्ने योजना बनाएका छौं। यो योजनलाई प्रभावकारी रूपमा अगाडि बढाउदा सफल बनाउन सकिएको खण्डमा देशभरि नै यो योजना सञ्चालन गर्न सहज हुन्छ।

**यो काम त यातायात व्यवस्था विभागको काम होइन र ?**

यातायात व्यवस्था विभागसँग समन्वय गरेर पुरानो बस हटाएर नयाँ बस सञ्चालन गर्ने हो। यस वर्ष नै यो काम अगाडि बढ्छ। दुई चार महिनाभित्र काम नै शुरू हुन्छ। यातायात व्यवस्था विभाग, विश्व बैंक, सडक विभाग र नगर विकास कोषको सहकार्यमा कार्यक्रम अगाडि बढ्छ। पुराना बस हटाउनका लागि सरकारले गृहकार्य गरिरहेको छ। उचित व्यवस्थापन गरेर यातायात व्यवसायीलाई नयाँ बस खरिद गर्न असी प्रतिशत ऋण उपलब्ध गराउँछ।

**कोषले सञ्चालन गरेको आयोजना समयमा नै सम्पन्न नहुने समस्या छ नि ?**

समयमा नै काम सम्पन्न नहुने यो परम्परा नै बनिसकेको छ। विभिन्न कारणले निर्माण कार्य ढिला हुन पुगेको अहिलेको यथार्थ हो। त्यसलाई कसरी सुधार गर्न सकिन्छ ? के गर्दा निर्माण कार्यमा तीव्रता आउँछ ? किन ढिलो भयो ? चाँडो बनाउन के सहयोग गर्नुपर्छ ? त्यसका लागि सम्बन्धित नगरपालिका, निर्माण व्यवसायी र नगर विकास कोषको बीचमा कार्यशाला नै आयोजना गर्ने तयारी गरिएको छ। यसबाट आउने निष्कर्षकै आधारमा काम अगाडि बढाउँछौं। निर्माण कार्यमा हुने ढिलासुस्ती राम्रो पक्ष होइन। यसको सुधारका लागि कोषले प्रभावकारी कार्यक्रम अगाडि बढाउँछ। हाल कोषको लगानीमा करिब तीन सयभन्दा बढी योजनाहरू सञ्चालनमा छन्।

**सबै नगरपालिकामा कोषको उपस्थिति छ ?**

शुरूको ५८ वटा नगरपालिकामा कोषको उपस्थिति रहेको थियो। पछि क्रमशः नगरपालिको संख्या बढ्दै जाँदा सबै नगरपालिकामा हामी पुग्न सकेका छैनौं। नगर विकास कोषको स्थापना नै नगरपालिकाको उत्थानका लागि हो। पुग्न बाँकी रहेको सबै नगरपालिकामा नगर विकास कोष स्थापना गर्ने तयारी छ।

**गाउँपालिकाहरूमा चाहिँ कोषले काम गर्छ कि गर्दैन ?**

नगरपालिकाको संख्या ठूलो छ। शुरूमा सबै नगरपालिकामा पुग्ने चुनौती छ। नगरोन्मुख गाउँपालिकामा पनि जान सकिने प्रावधान छ। विगतमा पनि केही गाविसमा कार्यक्रम सञ्चालन गरिएको थियो। मुख्य प्राथमिकता नगरपालिकामा हो। कोषका लागि सरकार विभिन्न दातृ निकाय र कोषले नै विभिन्न विकास निर्माणको काममा लागानी गर्दै आएको छ।

## कोतपाटी विवाद

# सर्वोच्चको आदेशविपरीत व्यापारीकरण

सुनील महर्जन

पाटन संग्रहालय विकास समितिले सर्वोच्च अदालतको आदेशलाई अटेर गर्दै पाटन दरबार क्षेत्रस्थित कोतपाटीको पसल कवल सञ्चालनमा ल्याएको छ।

ललितपुर महानगरपालिका साविकको ११ र हालको १२ को हःखास्थित कि नं २ क्षेत्रफल ९ आना २ पैसाको जग्गामा ३३ वटा (कोतपाटी) कवलहरू रहेका छन्। सो पाटी धार्मिक, सांस्कृतिक तथा ऐतिहासिक रूपले महत्त्वपूर्ण मानिँदै आएको छ। विश्व सम्पदा सूचीमा सूचीकृत सो कोतपाटीको ३३ वटा पसल कवलमध्ये १२ वटा धार्मिक सांस्कृतिक रीतिस्थिति सञ्चालनका लागि खाली राख्न सर्वोच्चले आदेश दिएको थियो। बाँकी १८ वटा कवलहरू १५ वर्षका लागि व्यावसायिक प्रयोजनका निम्ति बहालमा दिने कार्य शुरू गरिएको छ।

ती कवलमा बिक्री सामान राख्दा नेपाली हस्तकलाका परम्परागत तथा आधुनिक सामग्रीहरू, पर्यटकीय वस्तुहरू, नेपाललाई विश्व समुदायमा चिनाउने धातुकला, मूर्तिकला, प्रस्तरकला, पौभा थांका, पस्मिना, गलैंचा, परम्परागत गरगहना र कागजबाट निर्मित सामानहरूबाहेक अन्य कुनै पनि सामग्रीहरू बिक्री गर्न नपाइने भन्ने अदालतको आदेशमा उल्लेख गरिएको छ।

अहिले कोतपाटीका १८ कवल बहालमा दिन समितिले बीपीएस लिजिङ मेनेजमेन्टलाई ठेक्का दिइएको छ। ठेकेदार कम्पनी बीपीएसलाई प्रत्येक वर्ष १० प्रतिशतका दरले भाडा रकम वृद्धि हुने गरी आव २०७४ र ७५ का लागि १९ लाख २३ हजार ४ रुपियाँमा ठेक्का दिइएको हो। बीपीएसले ठेक्का पाएको १८ पसल कवलमध्ये ४ वटामा हिमालय जाभा कफी सप नामक पसल सञ्चालनमा ल्याइएको छ।

समितिअन्तर्गतको सो पुरातात्त्विक महत्त्वका कोतपाटीमा ठेकेदारले मापदण्डविपरीत पसल कवल सञ्चालनमा ल्याउँदा पनि संग्रहालय टुलुटुलु हेरेर बसेको भन्दै हःखा टोल सुधार संघले आपत्ति जनाएको छ।

पसल राखेदेखि पार्किङका लागि छुट्टयाइएको ठाउँ खाली गर्ने अनेक खेलहरू रचिएको पनि स्थानीयको बुझाइ रहेको छ। 'एक त हस्तकलाका लागि भनेर पसल राख्न अदालतले आदेश दिने। अनि कफी सप राख्न मिल्छ?' -हःखाका स्थानीयबासी ईश्वरराज शाक्यले भन्नुभयो।

विकास समितिका निमित्त कार्यकारी निर्देशक सुरेश लाखेले हिमालय जाबा कफी सप पर्यटकीय वस्तुहरू अन्तर्गत रहेकाले पसल राख्न दिएको जानकारी दिनुभयो। अधिकृत लाखेले फुड स्टल पनि डेभलप होस् भनेर हिमालय जाभा कफीलाई खोल्न अनुमति दिएको बताउनुभयो। 'कोतपाटीमा खोलिएका सामग्रीले मुलुकलाई विश्व समुदायमा चिनाउने




उद्देश्य हो,' उहाँले भन्नुभयो- 'हिमालय जाभा पनि विश्वमा चिनाउने नेपाली सामग्री हो।'

त्यसै गरी पाटन संग्रहालय विकास समितिको कार्यालय रहने भनिएको तीनवटा कवल पनि अदालतको आदेशविपरीत व्यापारिक प्रयोजनका लागि प्रयोग गर्ने विषयमा समितिले छलफल गरिरहेको बुझिएको छ। यो कार्य अदालतको आदेशविपरीत रहेको हःखा टोल सुधार समितिका अध्यक्ष शरणकुमार शाक्यले बताउनुभयो। 'भन्ने बेला कार्यालय सञ्चालनका लागि भन्ने, अनि एटीएम मेसिन राखेर व्यापारिक प्रयोग गर्ने मानसिकता बनाउने, यो त अदालतको आदेशविपरीत रहेको छ' - शाक्यले भन्नुभयो।

२०७३ भदौ १६ मा सर्वोच्चले दिएको आदेश पालना गर्नुको सट्टा समितिले धार्मिक, सांस्कृतिक कार्यका लागि छुटयाइएको १२ मध्ये ९ वटा पसललाई भाडामा दिने भनेर तीनवटा निकायलाई सम्झौताका लागि पत्राचार गरेको बुझिएको छ।

हःखा टोल सुधार संघले संग्रहालयले सम्झौताका लागि पठाएको पत्रप्रति आपत्ति जनाएको छ। संघका अध्यक्ष शाक्यले सर्वोच्चको निर्णयपछि भित्रभित्रै नौवटा कवलको शुल्क लिएर दिन लागेको आरोप लगाउनुभयो। समितिले तीनवटा ज्यापू समाज, तीनवटा महानगरपालिका र तीनवटा हःखा टोलका लागि भनी छुट्याएको छ।

'यस कार्यले सरासर अदालतको मानहानि भएको छ' -उहाँले यसबारेमा संग्रहालय विकास समितिलाई ध्यानाकर्षण गराइसकेको बताउनुभयो। 'अझ पनि आदेश कार्यान्वयन नभएमा फैसला कार्यान्वयनका लागि अघि बढ्नेछौं', उहाँले भन्नुभयो- 'नभए अख्तियार दुरुपयोग अनुसन्धान आयोगमा पनि जान बाध्य हुन्छौं।'

संग्रहालयका कार्यकारी अधिकृत लाखेले नौवटा कवल भाडामा लगाउने बारेमा सर्वोच्च अदालतमा रिट पर्नुअघि नै टेन्डर आह्वान भइसकेको जानकारी दिनुभयो।

'कोतपाटी संरक्षणको नाममा अधिकार जमाउन खोजेको देखिन्छ', कार्यकारी अधिकृत लाखेले भन्नुभयो- 'ज्यापू समाजले माग गरेअनुसार समाजको संग्रहालय प्रवर्द्धन गर्ने उद्देश्यले तीनवटा कवल, हःखा टोलकै महिला समूहको मागअनुसार तीनवटा कवल महानगरमार्फत् दिन लागेको हो।'

अहिले सो कवल खुला राखिएको छ। तर अध्यक्ष शाक्यले सर्वोच्चको फैसला अनुरूप नै धार्मिक सांस्कृतिक कार्यका लागि नौवटा कवल खुला राख्नुपर्ने स्थानीयको माग रहेको बताउनुभयो। 'धार्मिक, सांस्कृतिक कार्यक्रम गर्न केही कवल खुला राख्नुपर्दछ। हःखा टोलले मात्र नभई जोसुकैले खुला कवलमा सार्वजनिक महत्त्वका कार्यक्रमहरू गर्नुपर्ने हुन्छ' -अध्यक्ष शाक्यले भन्नुभयो।

वैशाख १२ गतेको विनाशकारी भूकम्पछि पीडित स्थानीयबासी महिनौं दिनसम्म सो स्थानमा आश्रय लिएका थिए। भूकम्पले महानगरीय प्रहरी प्रभाग मंगलबजारको कार्यालय क्षतिग्रस्त भएपछि त्यहाँको प्रहरीहरू कोतपाटीमा आश्रय लिएका थिए। 'यसको आधारमा पनि ती कवल खुला हुनुपर्नेमा स्थानीयको दुईमत छैन' - शाक्यले भन्नुभयो।

संघका अनुसार धार्मिक कार्यका लागि छुट्याएको कवलमा इन्द्रजात्राको बेला समयबजी बाँध्ने, मच्छिन्द्रनाथ रथ तान्दा बिग्रिँदा मच्छिन्द्रनाथको मूर्ति राख्न, पञ्चदान गर्दा दिपंकर तथागत बुद्धमूर्ति र दशैंमा धनु बजाउने प्रयोग हुने ठाउँ हो। त्यस्तै तीनवटा कवलमा दोलखाबाट देवता साधना गरी ल्याइएको भीमसेनको मूर्ति स्थापना गरिएको छ। जुन संरक्षणका लागि पुरातत्त्व विभागअन्तर्गतको दरबार हेरचाह तथा स्मारक संरक्षण कार्यालय ललितपुरले हःखा टोलबासीलाई जिम्मा लगाएको छ।

सो कोतपाटी विसं १७३५ मा राजा श्रीनिवास मल्लले दरबारको पूर्वी किल्लाको रूपमा कोतपाटी निर्माण गरेको पुरातत्त्व विभागद्वारा प्रकाशित स्मारकहरूको वर्गीकरणमा पुस्तकमा उल्लेख गरिएको छ। यस कोतपाटीको पश्चिमतर्फ दोलखाबाट आह्वान गरेर श्री दोलखा भीमसेनको मूर्ति स्थापना गरिएको छ। यस कोतपाटीमा ३२ कवलहरू रहेको छ। स्थानीय वयोवृद्धहरूका अनुसार ३२ राजलक्षणको प्रतीकका रूपमा यहाँको ३२ कवल रहेको र एक/एक कवल एक/एक लक्षणको रूपमा रहेका छन्। यस पार्टीको डबलीमा २००७ सालपछिसम्म पनि श्रीपञ्चमीको दिन वसन्तरागको धुन र दशैंमा मालश्री रागको धुन सुनाउने परम्परा रहेको छ।


GAJABKO
OFFERS FOR YOU
SAMSUNG S8
Rs. 88,900
SAMSUNG GALAXY S7 EDGE
Rs. 76,900
SAMSUNG GALAXY NOTE 5
Rs. 62,900
SAMSUNG GALAXY J7 PRIME
Rs. 26,490
COLORS WIN W10
Rs. 14,665
COLORS P-85
Rs. 9,995
COLORS PRIDE P-50
Rs. 8,495
COLORS PRIDE P-5 CHAMP
Rs. 3,895
MI MIX
Rs. 94,999
MI 6
Rs. 54,999
XIAOMI MI 5S PLUS
Rs. 52,999
XIAOMI MI MAX
Rs. 31,999
GIONEE ELIFE E8
Rs. 54,999
GIONEE A1 PLUS
Rs. 44,999
GIONEE S6 PRO
Rs. 34,999
GIONEE P7 MAX
Rs. 18,999
GoldStar
Our Price Rs. 1000
Market Rate Rs.1100
Our Price Rs. 520
Market Rate Rs.600
GoldStar
Our Price Rs. 575
Market Rate Rs.650
GoldStar
Our Price Rs. 599
Market Rate Rs.700
www.facebook.com/gajabko
www.twitter.com/gajabko
www.instagram.com/gajabko
9840171355
gajabko.com
soon to be
Nepal's largest online store.

# विचार

असम्भव भन्ने शब्द मेरो शब्दकोशमा छैन।
– नेपोलियन बोनापार्ट

दीनहीन जीवन कायरले मात्र जिउने गर्छ, के तपाई कायर हो ?
– माइकल फराडे

## सम्पादकीय

नेपाल समाचारपत्र NEPAL SAMACHARPATRA

# कानुन हातमा लिनु अपराध

केही समययता नियम–कानुन हातमा लिएर दुःख दिने प्रवृत्तिबाट धेरै व्यक्ति र संस्थाहरुले अनावश्यक दुःख पाइरहेका समाचार प्रकाशमा आउने गरेका छन् । काठमाडौंस्थित जुद्ध वारुणयन्त्रअगाडि शुक्रपथमा नियम–कानुनको परिधिमा रही बनिरहेको क्रिस्टल भवनबारे पछिल्लो समयमा सार्वजनिक भएको विवादले यस कुरालाई थप पुष्टि गरेको छ।

सम्बन्धित निकाय महानगरपालिकाको स्वीकृत नक्साअनुसार बनिरहेको उक्त क्रिस्टल भवन निर्माण गर्न नदिन केही स्थानीय व्यक्तिले कानुन हातमा लिएर अवरोध पुऱ्याइरहेको समाचारबाट सम्बन्धित सबै निकायको ध्यानाकर्षण हुनु जरुरी छ । पुरानो इतिहास बोकेको नयाँ सडककै एउटा गर्विलो होटललाई अझ परिस्कृतरुपमा नेपाली संस्कृति झल्कने गरी पुरातात्विक हिसाबमा बनाउन लागेको देखिन्छ। यस किसिमको निर्माणमा स्थानीयले झन् गर्वका साथ सहयोग गर्नुपर्ने हो । सरकार स्वयंले निर्माण गर्न नसकिरहेको भूकम्पले क्षतिग्रस्त मन्दिरहरुको भग्नावशेषले कुरुपजस्तो देखिइरहेको सांस्कृतिक र ऐतिहासिक महत्वको दरबार स्क्वायरमा कुनै स्थानीयले आफ्नै निजी खर्चबाट एउटा सुन्दर भवन बनाउँछु भन्दा स्थानीयवासी झन् खुशी हुनुपर्ने होइन र ?

हो, यस्तो महत्वपूर्ण स्थानमा कसैले आफ्नो निजी स्वार्थ सिद्ध गर्न सरकारी जग्गा मिचेर, सरकारको मापदण्ड विपरीत भवन निर्माण गर्न खोजेको भए सबैभन्दा पहिले स्थानीय नै उठेर विरोध गर्नु उनीहरुको कर्तव्य हो । तर, यहाँ त घर निर्माणको स्वीकृति दिने निकाय महानगरपालिका र पुरातत्व विभागका जिम्मेवार पदाधिकारीहरुले समेत नियम–कानुनबमोजिम भवन निर्माण भइरहेको जानकारी गराइसक्दा पनि विरोध हुनु भनेको 'बाँदरले न आफ्नो घर बनाउँछ, न अरुको नै बनाउन दिन्छ ?' भन्ने उखानजस्तै हो । ७ तलाको पुरानो भवन भत्काएर ४ तलाको बनाउँछु भन्दा पनि सुख नदिने जमातको नियत यसै पनि सफा नभएको स्पष्ट हुन्छ ।

हाल निर्माण भइरहेको सो भवनको उचाइ करिब ४२ फिट मात्रै हुने जानकारीमा आएको छ। नेपाल सरकारको हनुमानढोका संरक्षित स्मारक क्षेत्रमा हुने संरक्षण एवं मापदण्ड २०६४ को दफा ४ को ४ दशमलव २ नम्बर बुँदामा परम्परागत शैलीमा निर्मित पुराना घरहरुको उचाइ ३५ फिटभन्दा बढी रहे पनि त्यस्ता घरहरुको पुनर्निर्माण गर्दा साबिककै उचाइलाई कायम राखी पुनर्निर्माण गर्न दिइने स्पष्ट उल्लेख छ । यस प्रावधानभित्रै रही निर्माणाधीन उक्त भवनको विरोध गर्नु भनेको कानुनलाई आफ्नो हातमा लिएर अराजकता फैलाउनुजस्तै हो । तसर्थ यसरी कानुन आफ्नो हातमा लिएर विकासको बाटोमा अवरोध सिर्जना गर्ने जो–कोही भए पनि उनीहरुलाई हतोत्साही गर्ने काम सरकारी निकाय जिल्ला प्रशासन कार्यालयको भएकाले यसमा सम्बन्धित निकायको यथाशीघ्र ध्यान जानु जरुरी देखिन्छ ।

**लेखकहरूलाई अनुरोध**

१२०० शब्दसम्मका उत्कृष्ट लेख–रचना एवम् छोटा पाठक–पत्रहरू निम्न ठेगानामा पठाउनुहुन अनुरोध गरिन्छ।

email : samacharpatrac@gmail.com, lekh_rachana@yahoo.com

# सांसदलाई पेन्सन जनतालाई टेन्सन



सानुराजा पुरी

> इलेक्सन (निर्वाचन) र सेलेक्सन (नियुक्ति) लाई एउटै डालोमा राखेर हेर्ने अनि राष्ट्रसेवकले पेन्सन पाउने हामीले किन नपाउने भनी तर्क राख्ने सांसदहरुका विषयमा लाख बहस गर्न सकिएला। तर यो तर्कहीन, विवेकहीन र नैतिक धरातलसमेत कमजोर रहेको कुरा व्यवस्थापिका संसद्मा सदस्यहरुबीचको जुहारीले प्रस्ट पारिसकेको छ। स्वेच्छाचारी एवं विभेदकारी ऐन संसद्बाट पास नगरियोस्।

संविधानको सर्वोच्चता जनताको सार्वभौमिकतामा र न्यायपालिकाको सर्वोच्चता संविधानको सर्वोच्चतामा निर्भर गर्दछ। आजको युग संवैधानिक सर्वोच्चताको युग, विधिको शासनको युग। तलब भत्ता लिने-दिने वर्तमान आवश्यकता, व्यक्तिको कार्यक्षमता वृद्धि एवं जीवन निर्वाहको साधन पनि हो। पेन्सन भनेको भविष्यको आवश्यकताभित्र पर्दछ। हरेक मानिसले आफ्नो ऊर्जाशील समय कुनै कुनै रुपमा खर्च गरिरहेको हुन्छ। राजनीतिज्ञ (नेता) वा राष्ट्रसेवक कर्मचारीहरुले जीवनको अत्यन्त ऊर्जाशील समय राज्य र जनताको लागि सेवाभावले समर्पित गरेको मानिन्छ, भलै उनीहरुले त्यसो नगरेको किन नहोस्। राष्ट्रसेवक कर्मचारी वा राजनीतिक क्षेत्रबाट विभिन्न उच्च ओहदामा पुगेका व्यक्तिलाई सेवानिवृत्त भएपछि सेवा-सुविधा दिनु राज्यको गौरव र प्रतिष्ठाको विषय पनि हो। राज्यका विशिष्ट व्यक्तिलाई दिने सेवा-सुविधाको विषयमा प्रस्ट कानुनी मापदण्ड आवश्यक हुन्छ।

पूर्वविशिष्ट व्यक्तिलाई राज्यले आजीवन सेवा-सुविधा दिने निर्णय गरेपछि कानुन निर्माता सांसदहरुको आँखा राज्यको सेवा-सुविधातर्फ सोझिएको छ। राजनीतिमा लागेका ५ वर्षको लागि चुनाव जितेका माननीयज्यूहरु आजीवन सेवा-सुविधा लिने दाउमा देखिनुभएको छ। व्यवस्थापिका-संसद्को आयु अब करिब दुई महिना मात्र बाँकी छ। यसबीचमा व्यवस्थापिका-संसद्का माननीयज्यूहरुले आफूहरुलाई विशिष्ट महानुभावको सूचीमा दर्ता गराउन सेवा-सुविधा हत्याउन लबिङ शुरु गर्नुभएको छ। संसद्को राज्य व्यवस्था समितिमा पूर्वविशिष्ट व्यक्तिहरुको लागि सेवा-सुविधा दिन विधेयकमाथि गहन छलफलभन्दा पनि सांसदहरु आफैं त्यो सेवा-सुविधा कुन तरिकाले आफूले पाउन सकिन्छ, त्यो बाटो खोजिरहनु भएको छ।

संयोग वा विडम्बना, पाठकले यसलाई जुनरुपमा बुझे पनि हुन्छ, २०५६ सालमा पूर्वसांसदहरुलाई पेन्सन पाउने ऐन बनाउँदा प्रम शेरबहादुर देउवा नै हुनुहुन्थ्यो, आज पनि पेन्सनको बहसमा प्रम उहाँ नै हुनुहुन्छ। २०५६ सालको सो ऐनलाई निस्तेज बनाउने काममा भ्रष्टाचारविरुद्धका अभियन्ता भरत जंगमले २०५६ असार १३ गते सम्मानित सर्वोच्च अदालतमा रिट दायर गर्नुभएको थियो। उक्त रिटको मिति २०५७ कार्तिक १६ गते सर्वोच्च अदालतबाट सांसदले पेन्सन पाउने व्यवस्था बदर गरेको थियो। जसबाट अर्बौं रकम बचेको थियो। त्यस्तै गरी पूर्वपदाधिकारीहरुको सुविधा र सुरक्षासम्बन्धी अध्यादेश २०६९ सालमा आउँदा भरत जंगमको रिटबाट २०७० साल फागुन २२ गते अध्यादेश बदर भएको थियो। पटक-पटक विधायकहरुबाट आफूलाई आफैंले सेवा-सुविधाको घोषणा गर्ने र सर्वोच्च अदालतबाट बदर गराउँदै जानुपर्ने अवस्था आएको दुई दशकभन्दा बढी समय भयो।

वर्तमान व्यवस्थापिका-ससद्को अन्तिम म्याद २०७४ माघ ७ गते आइतबारसम्म रहेको छ। नेपालको सविधान २०७२ धारा २९६ (१) मा 'व्यवस्थापिका संसद्को कार्यकाल २०७४ माघ ७ गतेसम्म रहनेछ, तर कार्यकाल पूरा हुनुअगावै संविधानबमोजिम प्रतिनिधिसभाको निर्वाचन हुने भएमा त्यस्तो निर्वाचनका लागि उम्मेदवारी मनोनयनपत्र दाखिला गर्ने अघिल्लो दिनसम्म व्यवस्थापिका-संसद् कायम रहनेछ' भनिएको छ। संवैधानिक व्यवस्थालाई मध्यनजर राख्दा प्रतिनिधिसभाको निर्वाचन मंसिर १० र २१ मा घोषणा भैसकेको सन्दर्भमा कार्तिक दोस्रो सातासम्ममा उम्मेदवारी दर्ता हुने भएकोले व्यवस्थापिका संसद्को आयु अब करिब १ महिना १० दिन मात्र हो। यसबीचमा राज्य ढुकुटीबाट केही लिने दाउमा देखिए माननीयज्यूहरु।

पूर्वविशिष्ट व्यक्तिहरुको लागि तयार गरिँदै गरेको सेवा-सुविधा विभिन्न नाममा आउन सक्ने देखिएको छ। पूर्वविशिष्ट व्यक्तिलाई विशेष भत्ता वा अन्य यस्तै नाम दिई ऐन बनाउने तयारी भैरहेको छ। जे-जस्तो नाममा आए पनि उक्त सुविधा निवृत्तिभरण नै हो। नेपाली शब्दकोषमा निवृत्ति भन्नाले समय सकिएको स्थिति, कार्यकाल सकिएको र भरण भनेको कुनै स्थायी कर्मचारीले नोकरीको निश्चित अवधि पूरा गरेर अवकाश पाएपछि सम्बन्धित कार्यालयबाट आजीवन पाउने निर्वाह भत्ता पेन्सन भनी व्याख्या गरेको छ। देशको राष्ट्रिय जीवनमा उल्लेख्य कार्य गर्ने व्यक्तिलाई वा राष्ट्रसेवक कर्मचारीलाई यस्तो सुविधा दिनुपर्दछ। पूर्वविशिष्ट पदाधिकारी कस-कसलाई जनाउने भनी कानुनमा प्रस्टसँग व्याख्या हुनुपर्दछ। राजनीतिक व्यक्तिहरु पदबाट हट्न सक्छन्, हटिरहेका पनि होलान् तर उनीहरुलाई राजनीतिबाट अवकाश भने दिइएको छैन। यस्ता व्यक्तिहरुलाई सेवानिवृत्त सुविधा किन ? प्रजातन्त्रको पुनर्स्थापनापछि अर्थात् २०४७ सालपछिका प्रम, मन्त्री, सांसद आदि कोही पनि सेवानिवृत्त हुनुभएको छैन। उहाँहरु राजनीतिबाट टाढा जान सक्नुभएको छैन। चुनाव जित्दा कुनै नै कुनै पदमा बसी राज्यकोषबाट सुविधा लिइरहनुभएको छ। सेवानिवृत्त भनेको यही हो त ?

देशको लागि आवश्यक कानुन निर्माण गर्ने निकाय यति बेला आफ्नो लागि सेवा-सुविधा कसरी लिने भन्ने दाउमा फसेको छ। राजनीति भनेको नियुक्तबाट पाइने पद होइन, यो पद भनेको निर्वाचनबाट जनताले निर्वाचित गराउने पद हो। तर हाम्रा माननीयज्यूहरुले यस पदको गरिमा, मान-सम्मान राख्न नसक्दा सेवानिवृत्त भत्ताको आशा गरिरहनुभएको छ। नेता भएर एकपटक पदमा पुगेपछि आजीवन दुःख नगर्ने परम्पराको थालनी गर्न माननीयज्यूहरुले खोजिराख्नुभएको छ। प्रधानमन्त्री, उपप्रधानमन्त्री, मन्त्री र सांसद भएकै कारण गाडी-इन्धन सुविधा लिँदै राज्यकोषको दुरुपयोग गरेको विषयमा समय-समयमा सर्वोच्च अदालतबाट सचेत गराएको अवस्थामा पनि फेरि विशिष्ट व्यक्तिलाई सुविधा दिने ऐन बनाउन लागिएको नेपाली जनताको लागि दुःखद विषय हो। विदेशी ऋण र नेपाली जनताले तिरेको करमाथि ब्रह्मलुट हुँदै गरेको अवस्थामा नेपाली जनताले टुलुटुलु हेरेर बस्ने अथवा सामाजिक सञ्जालमा आक्रोश व्यक्त गर्नेबाहेक केही गर्न सकिएको छैन।

राष्ट्रसेवक कर्मचारी र राजनीतिक पद फरक-फरक प्रकृतिको पद हो भनी हामीले माननीयज्यूहरुलाई सम्झाउनु नपर्ला ? एउटा राष्ट्रसेवक कर्मचारीले कानुनबमोजिमको परीक्षा पास गरी आफ्नो जीवनको अमूल्य ऊर्जाशील समय खर्च गरेर जीवन चालाइरहेको हुन्छ। उसले निवृत्तिभरण पाउने समय भनेको २० वर्ष सेवाअवधि पार गरेपछि वा ५८ वर्ष उमेर भएपछि हो। सेवाबाट अवकाश भएपछि मात्र उसले पेन्सन पाउँछ। अब राजनीति गर्ने नेताहरुको अवस्था विचार गरौं। राजनीति गर्ने कोही पनि नेता मृत्युपर्यन्त राजनीतिबाट अवकाश पाएको अवस्था छैन। निर्वाचनको माध्यमबाट ५ वर्षको लागि निर्वाचित जनप्रतिनिधिले पाँच वर्ष कार्यकाल पूरा गरिसकेपछि फेरि चुनाव हुन्छ अनि सांसद, मन्त्री, प्रम आदि हुँदै आएको अवस्थामा अवकाश नलिएका व्यक्तिहरुलाई कसरी सेवानिवृत्त मानी पेन्सन दिन सकिएला ?

हाल विवादस्पद विधेयकको रुपमा रहेको विशिष्ट व्यक्तिहरुलाई सेवा-सुविधा दिन तयार गरिएको मस्यौदामा माननीयज्यूहरुले पेन्सन पाउनुपर्ने जिकिर र विदेशी राष्ट्रहरुको व्यवस्थालाई नजिरको रुपमा प्रस्तुत गर्नुभएको रहेछ। भारत, क्यानडा, अमेरिका र बेलायतको उदाहरण प्रस्तुत गर्दा ती देशमा सांसदहरुले पेन्सन पाउने नजिर सही हो। संसदीय व्यवस्थाको जननी देश बेलायतमा वा अन्य देशमा सांसदले पाउने निश्चित रकम कट्टा गरी सरकारले पनि सोमा केही रकम थप गरेर कोषको व्यवस्था गरेको हुन्छ। सोही आधारमा सासदलाई पेन्सन दिने व्यवस्था गरिएको हो। यस तथ्यलाई माननीयज्यूहरुले बुझ्नुभएकै होला भन्ने लाग्छ। तर हाम्रा माननीयहरुले किन कोष खडा गर्नुभएन र अन्तिम क्षणमा आएर पेन्सन पाउनुपर्ने जिकिर गर्दै हुनुहुन्छ ? कर्मचारीहरुलाई पेन्सन कसरी दिइन्छ ? त्यसको जानकारी माननीयज्यूहरुलाई होला भन्ने लागेको छ।

राज्यको स्रोत-साधनले धान्दा बेरोजगार, ज्येष्ठ नागरिक, अशक्त सबैलाई सुविधा दिनुपर्दछ। तर राज्यले नसक्ने अवस्थामा निर्वाचन जितेकै आधारमा कानुन बनाउने स्थानमा रहेको बेला आजीवन सुविधा खोज्नु देश र जनताप्रतिको गम्भीर बेइमानी हो। राजनीति पनि नछाड्ने, निर्वाचनमा भाग लिइरहने, हार-जीतको लागि सधैँ तयार रहने अनि पेन्सन सुविधा लिन खोज्ने कति अचम्मको मुलुक। इलेक्सन (निर्वाचन) र सेलेक्सन (नियुक्ति) लाई एउटै डालोमा राखेर हेर्ने अनि राष्ट्रसेवकले पेन्सन पाउने हामीले किन नपाउने भनी तर्क राख्ने सांसदहरुका विषयमा लाख बहस गर्न सकिएला। तर यो तर्कहीन, विवेकहीन र नैतिक धरातलसमेत कमजोर रहेको कुरा व्यवस्थापिका संसद्मा सदस्यहरुबीचको जुहारीले प्रस्ट पारिसकेको छ। स्वेच्छाचारी एवं विभेदकारी ऐन संसद्बाट पास नगरियोस्।

(लेखक पुरी अधिवक्ता हुनुहुन्छ।)

## पाठक पत्र

### दशैंमा लामो रूटका बस थपिनुपर्छ

विगतका दशैंहरुमा देशभर झन्डै १ हजार सार्वजनिक बस थपिन्थे। तर, यो वर्ष त्यसको २५ प्रतिशत पनि बस नथपिएको समाचार बाहिर आएको छ। काठमाडौं आउजाउ गर्ने रुटमा मुस्किलले ५०/६० वटा नयाँ बस थपिएको समाचारले तनाव बनाएको छ, कतै टिकट नपाएर समस्यामा पो परिने हो कि भनेर। व्यवसायीले विगतदेखि नै दशैंमा चलाउने गरी बस किन्ने गरेका थिए। यो समयमा बस किनेर चलाउँदा शुरुवातमै राम्रो कमाइ हुने भएकाले नयाँ बस हाल्न उपयुक्त मानिन्छ। तर, यसपटक व्यवसायीहरुले उल्लेख्य बस खरिद नगरेको देखिएको छ।

राष्ट्र बैंकले लगानीयोग्य पुँजी अभावको कारण देखाउँदै अटो लोनको सीमा बढाउँदा त्यसको ठूलो प्रभाव सार्वजनिक यातायात विस्तारमा परेको देखिएको छ। सार्वजनिक सवारीलाई निजी सवारीकै डालोमा राखेर नीति लिँदा समस्या भएको अवस्था छ। सार्वजनिक सवारीको प्रवर्द्धनका लागि सहुलियत व्याजदरमा ऋण व्यवस्था गर्नुपर्नेमा डाउन पेमेन्टमा ठूलो हिस्सा समावेश गर्दा लगानी गर्न नसकिएको अवस्था छ। अहिलेको मौद्रिक नीतिले पनि ४० सिटभन्दा ठूला सवारीलाई मात्रै २० प्रतिशत डाउन पेमेन्ट भनेकोले पनि समस्या भएको हुन सक्छ। त्यति मात्रै हैन, बिग्रेका सडकले गर्दा पनि नयाँ बस थपिएका छैनन्। सरकारले यो विषयमा ध्यान दिन जरुरी छ। सकेसम्म धेरै बस राखेर सुविधा दिनु जरुरी छ। दशैं-तिहारजस्तो चाडमा सरकार चनाखो भएर काम नगरेमा जनताले दुःख पाउनेछन्।

*- सुरज केसी, महेन्द्रनगर / हाल : काठमाडौं कीर्तिपुर*

### कालोबजारी नियन्त्रण होस्

अरु बेला मतलव नगरिने र चाडपर्वको बेलामा मात्र अनुगमनको नौटंकी रच्ने सरकारी पाराले उपभोक्ता सधैं ठगिनुपरेको अवस्था छ। उपभोक्ताप्रतिको दायित्वबोध गर्ने परिपाटी हाम्रो राज्यको नहुँदा समस्या सिर्जना भएको छ। दशैं, तिहार तथा छट पर्वको अवसरमा उपभोक्तालाई राहत दिन भन्दै खाद्य संस्थानदेखि साल्ट ट्रेडिङ कर्पोरेसनलाई समेत सरकारले केही जिम्मा दिएको छ। सहुलियत पसलको नाममा यसरी दिँदा उपभोक्तालाई राहत भए त धरै राम्रो हो, तर त्यो सबै सेवा गाउँ-गाउँमा पुग्न सकेको छैन। सीमित कामहरु दिएर सामान्य राहतको बास्ना छर्न मात्रै यसो भएको जस्तो लागेको छ।

जिल्ला-जिल्लामा खोलिएका सहुलियत दरका पसलहरु सामान्य गाउँघरका उपभोक्ताको अँगेनोसम्म पुग्यो भने त्यो सकारात्मक मान्नुपर्छ। खाद्य संस्थानले मासुको बजारलाई सहज बनाउन आफ्नो तयारी गरिरहेको छ भने साल्ट ट्रेडिङ कर्पोरेसनले नून, चिनी र तेलजस्ता अत्यावश्यक दैनिक उपभोग्य वस्तुहरुको सहुलियत पसल सञ्चालन गरिरहेको छ। मौका छोपेर हुने कालोबजारी तथा कृत्रिम अभावलाई चिर्न यो राज्यको तर्फबाट भएको सकारात्मक कदम हो। यसको विरोध गर्न खोजेको हैन तर सरकारले बजारमा कालोबजारी नियन्त्रणमा ध्यान दिए सबै जनताले राहत पाउने थिए। सस्तो लोकप्रियताका लागि यस्ता पसल खोल्ने अनि कालोबजारी गर्नेसँग दोस्ती गाँसेर कमिसनको खेल चलाउँदा जनता मारमा परेका हुन्।

अर्को कुरा, राज्यले नचाहेरै यस्तो काम भएको छ। यदि राज्यले चाहेको खण्डमा दैनिक उपभोग्य वस्तु तथा सेवामा उपभोक्ताहरुलाई बिचौलियाहरुको उपस्थितिविना नै गुणस्तरीय वस्तुको वितरण गर्न सक्छ। जुन सस्तो बजारले देखाउँदै आएको छ तर सस्तो लोकप्रियताको लागि मात्रै समय पर्खेर दिइने यो कस्तो खालको सेवा हो ? यसलाई निरन्तररुपमा सञ्चालन गर्न सक्नुपर्छ। हुन त पहिरोले नपुरेसम्म उद्धार गर्न चाहिने सामान्य खालको साधन कोदालीको सम्म व्यवस्था नगर्ने, डुबान नपरेसम्म खाद्यान्न सञ्चित नगर्ने राज्यका निकायसँग आश गर्ने ठाउँ नै छैन। राज्यले उत्तरदायी संयन्त्रको निर्माण गर्दै आफ्ना कर्मचारीको उचित परिचालन मात्रै गर्ने हो भने दशैंको बेला सस्तोमा पाइने चिनी साउनको भेलमा पनि सस्तो मूल्यमा उपभोक्तासम्म पुग्ने कुरामा दुई मत छैन।

खाद्य संस्थान, दुग्ध संस्थानजस्ता संस्थानहरुलाई उत्तरदायी र जिम्मेवार बनाउने हो भने खसीबोकाको किनबेच गर्न र १ धार्नी मासु सहुलियतमा खान उपभोक्ताले दशैं कुर्नुपर्दैन। चाडपर्वको समय मिलाएर राज्यले राहतका कार्यक्रम त ल्याएको छ तर त्यसको उपलब्धताको मापन पनि आवश्यक छ। खाद्य संस्थानले उपलब्ध गराउने खसीबोका तथा साल्ट ट्रेडिङ कर्पोरेसनले उपलब्ध गराउने नून-चिनी दूरदराजमा जाँदैन। साना शहर तथा सदरमुकाममा मात्रै सञ्चालनमा रहेका त्यस्ता सहुलियतका कार्यक्रमले फेरि पनि उनै बिचौलियाहरुको मोजमस्ती चल्ने निश्चित प्रायः छ।

साल्ट ट्रेडिङ कर्पोरेसनले सस्तोमा बेचेको चिनी उपभोक्तासम्म पुग्दा महँगो पनि पर्न सक्छ। सरकारले लगानी उपभोक्ताका लागि गरेको हो। उसको लगानी व्यवसायीका लागि हैन। उपभोक्ताको नाम पारेर व्यापारी नै मोटाउने दिन आयो भने त्यो फेरि सरकारी काम बालुवामा पानी हुनेछ। नेपाल सरकारले चाडबाडमा मात्रै नभएर सधैं यस्तो किसिमका सस्ता पसल सञ्चालन गर्ने र कालोबजारी नियन्त्रण गर्न विभिन्न योजना लिनु जरुरी छ। साधन-स्रोत र संयन्त्र हुँदाहुँदै उदासीनता देखाउनु नेपाली जनताका लागि मान्य हुँदैन।

*- शंकर पौडेल, कीर्तिपुर, काठमाडौं*

## सामाजिक सञ्जाल



सांसदलाई नैतिकता र इमानदारिताले धेरै नदेला तर सबैका अघि शिर ठाडो पार्ने हिम्मत दिन्छ।

**NARAYAN KAFLE**
**@kaflepost**



दरबारमार्गमा किन्ने राजसी घरानालाई २६ सयको माल २६ हजारमा लिन दिनुस्। तर यो नाफाले दुर्गम गोरेटोका व्यक्तिले २६० मा किन्न पाऊन्। अनि पो उचित न्याय होला।

**छुचो मुखे**
**@kcganesh8**



चुनावअघिको प्रचारप्रसार देख्दा लाग्छ– देशमा ठूलो क्रान्ति हुँदै छ। तर जब चुनाव सकिन्छ, देश खेल सकिएपछिको रंगशाला र जनता दर्शकमै सीमित रहन्छन्।

**फिलोसोफर हरि**
**@Hary_Dhakal**

> आयोगले संयुक्त चुनावी ¬यालीका आयोजक नेपाली कांग्रेस, धनुषाका जिल्ला सभापति र नेकपा माओवादी केन्द्र, धनुषा जिल्ला इन्चार्जलाई निर्वाचन आचारसंहिता उल्लङ्घन गरेउपर कारबाही किन गर्नुनपर्ने हो भन्दै २४ घन्टाभित्र आयोगसमक्ष स्पष्टिकरण पेश गर्न बेग्लाबेग्लै निर्देशन दिएको छ।

# प्रधानमन्त्री सहभागी कार्यक्रममै बालबालिका प्रयोग

**नेपाल समाचारपत्र**
काठमाडौं

स्थानीय तहको तेस्रो चरणको निर्वाचन नजिकिँदै गर्दा निर्वाचन प्रचारप्रसारमा आचारसंहिताविपरीत विभिन्न स्थानमा बालबालिका प्रयोग भएको पाइएको छ।

निर्वाचन प्रचारप्रसारका क्रममा बालबालिकाको प्रयोग भइरहेको जानकारी आयोगलाई प्राप्त भएको बताइएको छ। सिरहाको धनगढी नगरपालिकाको जिरो माइलमा आयोजित नेपाली कांग्रेसको चुनावी सभामा पार्टीका सभापति तथा प्रधानमन्त्री शेरबहादुर देउवालाई स्वागत गर्न बालबालिकाको प्रयोग गरिएको पाइएको छ। यस विषयमा निर्वाचन आयोगले बुधबार नेपाली कांग्रेस सिरहा जिल्ला सभापतिलाई २४ घण्टे स्पष्टिकरण सोधेको छ।

त्यसै गरी, धनुषाको मिथिला नगरपालिका लालगढमा मंगलबार नेपाली कांग्रेस र नेकपा माओवादी केन्द्रले निकालेको संयुक्त चुनावी ¬यालीमा दलको झण्डा बोकेर बालबालिकालाई प्रचारप्रसारमा खटाइएको जानकारी पनि आयोगलाई प्राप्त भएको छ। सो क्रियाकलाप निर्वाचन आचारसंहिताविपरीत भएको आयोगका प्रवक्ता नवराज ढकालले नेपाल समाचारपत्रलाई जानकारी दिनुभयो।

आयोगले संयुक्त चुनावी ¬यालीका आयोजक नेपाली कांग्रेस, धनुषाका जिल्ला सभापति र नेकपा माओवादी केन्द्र, धनुषा जिल्ला इन्चार्जलाई निर्वाचन आचारसंहिता उल्लङ्घन गरेउपर कारबाही किन गर्नुनपर्ने हो भन्दै २४ घन्टाभित्र आयोगसमक्ष स्पष्टिकरण पेश गर्न बेग्लाबेग्लै निर्देशन दिएको छ।

त्यस्तै गत आइतबार धनुषामा नेपाली कांग्रेसले आयोजना गरेको चुनावी कार्यक्रममा पूर्वउपप्रधानमन्त्री एवं नेपाली कांग्रेसका नेता विमलेन्द्र निधिले नेपाली कांग्रेसको निर्वाचन चिह्न अङ्कित गम्छा लगाई सहभागी भएको जानकारी आयोगलाई प्राप्त भएको छ। पार्टीको चुनाव चिह्न अङ्कित गम्छा स्वयम् पूर्वउपप्रधानमन्त्रीले लगाई चुनावी कार्यक्रममा सहभागी हुने क्रियाकलाप निर्वाचन आचारसंहिताविपरीत भएको आयोगको ठम्याइ रहेको छ।

निधिलाई पनि २४ घण्टे स्पष्टिकरण सोधेको आयोगले जनाएको छ। निर्वाचनका क्रममा विशेषत: आचारसंहिता उल्लंघनका थुप्रै घटना हुने गरेको पनि आयोगका प्रवक्ता ढकालले जानकारी दिनुभयो।

आयोगका अनुसार निर्वाचन प्रचारप्रसारको क्रममा आचारसंहिताविपरीत तोकिएको संख्याभन्दा बढी गाडी प्रयोग भएको, गाडी, मोटरसाइकल, रिक्सा र साइकलको ¬यालीसहितको जुलस प्रदर्शन गरिएको, निर्वाचन चिह्न अङ्कित टोपी, टिसर्ट, झोला, गम्छा, स्टिकर आदिको प्रयोग भएको पनि पाइएको छ।

त्यसै गरी ठूलो आवाजमा माइक बझाइ चुनावी प्रचारप्रसार गरिएको, भित्ते लेखन गरिएको, तोकिएको आकारभन्दा ठूलो ब्यानर, फ्लेक्स प्रिन्ट, तुल आदिको प्रयोग भएको, सार्वजनिक स्थलमा पोस्टर टाँस्ने गरिएको, तोकिएको भन्दा ठूला आकारका झण्डा प्रयोग गरिएको पनि आयोगले जनाएको छ। यस्ता क्रियाकलापलाई तुरुन्त रोक लगाइ निर्वाचन आचारसंहिताको पूर्णपालना गर्न/गराउन निर्वाचन आयोगले प्रमुख सात राजनीतिक दलसँग आग्रह गरेको छ।

आयोगले बुधबार नेपाली कांग्रेस, नेकपा एमाले, नेकपा माओवादी केन्द्र, राष्ट्रिय प्रजातन्त्र पार्टी, संघीय समाजवादी फोरम नेपाल, नेपाल लोकतान्त्रिक फोरम र राष्ट्रिय जनता पार्टी नेपाललाई छुट्टाछुट्टै पत्र पठाइ आचारसंहिताको पूर्णपालना गर्न/गराउन आग्रह गरेको हो।

# सेनाले गऱ्यो सडक मर्मत



काठमाडौं, (नेस)

महिनामा परेको अविरल वर्षापछि प्रदेश नम्बर २ का बाढीबाट प्रभावित ८ जिल्लाका सडक, पुल, कलभर्ट तथा बाटोहरु मरमत कार्यलाई नेपाली सेनाले तीव्रता दिएको छ। आगामी असोज २ गते हुने तेस्रो चरणको स्थानीय निर्वाचनका क्रममा सर्वसाधारण जनताहरुलाई मतदान केन्द्रहरुसम्म पुग्ने पहुँच मार्ग तथा सडकहरु सुचारु गर्न स्थानीय निकायहरुसँगको सहकार्यमा नेपाली सेनाले मरर्मत तथा स्तरोन्नति गर्ने बुधबार सम्पन्न गरेको छ।

नेपाली सेनाबाट मर्मत तथा स्तरोन्नति गर्ने काम भदौ १२ गतेदेखि सैनिक टोलीहरुले पर्सा, बारा, रौतहट, सर्लाही, महोत्तर, धनुषा, सिरहा र सप्तरीमा सडक मर्मत तथा स्तरोन्नति गरेको हो। प्रदेश नम्बर २ को ८ वटा जिल्लामा सडक, पुल र कल्भर्ट मर्मत तथा स्तरोन्नति गर्ने कार्यका लागि खटिएको सैनिक टोलीले ४०.६८ किलो मिटर सडक, ३ वटा पुल र २१ वटा कल्भर्टहरु मर्मत तथा स्तरोन्नति गरेको थियो।

# सार्वजनिक यातायातमा महिलामाथि दुर्व्यवहार गर्ने पक्राउ

काठमाडौं, (नेस)

उपत्यकामा सार्वजनिक यातायातलाई महिलामैत्री बनाउने उद्देश्यले महानगरीय प्रहरी कार्यालय, रानीपोखरीले गत श्रावण १८ गतेबाट शुरू गरेको 'सेफ्टी पिन अभियान' अन्तर्गत एक महिनाको अवधिमा ७१ जना पक्राउ परेका छन्।

सार्वजनिक यातायातमा महिला तथा बालबालिकामाथि हुने यौनजन्य दुर्व्यवहारलाई न्यूनीकरण गरी उनीहरुका लागि सुरक्षित यात्रा गर्ने वातावरण बनाउन प्रहरीले ३३ वटा टोली बनाइ उपत्यकामा गुड्ने विभिन्न सार्वजनिक सवारी साधनमा सादा पोसाकमा निरन्तर रूपमा प्रहरी परिचालन गर्दै आएको छ।

उपत्यकामा चल्ने सवारी साधनमा दुर्व्यवहार गर्नेलाई नियन्त्रणमा लिने क्रममा काठमाडौंबाट ६१ तथा ललितपुर र भक्तपुरबाट ५/५ जना पक्राउ परेका हुन्। सो अभियानअन्तर्गत यौनजन्य दुर्व्यवहार र अपशब्द गालीगलौज गर्ने ४८, अश्लिल हर्कत गर्ने १० र अन्य ५ जना, सार्वजनिक सवारी साधनमा पाकेट मार्ने ८ जनालाई नियन्त्रणमा लिएकोमा हिंसाको गाम्भीर्यताअनुसार २४ जनालाई मुद्दा चलाइएको र ४७ जनालाई यस्तो कार्य नदोहोरिने गरी आफन्तको जिम्मा लगाइएको सो कार्यालयले जनाएको छ।

यौनजन्य दुर्व्यवहार र गालीगलौज गर्ने ४८ मध्ये सबैभन्दा बढी साधारण लेखपढ जानेको ३८ जना छन् भने स्नातकोत्तर गरेका १ जनासमेत रहेका छन्। यस्तो हिंसाजन्य क्रियाकलापमा १५ देखि २५ वर्ष उमेर समूहको बाहुल्यता रहेको देखिन्छ।

यो अभियान ३ महिनासम्म निरन्तर सञ्चालन हुने र त्यसपछि आवश्यकताअनुसार सञ्चालन हुने भएकोले निर्धक्कसँग उजुरी गरे पीडितको गोपनियतालाई कायम राख्दै तुरुन्तै कारबाही गर्ने सो कार्यालयले जनाएको छ। उजुरीका लागि प्रहरीको हटलाइन १०० वा ९८५१२८९१११ मा खबर गर्न सकिनेछ।

# ताम्राकारको परिवारलाई न्याय नदिइए आन्दोलन

**नेपाल समाचापत्र**
काठमाडौं




बाइकर्स संघ नेपालले गत भदौ ७ गते नेपाल विद्युत् प्राधिकरण अगाडि भएको दुर्घटनामा मारिएका गौतम ताम्राकारको परिवारलाई उचित न्यायका लागि आन्दोलन गर्ने चेतावनी दिएको छ।

बाइकर्स संघ नेपालले बुधबार पत्रकार सम्मेलन गरेर उक्त दुर्घटनामा मारिएका ताम्राकारको उचित न्याय र प्रभावकारी सवारी ऐन निर्माणका लागि कडा आन्दोलन गर्ने चेतावनी दिएको हो।

संघका सचिव मोदनाथ भण्डारीले ताम्राकार दुर्घटनाको नाममा हत्याको शिकार भएको टिप्पणी गरे। कार्यक्रममा मृतक ताम्राकारकी श्रीमती अनिता ताम्राकारले दुर्घटनाको नाममा आफ्ना श्रीमान्को हत्या भएको आरोप लगाइन्।

गोठाटार यातायातको गाडीको ठक्करबाट सडक किनारमा पल्टिएको स्कुटरको पछाडि रहेकी श्रीमती ताम्राकारले गाडीले ठक्कर दिएको अवस्थामा श्रीमान्लाई कुनै पनि चोट नलागेको स्पष्ट पारिन्। उनले अघि थपिन्- 'जतिबेला दुर्घटना भएको थियो, त्यतिबेला उहाँलाई केही भएको थिएन, तर बलजफ्ती गाडी चालकले ढलेको स्कुटरमाथि गाडी चलाएर हत्या गरियो।'

# कोषमा कोरियन कम्पनीको सहयोग

काठमाडौं, (नेस)

दक्षिण कोरियाको साउथ-इस्ट पावर कम्पनीले प्रधानमन्त्री दैवीप्रकोप उद्धार कोषमा १ करोड रुपियाँभन्दा बढीको आर्थिक सहयोग उपलब्ध गराएको छ। सो कम्पनीले १ करोड २ लाख ५७ हजार ८ सय ७१ रुपियाँ सहयोग हस्तान्तरण गरेको हो।

उपप्रधान एवं परराष्ट्र मन्त्री कृष्णबहादुर महरामार्फत सरकारलाई सो कम्पनीका अध्यक्ष तथा प्रमुख कार्यकारी अधिकृत च्याङ जाई वनले बुधबार रकम हस्तान्तरण गर्नुभएको हो। मन्त्री महराले नेपालका बाढीपीडित परिवारलाई कम्पनीले सहयोग गरेकोमा प्रशंसा गर्दै सोही कम्पनीको पहलमा निर्माणाधीन माथिल्लो त्रिशुली-ए परियोजनाका बारेमा चासो व्यक्त गर्नुभएको महराका प्रेस संयोजक हरि लामिछानेले जानकारी दिनुभयो।

२ सय १६ मेगावाटको सो परियोजनाको निर्माण कार्य २ वर्षअघिको भूकम्पका कारणले केही समय अवरुद्ध रहे पनि अहिले द्रूत रूपमा अघि बढेको कम्पनीका अध्यक्ष वनले महरालाई अवगत गराउनुभएको थियो। सो परियोजनबाट उत्पादित विद्युत् खरिद सम्झौदा(पीपीए)लाई अघि बढाइदिन वानले आग्रह गर्नुभएको बताइएको छ।

# इन्डोनेसियामा नेपालको अवैतनिक दूतावास

काठमाडौं, (नेस)

सरकारले राजतन्त्रात्मक मुलुक इन्डोनेसियामा अवैतनिक महावाणिज्य दूतावास सञ्चालनमा ल्याएको छ। सो मुलुकका नेपाली राजदूत निरञ्जन मानसिंह बस्न्यात र कम्बोडियाका सहायक गभर्नर मारुल्ला मतालीले बुधबार संयुक्त रूपमा वाणिज्य दूतावासको उद्घाटन गर्नुभयो।

मलेसियाका लागि नेपाली राजदूत रहनुभएका बस्न्यात सो मुलुकका लागिसमेत राजदूत रहनुभएको छ। अवैतनिक दूतावासको शुभारम्भ भएसँगै नेपाल-इन्डोनेसियाबीच व्यापार, लगानी, पर्यटन र जन-जनको सम्बन्ध अझ निकट बन्ने बस्न्यातको विश्वास छ।

सन् १९६० मा द्विपक्षीय सम्बन्ध स्थापना भएपछि दुवै मुलुकको सम्बन्धले औपचारिकता पाएको थियो, अब झनै त्यो सम्बन्ध फराकिलो बन्ने छ' -उहाँको भनाइ उद्धृत गर्दै मलेसियास्थित नेपाली दूतावासले जारी गरेको विज्ञप्तिमा उल्लेख छ।

सो दूतावास स्रोतकाअनुसार नेपालले विदेशबाट सामग्री आयात गर्ने चौथो सूचीमा इन्डोनेसिया छ। सो मुलुकका व्यवसायी बाली सापुत्रा डातुक जनोसाती त्यहाँका वाणिज्यदूत नियुक्त हुनुभएको बताइएको छ।

# २० हजार डलर बरामद

काठमाडौं, (नेस)

कागेश्वरी मनहरा बस्ने मकवानपुरको बसामाडी-६ का निमा रिन्जिन र सिन्धुपाल्चोकको फुलपिङकोट-३ का राज कार्कीलाई अमेरिकी डलर १ सय दरका १ सय ८८ थान र ५० दरका २४ थान गरी जम्मा २० हजार अमेरिकी डलरसहित मंगलबार प्रहरीले पक्राउ गरेको छ। कागेश्वरी मनहरा नगरपालिका-८ गोठाटारस्थित बागमती पुलमा बा१९ प ६०५६ नम्बरको मोटरसाइकलमा सवार निमा र राजलाई जाँच गर्ने क्रममा उक्त अमेरिकी डलर फेला परेको हो।

# बाघको छालासहित समातिए

काठमाडौं, (नेस)

कैलालीको बलिया-५ बस्ने सुर्खेतको चिसापानी-५ का प्रेमबहादुर शाहीलाई १ थान बाघको छालासहित बुढानीलकण्ठ नगरपालिका-८ गणेश चोकबाट प्रहरी प्रधानकार्यालय केन्द्रीय अनुसन्धान ब्यूरो महाराजगन्जको प्रहरीले बुधबार पक्राउ गरेको छ। वन्यजन्तुसँग सम्बन्धित अपराध अनुसन्धानका लागि सो ब्यूरोबाट खटिएको प्रहरी टोलीले उनलाई संरक्षित वन्यजन्तु बाघको छालासहित पक्राउ गरी आवश्यक कानुनी कारबाहीका लागि जिल्ला वन कार्यालय काठमाडौंमा बुझाएको ब्यूरोले जनाएको छ।

## सिनेमा कर्नर










**माउन्ट मकालु यातायात सेवा**
काठमाडौं-बिर्तामोड-ताप्लेजुङ
प्रस्थान दिउँसो २ बजे
केन्द्रीय कार्यालय, कलंकी
सम्पर्क फोन : ४२७७५५२, ४२७९६१३

## आजको राशि

ज्यो. चन्द्रेश शर्मा

**मेष** : पैसा प्राप्ति, मान-सम्मान, बढुवा, गरेका काम सफल हुने।
**वृष** : धननाश, मानसिक तनाव, व्यर्थको खर्च, व्यापारमा बाधा।
**मिथुन** : उपहार मिल्ने, व्यापार-ठेक्कापट्टामा सफलता, आर्थिक लाभ।
**कर्कट** : दुर्घटनाबाट चोटपटकको भय, पढाइमा असफलता, धनहानि।
**सिंह** : सुख-शान्ति, धनलाभ, उत्तम परिकार प्राप्ति, इष्टमित्रको सहयोग।
**कन्या** : कार्यसिद्धि, विविध वस्तु वा सेवाको प्राप्ति, शारीरिक स्वस्थता।
**तुला** : राज्यभय, इज्जत-प्रतिष्ठामा धक्का, पढाइ वा काममा बाधा।
**वृश्चिक** : गर्न लागेको काममा बाधा-व्यवधान, धन र समयको नोक्सानी।
**धनु** : समस्या समाधान हुने, यश-कीर्ति बढ्ने, वाहन-सुख, धनलाभ।
**मकर** : पढाइ, प्रतियोगिता, मुद्दामामिला आदिमा विजय, धनलाभ।
**कुम्भ** : कार्यनाश, स्वास्थ्य बाधा, पारिवारिक विवाद, कष्ट, चिन्ता।
**मीन** : आफन्तमा विवाद, दौडधुप, दिनचर्या अस्तव्यस्त, झुटो आरोप।

# नेपाल

मदिरा तथा लागूऔषधको सेवनका कारण ५० प्रतिशतभन्दा बढी अपराधका घटना हुने बताउँदै इलाका प्रहरी कार्यालय बुटवलका प्रहरी नायब उपरीक्षक भट्टराईले अवैध मदिरा र लागूऔषध सेवन तथा कारोबारलाई विशेष निगरानीमा राखिएको बताउनुभयो।

## पहिरोमा १५ सय कुखुरा पुरिए

**चिरञ्जीवी मास्के, दोलखा**

मंगलबार रातिको अविरल वर्षाका कारण दोलखा भीमेश्वर नगरपालिका वडा नम्बर ६ पाटीखोलामा रहेको ओम गणेश टहरा भएको ठाउँमा पसेर पहिरो गएको थियो। केही दिनअघि मात्र ल्याएको १५ सय वटा कुखुराका चल्ला पहिरोले पुरेको ओम गणेश पोल्ट्रिफर्मका सञ्चालक दीपेन्द्र कार्की र सुस्मा कार्कीले बताए। लाखबराबरको नोक्सानी भएको सञ्चालक दीपेन्द्र कार्कीले बताए।

नाला थुनिएर पहिरो गएपछि भीमेश्वर नगरपालिका वडा नम्बर ६ को सक्रियतामा बुधबार नाला सफा गरिएको थियो। सडक स्तरोन्नतिको



पोल्ट्रिफर्मको कुखुरा राख्ने टहरा पहिरोले बगाउँदा १५ सय वटा कुखुराका चल्ला पुरिएका छन्।

डिभिजन सडक कार्यालयले लामोसाँगु-जिरी सडकको नाला सफा नगर्दा नाला थुनिएर पानीको भल कुखुराका चल्ला प्रतिगोटा २ सय रूपियाँमा बिक्री वितरण हुँदै आएको थियो।

पहिरोले टहरा बगाउँदा १५ सय वटा कुखुराका चल्ला, दाना, भाँडावर्तनलगायत पुरिंदा झन्डै ६ काम भइरहेको र सो क्रममा सडक नालामा अवरोध नपुऱ्याउन डिभिजन सडक कार्यालयलाई भनिएको भीमेश्वर नगरपालिका वडा नम्बर ६ का वडा अध्यक्ष नवीन लामाले बताए।

## यात्रुलाई लुटिनबाट जोगाउन प्रहरीको नयाँ सुरक्षा योजना

बुटवल, (नेस)

नजिकिँदै गरेका चाडपर्वलाई लक्षित गरेर प्रहरीले सुरक्षा योजना बनाएर काम अगाडि बढाएको छ। चाडपर्वका बेला नागरिकको यात्रा सहज बनाउन र चोरीचकारी तथा ठगी नियन्त्रण गर्नका लागि प्रहरीले विशेष सुरक्षा योजना बनाएको हो।

चाडपर्वका समयमा हुन सक्ने सम्भावित आपराधिक गतिविधि नियन्त्रण तथा दुर्घटना रोक्नका लागि प्रहरीको उपस्थिति र सूचना संकलनको कामलाई प्रहरीले प्रभावकारी बनाएको जनाएको छ।

सुरक्षा योजनाअनुसार जिल्लामा रहेका बस पार्कहरूमा नागरिक सहायताकक्ष सञ्चालन गरेको छ भने रात्रिकालीन हाइवे गस्तिलाई प्रभावकारी रूपमा अगाडि बढाइएको जिल्ला प्रहरी कार्यालय रूपन्देहीका प्रहरी नायव उपरीक्षक धर्मराज भण्डारीले बताउनुभयो। उहाँका अनुसार चाडपर्वका समयमा लागूऔषध ओसारपसार तथा विष्फोटक पदार्थ आयात बढ्ने भएकाले प्रहरीले सीमानाकामा कडाइका साथ चेकजाँच गर्नेछ।

चोरीचकारी तथा लुटपाट नियन्त्रणका लागि प्रहरीले आर्थिक कारोबार हुने क्षेत्र तथा सुन पसलहरूमा निगरानी बढाएको छ। प्रहरीले सञ्चालन गरेका चेकपोष्टहरूलाई सघन रूपमा सञ्चालन गर्ने र सूचना संकलनलाई प्रभावकारी बनाइएको इलाका प्रहरी कार्यालय बुटवलका प्रहरी नायव उपरीक्षक पवनकुमार भट्टराईले जानकारी दिनुभयो।

उहाँका अनुसार हाइवे क्षेत्रमा अपराधिक गतिविधि नियन्त्रणका लागि विशेष चेकपोइन्ट सञ्चालन गर्नुका साथै सिभिलमा समेत प्रहरी परिचालन गरिएको छ।

मदिरा तथा लागूऔषधको सेवनका कारण ५० प्रतिशतभन्दा बढी अपराधका घटना हुने बताउँदै इलाका प्रहरी कार्यालय बुटवलका प्रहरी नायब उपरीक्षक भट्टराईले अवैध मदिरा र लागूऔषध सेवन तथा कारोबारलाई विशेष निगरानीमा राखिएको बताउनुभयो। नागरिकको शान्ति सुरक्षालाई प्रभावकारी बनाउनका लागि प्रहरीले क्विक रेसपोन्स गर्ने र १५ मिनेटभित्रै प्रहरी पुऱ्याउने उहाँले बताउनुभयो। प्रहरीले आपराधिक गतिविधि हुने सम्भावित क्षेत्रलाई बढी निगरानीमा राखेर त्यस्ता स्थानका बारेमा बढीभन्दा बढी सूचना संकलन गर्ने र आवश्यकताअनुसार बर्दी मै तथा सिभिलमा प्रहरी परिचालन गर्ने प्रहरीले जनाएको छ।

त्यस्तै लामो दूरीमा चल्ने सवारीसाधनमा चालक निदाएर, थाकेर, मादक पदार्थ सेवन गरेर, सिट क्षमताभन्दा बढी यात्रु राखेर सवारी सञ्चालन गर्दा दुर्घटना हुने भएकाले पश्चिम क्षेत्रीय ट्राफिक प्रहरी कार्यालय बुटवलले त्यस्ता गतिविधिलाई निरुत्साहित गर्नका लागि पश्चिमाञ्चल क्षेत्रका ३ स्थानमा रिफ्लेक्ट सेन्टर सञ्चालन गरेको छ।

## बस र जिप ठोक्किँदा ५ जना घाइते

**नेपाल समाचारपत्र**

बैतडी

दशरथचन्द राजमार्गअन्तर्गत बैतडीको दशरथचन्द नगरपालिका २ देहिमाडौं बजारनजिक बुधबार बस र जिप एक आपसमा ठोक्किँदा ५ जना घाइते भएका छन्। घाइतेमध्ये २ जनाको अवस्था गम्भीर रहेको छ।

गम्भीर घाइते हुनेमा दशरथचन्द नगरपालिका-१ का ३५ वर्षीय डम्मरदत्त भट्ट र बर्दिया शिवपुर-५ घर भई हाल गुरुखोला स्वास्थ्य चौकीमा कार्यरत अनमी टीका दाहाल रहेका जिल्ला प्रहरी कार्यालय बैतडीका प्रमुख प्रहरी नायव उपरीक्षक हेरम्ब शर्माले जानकारी दिनुभयो। गम्भीर घाइतेको जिल्ला अस्पताल बैतडीमा उपचार हुन नसक्दा काठमाडौं रिफर गरिएको उहाँले बताउनुभयो। अन्य घाइतेमा दशरथचन्द नगरपालिका-६ का ५० वर्षीय ध्वजराम लुहार, दनपा-४ का ४४ वर्षीय भानी ऐर र दनपा-४ कै गोमती ऐरको जिल्ला अस्पताल बैतडीमा उपचार भइरहेको छ।

बैतडी सदरमुकामबाट पाटनका लागि छुटेको महाकाली यातायातको ना२ख ७६०६ नम्बरको बस र सतबाँझबाट सदरमुकामका लागि छुटेको म१ज १२९ नम्बरको जीप देहीमाडौं बजारनजिक घुसल्ला मोडमा एक आपसमा ठोक्किएका हुन्।

तीव्र गतिका कारण मोडमा जीप र बस एक आपसमा ठोक्किएका प्रहरीले बताएको छ। बस र जीपका चालकलाई प्रहरीले नियन्त्रणमा लिएको छ।

यसैबीच बैतडीको दुर्गम सिगास गाउँपालिकामा गएराति एक घरमा आगलागी हुँदा ४ लाख ५० धामीले जानकारी दिनुभयो। आगलागीबाट २२ हजार नगद, २० किलोग्राम घ्युसहित खाद्यान्न, लत्ताकपडा, भाँडाकुँडालगायतका सामग्री जलेर नष्ट भएको उहाँले बताउनुभयो। गएराति भान्साबाट सल्केको आगो घरमा लागेको थियो। घरमा लागेको आगो



हजारबराबरको क्षती भएको छ।

सिगास गाउँपालिका-८ शिवलिङ धुराका खीमासिंह ऐरको २ कोठे २ तले पक्की घरमा आगलागी हुँदा उक्त क्षती भएको शिवलिङ प्रहरी चौकीका इन्चार्ज प्रहरी सहायक निरीक्षक कल्यानसिंह राति १ बजे मात्रै स्थानीय बासिन्दाले नियन्त्रणमा लिएका थिए। आगलागीबाट मानवीय तथा पशुचौपायामा भने कुनै क्षती भएको छैन। घरमा आगलागी भएपछि खीमासिंह ऐरको परिवार अहिले छिमेकीका घरमा बसिरहेको छ।


## वर्गीकृत डिस्प्ले



बोरिङ्ग इनारको रातो पहेलो पानीलाई शुद्ध र सफा गरिन्छ।

जलपादेवी वाटर सोलुशन
फोन नं:- ९८५१०६९३९२, ९८५१०२१०३८

**जग्गा विक्रीमा**

का.म.पा १९ कंकेश्वरी मन्दिरसँगै, डल्लु पुलबाट टेकु जाने लिंकरोडमा जोडिएको स्कुल, कलेज, अस्पताल, व्यापारिक मल, हलको लागि अति उपयोगी ५ रोपनी जग्गा विक्रिमा छ।

सम्पर्क नं.:- ९८४१३१४७८१

**आकर्षक घर घडेरी बिक्रीमा**

पोखरा लेखनाथ महानगरपालिका वडा नम्बर २६ मा ६ आना क्षेत्रफलमा बनेको गार्डेन पाकिङ सहितको साडे १ तले घर र सोहि महानगरपालिकाको १७ नम्बर आँखा अस्पताल नजिकै दुई तले ५ वटा सटर भयको मासिक ५० हजारसम्म भाडामा दिन सकिने घर सथै आकर्षक घडेरीहरु बिक्रीमा रहेका छन।

**सम्पर्क** :
९८०५८४९७७७,९८०५८०८४१३


## ३ हजार ३ सय गर्भवती कुपोषणको शिकार

हेटौंडा, (नेस)

भूकम्पपश्चात् गरिने पोषणसम्बन्धी पुनर्लाभ कार्यक्रम मकवानपुरमा सफल भएको दाबी गरिए पनि ३ हजार बढी बालबालिमा कुपोषित रहेको अध्ययनले देखाएको छ।

जिल्ला जनस्वास्थ्य कार्यालय र गैरसरकारी संस्था एसीएफले जिल्लाका विभिन्न स्थानमा पुगेर बालबालिकाको स्वास्थ्य परीक्षण गर्ने क्रममा ३ हजार बढीमा कुपोषण भेटिएको हो। जिल्ला जनस्वास्थ्य कार्यालय मकवानपुर र एसीएफको आयोजनामा भएको सञ्चारकर्मीका लागि एकदिने अभिमुखीकरणमा पुनर्लाभ कार्यक्रम सफल भएको आयोजकले जनाएको हो।

२०७३/०७४ मा पुनर्लाभ कार्यक्रममा सेवा पाएकामध्ये २ बालबालिकाको मृत्यु भएको छ। सर्वेक्षणअनुसार मकवानपुरमा ३ हजार ३ सय १२ गर्भवती र सुत्केरी कुपोषणको शिकार भएका छन्। ७ सय ६८ जना शीघ्र कुपोषणको शिकार भएका बालबालिका भएको र तीमध्ये ५ सय ४१ जना बालबालिकाको पुनर्लाभ कार्यक्रमले उपचार गरेको आयोजकले जनाएको छ।

## रातिमा मदिरा बेच्न नपाइने

गुल्मी, (नेस)

गुल्मीको धुर्कोट गाउँपालिकाले रातिको समयमा मदिरा बिक्री वितरणमा कडाइ गरेको छ। मदिराजन्य पदार्थबाट समाजको विकृति विसंगति बढावा हुने भन्दै गाउँपालिकाले मदिरा नियन्त्रणका लागि कडा निर्णय गरेको छ।

गाउँका कुनै घर पसलहरूमा साँझमा ८ बजेसम्म मात्रै मदिरा बेच्न पाइने निर्णय गरेको छ। रातको समयमा तोकिएको भन्दा अन्य समयमा मदिरा बेचविखन गरेको पाइए स्थानीय सरकारले जरिवाना गर्ने निर्णय गरेको गाउँपालिकाले जनाएको छ।

कसैले तोकेको समय अवधिभन्दा रातिमा अबेरसम्म मदिरा बिक्री वितरण गरे पसलसमेत बन्द गरिदिने गाउँपालिकाको बैठकले निर्णय भएको गाउँपालिका प्रमुख भुपाल पोखरेलले जानकारी दिए। 'समाजमा विकृति विसंगतिको कारकमध्ये मदिरा पनि एउटा पक्ष रहेको पाइयो', गाउँपालिका प्रमुख पोखरेलले भने- 'यसर्थ धुर्कोट गाउँपालिकाभित्र मदिरा साँझमा जम्मा दुई घन्टा बेच्न पाउने निर्णय गरियो।' यस अभियानलाई तीव्र पार्दै जाँदा अझ कम र सीमित पसललाई मात्र अनुमति दिन थप निर्णयसमेत पछि गर्न सकिने पोखरेलले बताए।


## वर्गीकृत विज्ञापन

**डिप्रेशन र माईग्रेनको सफल उपचार !!!**

- टाउको दुख्ने, चस्कने-घोच्ने, झुम्म हुने, रिङ्टा लाग्ने, कान कराउने डम्म हुने
- निन्द्रा नलाग्ने, झस्कने, निन्द्रामा बरबराउने, सपना नराम्रो देख्ने,
- डरलाग्ने, मुट हल्लने, आत्मबलको कमी, नर्भस हुने
- हातगोडा गल्ने, कमजोर महसुस हुने, हिनताबोध हुने
- डाह, छटपटि हुने, के गरौं कसो गरौं हुने, मर्न मनलाग्ने
- नकरात्मक सोच आउने, टोलाउने, हुलमा जान नसक्ने
- झर्को लाग्ने, चाँडै रिस उठ्ने, चाँडै बिर्सने
- धेरै आलस्य लाग्ने, रमाइलो गर्ने मन नलाग्ने, धेरै सुत्ने
- श्वास रोकिएला जस्तो हुने, गाह्रो हुने, केही भैहाल्ने होकी भनेर आत्तिने।
- हातखुट्टा पोल्ने, झमझम्याउने, निदाउने
- ग्यास्ट्रिक र स्टुलमा म्युकस देखिने समस्या
- पढ्नमा कन्सनट्रेशन नहुने र मेमोरी पावरको कमी पूर्ति गरिने
- पिसाब चाँडे चाँडो लाग्ने, मुख वा शरिर हप्प तात्ने, घाँटीमा अप्ठ्यारो भइरहने, हात वा शरिर काम्ने हुने
- औषधि खाँदा पनि निको नभएको प्रेशर समस्या ठिक पारिने
- औषधी खाँदा वा इन्सुलिन लिंदासमेत ठिक नभएको सुगर रोगी ठिक हुने
- आँखा पोल्ने, बिझाउने, सुख्खा हुने
- ढाड दुख्ने, नसा च्यापिएको, छाती मुटु दुख्ने, पेट दुख्ने, पोल्ने, डम हुने, खाएको नपच्ने निको हुने।

नोट : **कहीँबाट नभएकाहरूलाई पनि निको पारिने।**

उपचारमा नयाँ आविस्कार सम्बन्धी NTV+ बाट प्रत्येक सोमबार प्रसारण हुने कार्यक्रम बिहान ८:०० देखि ८:३० सम्म र प्रत्येक मंगलबार दिउँसो २:०० देखि २:३० बजेसम्म आउने कुरा सबैमा अवगत गराइन्छ।

युनिक मेडिटेशन सेन्टर
नारायणी पेट्रोल पम्प
रिङरोड, बाफल
४२७९५९५, ९८४९२२८०५९, ९८१३१२५५५८

**मर्मत**

अमूल्य समय, अनावश्यक खर्च र झन्झटबाट छुट्टकारा पाउन पन्चरसिल पन्चरप्रुफ प्रयोग गर्नुहोस् साथै लोडसेडिङको विकल्पको लागि ९५० VA देखि ६.५ KVA सम्मको I र III फेज जेनेरेटरहरु धमाधम बिक्री भइरहेको छ । डिलर चाहनेले र BULKमा लट नै उठाउँन चाहनेले पनि सम्पर्क राख्नुहोला ।

**उपलब्धी सुविधाहरु**

(१) मोटरसाइकल खरिद बिक्री।
(२) जेनेरेटर मर्मत होम सर्भिस।
(३) नयाँ जेनेरेटर बिक्री।
(४) इन्जिन मर्मत १०,००० किमि ग्यारेन्टी।
(५) डेन्टपेन्ट र रंगरोगन

**चाहियो**

मोटरसाइकल मिस्त्री र हेल्पर चाहियो।
**खान बस्नको सुविधासहित।**
If you are satisfied,
tell others
If not tell us.
**राजु मो-बाइक कन्सर्न**
न्यूप्लाजा, पुतलीसडक, काठमाडौं
फोन नं. ४४३१२८९, ५०१०५५०

**बाथ तथा दमको अचुक उपचार**

हिमाली जडीबुटीहरुको ११ वर्षको लगातार अनुसन्धानपश्चात् साध्य तथा असाध्य रोगमा अपूर्व सफलता।

बाथ एवं नसारोग : स्यालको बोसो, चौंरीको घियू, मूला बीउ, रायो बीउको तेलमा ५१ जडीबुटीलाई सिद्ध गरिएको मालिस तेल र ८१ जडीबुटीबाट निर्मित खाने औषधीबाट बाथमा सफलता।

दम : रूद्राक्षको जराको सत्व, कागतीको जराको सत्व, कण्टकारीको जराको सत्व, दशौं वर्ष पुरानो सख्खर (गुड) का साथमा १३ जडीबुटीलाई सिद्ध गरिएको औषधीबाट दममा सफलता।

मधुमेह : मधुमेह धातु (वीर्य क्षीण हुने) रोग पनि भएकाले वीर्य पुष्टिका लागि- गुर्जोको सत्व, कृष्णब्राम्ही, विमिरोको जराको सत्व, ओखरको तेल, बाँसको जराको सत्व, नीर बाबरीको दानालगायत ११ जडीबुटीबाट वीर्य पुष्टि एवं मधुमेहमा सफलता साथै ग्यास्ट्रिक, अल्सर, पुरानो आउँ, अल्काई, पिनास, पुरानो खोकी, प्यारालाईसिस, साइटिका, कम्मर-घुँडा दुख्ने, नसा च्यापिएको, हड्डी खिइएको, महिनावारीमा तल्लो पेट दुख्ने, श्वेतप्रदर, शीघ्रपतन, यौन अक्षमता, गानोगोला जस्ता सबै खाले पुराना रोगको सफल उपचार गरिन्छ।

**विशाल आयुर्वेद तथा ध्यान-दर्शन योगाभ्यास प्रशिक्षण आश्रम**
**महाराजगन्ज चक्रपथ, नारायणगोपाल चोक परमेश्वर मार्ग, आस्था कला केन्द्रसँगै (अमेरिकन एम्बेसीको अपोजिट साइडबाट ५-७ घर माथि आएपछि परमेश्वर मार्गमा छिर्ने)**
**फोन** : ४७२००४६
**मोबाइल** : ९८५१०७३५००



## नेपाल समाचारपत्र NEPAL SAMACHARPATRA को वर्गीकृत विज्ञापन तथा ग्राहक संकलन काउन्टरहरू

**काठमाडौं**
गोर्खा न्यूज एण्ड स्टेशनरी सोह्रखुट्टे, नयाँबजार, फोन : ४३५५७६०, ९८४१८८७७१६, फ्याक्स नं. : ४३८५३९९ ● स्मार्ट इन्भेष्टमेन्ट प्रोमोशन नेपाल, जोरपाटी, फोन नं. : ०१४९१३०१०, ९७४१०१७२५३ ● एस.एस. स्टेसनरी, बालाजु, ४३८०२३०, ४३८७२७५ ● बी.एन्ड.बी. स्टेशनरी एन्ड कम्युनिकेसन सेन्टर महाराजगन्ज फोन: ३७०७०५, फ्याक्स: ३७२७९९ ● जय बागेश्वरी कम्युनिकेसन जयबागेश्वरी, फोन : ४४६७०३४, २०१३९११, ४४६६६११, ४४७६८१७ ● योञ्जन कम्युनिकेसन विशालनगर ४-४१६५६१, ४-४३५१८७ ● वीडलिक मिडिया प्रा.लि. पुरानो बानेश्वर चोक, ४४९२३०९/२०१४९३२, ९८४३१०५७३८ ● किपु बुक प्वाइन्ट कीर्तिपुर ३३१७७५ ● कार्य विनायक बुक एन्ड स्टेसनरी ४२६७३२४ वसन्तपुर ● मनकामना कम्युनिकेसन चावहिल ४४६७८४७, फ्याक्स : ४४८६८१९ ● डी.के. बुक, भोटाहिटी २५२३२० ● माउण्टेन एयर एक्सपोर्ट एण्ड ट्रेडर्स जावलाखेल, बागडोल फोन : ५५५४७५५, ५५४३७१९ ● होराइजन कम्युनिकेसन गोंगबु नयाँ बसपार्क, फोन: ३५३९४१, फ्याक्स: ३५३९९६ ● ध्रुवको पसल डिल्लीबजार, फोन: ४३९२०१ ● पञ्चावती बुक्स एण्ड स्टेसनरी चावहिल चोक, फोन: ४८६५१३, ४-४८१४३६ ● पिपल्स बुक्स, पकनाजोल, २१८०४४, ४-२१२३८५ ● सार्वजनिक टेलिफोन, पब्लिक कन्ट्रयाक्ट प्वाइन्ट कालीमाटी चोक, फोन नं. : ४-६७४८०१ ● मनकामना गिफ्ट ग्यालरी वनस्थली ४३६४९२४ ● काष्ठमण्डप डिस्ट्रिब्युसन प्रा.लि. टेकु, काठमाडौं, फोन : २०१०८२१, ०१६२२०७८५, मो. ९८५१०७२००४ ● साइ म्युजिक एन्ड मुभिज नयाँ बानेश्वर, फोन : ४४६१३५५, ४४९३५१२ ● बाबा सपिङ प्वाइन्ट महाराजगन्ज फोन: ४-४२६५४५ ● न्यू पी.पी. बुक्स एन्ड ट्रेडर्स कलंकी चोक फोन: २८२४५१, २८०६७३, फ्याक्स: २८१८०२ ● कान्तिपुर फोटोकपी एण्ड स्टेसनरी सप्लाईर्स स्वयम्भु किमडोल, राईजी फोन: २८१०४५, मोबाइल : ९८१०-७०४३५ ● कम्युनिकेशन प्लस, क्षेत्रपाटी ढल्को फोन : २०२१९४८, ४-२६६७५१ सनम स्टेसनरी एण्ड जनरल सप्लाईर्स, सोह्रखुट्टे फोन: ३५८६४१ ● स्टुडेन्ट बुक्स एण्ड स्टेसनर्स जोरपाटी चोक (मिनिबस स्टप) फोन: ४७६६२८ ● विद्या बुक्स एन्ड स्टेसनरी लेखनाथमार्ग, ठमेल, फोन : ४४१३९५४ ● मिडिया एन्ड कम्युनिकेसन नेटवर्क पेप्सीकोला, फोन : ६६३७९१९, ४२४६९३५, ९८५११०६५७५ ● सन्ध्या बुक्स सेन्टर ४३१२५३१ (स्पेन्ट्र) थानकोट, इमाखेल (बसपार्क) नवीन बुक्स एन्ड स्टेशनरी, अनामनगर गौशाला बुक्स एन्ड स्टेशनरी, गौशाला, फोन: ४-४८३६१४ ● एमएस सेढाइ स्टेसनरी एन्ड बुक्स सेन्टर बसुन्धरा-९, काठमाडौं, ४३५६४७५ ● SEVEN EDUCATIONAL CONSULTANCY (P) Ltd . Putalisadak, Kathmandu, Phone : 4238020, 4-424615, P .O . Box : 24829 l Nepaltar Cyber &Communation Nepaltar, Kathmandu, Contact No : 01-4384875, 9841-419658 ● शिक्षा बुक्स एन्ड स्टेसनर्स सामाखुसी, काठमाडौं, ४३६५७७६, मोबाइल : ९८४१-४८३०९६ (नवराज अधिकारी) ● क्वीक कम्यूनिकेशन प्रा.लि., बालाजु, फोन नं. : ४-३८३४५२, फ्याक्स : ४-३८५४२६ स्वयम्भु कम्युनिकेशन, डल्लु, आवास, दयामान वज्राचार्य ९८४१२१९१७३ फोन : ४२७४६३३, ४२८९२६०

**ललितपुर**
हाम्रो टेलिफोन सेवा (ग्वार्को) ५५५०१२४, ५५२४०९८, ५५५५०९८, ९७४१०५१८६० ● ज्ञान स्टेनसरी, पाटनढोका, फोन: ५४५५९२ ● ललित म्यागजिन एन्ड स्टेसनरी लगनखेल, ललितपुर, ५५५३९३१, ५५५३४३४० ● श्रेष्ठ स्टेसनरी सेन्टर ठैव, ललितपुर, फोन : ९८४१५१६९५७ ● लालित्य प्रिन्टर्स लगनखेल, फोन : ५५४३५८२ ● दिगो स्टेसनरी लगनखेल, फोन: ५४२२१२, प्रधान कमिनिकेशन ललितपुर, फोन: ९८४१७६९५९२ ● निशा बुक्स एण्ड स्टेशनरी, लगनखेल, ५५३१९५७, ९८४१६२७४८९

**भक्तपुर**
सुन्दर पुस्तक, ठिमी, ६३१४७३, ● मल: स्टेसनरी गाठाघर, फोन: ६३०७५७ ● बेबिस आर्ट इटाछें : ६१२७२४

२०७४, भदौ
बिहीबार
२९

बजारमा अटोरिक्साको संख्या धैरै भएकाले सडक दुर्घटनाका साथै ट्राफिक जामको समस्या निम्तिएको भन्दै यस्तो निर्णय गरिएको अधिकारीले बताए। चलिरहेका अटोरिक्साको दर्ता प्रक्रिया सहज गर्ने, चालकलाई अनुमति पत्र दिने, भाडादरका लागि वृहत छलफल गर्ने निर्णय भएका छन्।

# नेपाल

## मधेसवादी दललाई साख जोगाउन मुस्किल

**गोकुल घोरसाइने, बारा**

राष्ट्रिय जनता पार्टीको तर्फबाट मेयर प्रत्यासी मोजहर मन्सुर निजगढ नगरपालिकाको शहीद चोकमा बुधबार बिहान भोट माग्दै एक्लै भौतारिएको अवस्थामा भेटिए। अघिपछि हिँडने कार्यकर्ता र सहयोगी नहुँदा राजपा उम्मेदवार मन्सुर चुनाव प्रचारमा एक्लै दौडधुप गर्दै छन्। 'नगरपालिकाको सबै पदमा उम्मेदवार खडा गर्ने योजना थियो', राजपा नगर अध्यक्षसमेत रहेका मन्सुरले भने- 'तर मान्छे फेला नपरेपछि बाँकी टिकट झोलामा थन्कियो।' राजनीतिक र आर्थिक दृष्टिले समेत महत्त्वपूर्ण मानिने जिल्लाको पूर्वोत्तर भेगको निजगढमा राजपाबाट मेयर र २ वटा वडा अध्यक्ष मात्र प्रतिस्पर्धामा छन्। त्यसै गरी जिल्लाको करैयामाइ र बारागढी गाउँपालिकामा प्रमुख पदमा राजपाका तर्फबाट उम्मेदवार छैनन्।

मधेस आन्दोलनको उर्वर भूमि मानिएको बाराका अधिकांश गाउँ र नगरपालिकाका सबै पदमा राजपा र संघीय समाजवादी फोरमले उम्मेदवार खडा गर्न सकेनन्। निजगढ नपामा संघीय समाजवादीबाट बुद्धिमान घिसिङ मेयर र वडा नं. ७ मा २ सदस्य मात्र उम्मेदवार छन्। मधेसवादी दलको बलियो पकड ठानिएको कलैया उपमहानगरपालिका, सिम्रौनगढ, महागढीमाइ, पचौरता नपा र देवताल, आदर्शकोतवाली, फेटा, विश्रामपुर गाउँपालिकाका सबै पदमा उम्मेदवार खडा भए पनि ठूला दलका प्रत्यासी सामुन्ने अनुमान गरे जस्तो मत पाउने अवस्था देखिँदैन।

सिम्रौनगढ नपा मेयरमा राजपा उम्मेदवार किशोरी जैसवाल केही अगाडि देखिए पनि नेपाली कांगेसका विजयशंकर यादव र नेकपा एमालेका गगनदेव कुसवाहाले जैसवाललाई कडा टक्कर दिइरहेका छन्। अर्को मधेसवादी दल संघीय समाजवादी फोरमबाट मेयर उम्मेदवार पन्नालाल कुसवाहाको स्थिति पनि सिम्रौनगढमा बलियो देखिन्छ। ऐतिहासिक महत्त्वको यो नगरको जितलाई मधेसवादी र ठूला दलले प्रतिष्ठाको विषय बनाएका छन्।



ऐतिहासिक र पर्यटकीय दृष्टिले समेत महत्त्वपूर्ण नगरको विकास लागि जित आवश्यक रहेको एमालेबाट मेयर प्रत्यासी कुसवाहा बताउँछन्। 'आपसी सद्भाव र अमनचयन कायम गरी पर्यटकीय क्षेत्रको रूपमा विकास गर्न नगरमा एमालेको जित जरुरी छ', -एमाले उम्मेदवार कुशवाहाले भने।

महागढीमाइ नपामा भने संघीय समाजवादीका रामचन्द्र साहको अवस्था अन्य दलबाट मेयर पदको उम्मेदवारभन्दा केही सुदृढ रहेको देखिन्छ। महागढीमाइमा नेपाली कांग्रेस र फोरमबीच सीधा प्रतिस्पर्धा छ। राजपा कमजोर देखिएको कलैया उपमहानगरपालिकामा फोरमका प्रमोद गुप्ता त्रिपक्षीय प्रतिस्पर्धामा छन्। सदरमुकाम कलैयामा एमालेका विनोद साह, नेपाली कांग्रेसका राजेश यादव र संघीय समाजवादी नेपालका प्रमोद गुप्ताबीच प्रतिस्पर्धा छ। पूर्व सभासद्समेत रहेका गुप्ता स्थानीय रूपमा लोकप्रिय नेता मानिन्छन्।

राजपाले कलैयामा व्यावसायी जयप्रकाश साह र माओवादीले विद्यार्थी नेता मुकेश साहलाई प्रत्यासी बनाएको छ। अर्को उपमहानगरपालिका जीतपुर सिमराका आधा दर्जन वडामा राजपा र फोरम नेपालबाट वडा अध्यक्ष र सदस्य पदमा उम्मेदवार छैनन्। जीतपुर सिमरा उपमहानगरपालिकामा एमालेका डा. कृष्ण पौडेल, नेपाली कांग्रेसका कृष्णब्रत सिंह र माओवादी केन्द्रका राजन पौडेलबीच प्रतिस्पर्धा हुने देखिन्छ।

जिल्ला सदरमुकाम कलैया र हुलाकी मार्गदेखि उत्तरमा रहेका स्थानीय तहमा मधेसवादी दलको प्रभाव कमजोर देखिएको हो। उत्तरी भेगमा आदिवासी थारू र पहाडीया समुदायको बाहुल्यता रहेको र यसअघि पटक-पटक मधेस आन्दोलनको प्रभावसमेत नपरेकाले मधेसवादी दलको अवस्था कमजोर देखिएको हो। करैयामाइ, बारागढी गाउँपालिका र कोल्हवी तथा जीतपुर सिमरा उपमहानगरपालिकाका केही वडामा बरू नेपाल लोकतान्त्रिक फोरमका उम्मेदवारले प्रचारप्रसार र चहलपहल तीव्र पारेका छन्। यो नेकपा एमालेको बढी र राजपा तथा संघीय समाजवादीको प्रभाव कम मानिएने क्षेत्र हो।

निजगढ नपामा नेपाली कांग्रेस र माओवादी केन्द्रले मेयर उपमेयर र केही वडामा समेत तालमेल गरेपछि एमालेलाई बिराशत जोगाउने चुनौती थपिएको छ। गठबन्धनको तर्फबाट कांग्रेसका सुरेश खनाल र उपमेयरमा माओवादी केन्द्रका बेनीबहादुर मोक्तान एमालेका मेयर उम्मेदवार नारायण खड्का र उपमेयर लीलादेवी लामिछानेसँग प्रतिस्पर्धामा छन्। परवानीपुर गाउँपालिकामा एमाले, राजपा र दक्षिणी सीमावर्ती सुवर्ण गाउँपालिकामा भने नेपाली कांग्रेस र एमाले उम्मेदवारबीच कडा टक्कर छ। लोकतान्त्रिक फोरमका तर्फबाट निजगढको मेयर पदमा मिरादेवी अधिकारीले मात्र उम्मेदवारी दिएकी छिन्।

## नयाँ अटोरिक्सालाई 'नो इन्ट्री'

बाँके, (नेस)

नेपालगन्जमा अब नयाँ अटोरिक्सालाई चल्न नदिने निर्णय गरिएको छ। प्रमुख जिल्ला अधिकारीको संयोजकत्वमा रहने जिल्ला यातायात व्यवस्थापन समितिले नयाँ अटोरिक्साको दर्ता नगर्ने निर्णय गरेको हो।

बजारमा अटोरिक्साको संख्या धैरै भएकाले सडक दुर्घटनाका साथै ट्राफिक जामको समस्या निम्तिएको भन्दै यस्तो निर्णय गरिएको अधिकारीले बताए। चलिरहेका अटोरिक्साको दर्ता प्रक्रिया सहज गर्ने, चालकलाई अनुमति पत्र दिने, भाडादरका लागि वृहत छलफल गर्ने निर्णय भएका छन्।

नेपालगन्जमा कति अटोरिक्सा छन् भन्ने अहिलेसम्म यकिन तथ्यांक नै छैन। सबै अटोरिक्सालाई यातायात कार्यालयमा दर्ता गराउन ट्राफिक प्रहरीले अभियान थाल पनि अझै दर्ता भइसकेका छैनन्। ८ हजार बढी अटोरिक्सा भएको आँकलन गरिएको छ, बैठकमा अधिकारीले छलफल गरेका थिए।

अटोरिक्साको रातभरि ब्याट्री चार्ज गर्ने र दिउँसोभरी सञ्चालन गर्ने गरिन्छ। भारतबाट पाटपुर्जा ल्याएर यहीं फिटिङ गरेर अटोरिक्सा तयार गरिन्छ। ब्याट्रीबाट चल्ने अटोरिक्सा सुविधा सम्पन्न भएकाले यात्रुको पहिलो रोजाइमा पर्ने गरेको छ। धेरै अटोरिक्सा किनेर दैनिक भाडामा लगाउनेको संख्या पनि कमी छैन। नेपालगन्जमा पेट्रोलबाट चल्ने रिक्सा पनि आइसकेका छन्।

अटोरिक्सा साविकाका गाउँपालिका, नेपालगन्ज उपमहानगरपालिकामा दर्ता भएर चलेका छन्। यातायातमा धेरै भएका कमै छन्। ट्राफिक प्रहरीले एकै दिन सयौं अटोरिक्सालाई नियन्त्रणमा लिएर यातायातमा दर्ता गर्न आग्रह गरेर छोडेको थियो। धेरैजसो यातायात कार्यालयमा दर्ताका लागि गएका छन्।

अटोरिक्सा चालकलाई ट्राफिक नियमका बारेमा ज्ञान नहुँदा अझ बढी समस्या भएको छ। जथाभावी सडक पार गर्ने, यात्रु देख्ने बित्तिकै बीच सडकमा रोक्ने, तीव्र प्रतिस्पर्धा र धेरै भएकाले सडक नै जाम गर्ने अवस्था आएको छ। नियमअनुसार नचल्दा अटोरिक्साको बदमासी पनि भइरहेको छ। सोझा यात्रुलाई ठग्ने गरिएको छ। अटोरिक्साका मजदूरलाई राखेर ७ दिनभित्र भाडादर कायम गर्ने निर्णयले यात्रुलाई सहज हुने आशा गरिएको छ। अटोरिक्सा चालकलाई लाइसेन्सका लागि लिखित परीक्षा नलिन यातायात कार्यालयमा अनुरोध गर्ने निर्णय भएको छ। प्रमुख जिल्ला अधिकारी रमेश केसीको अध्यक्षतामा भएको बैठकमा नेपालगन्ज उपमहानगरपालिका, प्रहरी, उपभोक्ता संरक्षण मञ्चलगायतको सहभागिता रहेको थियो।

राँझा एयरपोर्ट र सीमावर्ती भारतीय बजार रूपैडिहा आउने जाने मान्छेका कारण नेपालगन्जका अटोरिक्साको कमाइ राम्रो रहेको छ। एउटा अटोरिक्सा

दैनिक ४ देखि ७ सय रुपियाँमा भाडामा लिएर पनि चालकले राम्रै कमाइरहेका छन्। अटोरिक्सा चलेपछि सञ्चालनमा आएपछि यात्रुलाई सुविधा पनि भएको छ। यात्रा छिटो, छरितो र आरामदायी हुने गर्दछ। अटोरिक्साको खराबी ब्याट्रीमा हुने गर्दछ। कारोबारीले भने ब्याट्री भन्सार नगरी ल्याउने गरेको स्रोतले बताउँछ। ब्याट्रीकै कारोबार गर्ने गोपाल अधिकारीले बिनाभन्सार भारतबाट ब्याट्री ल्याउने भएकाले नेपालगन्जमा कारोबार नै नभएको बताउनुभयो। 'भन्सारले कडाइ गर्दैन, हामीले त ब्याट्री बेच्नै पाएका छैनौं', -व्यवसायी अधिकारीले भन्नुभयो।

## बाबुलाई क्यान्सर, छोरीको भर्ना भएन

हेटौंडा, (नेस)

उत्तरी मकवानपुरको थाहा नगरपालिका-९ स्थित चित्लाङका सरोजकृष्ण गमाल ३ वर्षदेखि क्यान्सरले थलिएपछि उनकी ४ वर्षीया छोरीको भर्ना हुन सकेको छैन।

बाबुको उपचारमा धेरै रकम खर्च भएपछि छोरी अलिशालाई भर्नासमेत गर्न नसकेको उनकी आमा अम्बिका गमालले बताइन्। 'पतिको उपचारमा धेरै रकम खर्च हुन्छ, त्यसैले छोरीलाई भर्ना गर्न सकेकी छैन', -गमालले भनिन्।

अलिशा इमाडोलस्थित होमभ्याली एकेडमीको नर्सरीमा पढिरहेकी छन्। तर, उनको भर्ना भने अझै भएको छैन। विद्यालयले पठाएको बिलअनुसार ८ हजार ६२ रुपियाँ तिर्नुपर्ने देखिन्छ। बाबुलाई महिनैपिच्छे हस्पिटल भर्ना गर्नुपर्ने भएपछि अलिशाको पढाइ छुट्ने गरेको छ।



स्थायी घर मकवानपुरको चित्लाङ भए पनि गमाल ललितपुरको इमाडोलमा बस्दै आएका छन्। सामान्य मिठाइ पसलबाट गुजारा चलाउँदै आएका उनलाई अचानक छातिको क्यान्सर भएपछि उनी २ वर्षदेखि जावलाखेलस्थित नेसनल क्यान्सर हस्पिटलमा उपचार गर्दै आएका छन्।

उनलाई ३ हप्ताको १ पटक केमो चलाउनुपर्छ।१ पटक केमो चलाउन १५ हजार रुपियाँभन्दा बढी खर्च लाग्ने अम्बिकाले बताइन्। छोरीलाई पढाएर ठूलो मान्छे बनाउने रहर मेटिन लागेको भन्दै गमाल दम्पत्ति चिन्तित देखिन्छन्।

## अखिल क्रान्तिकारीमा चन्द

बाँके, (नेस)। विप्लव माओवादीनिकट विद्यार्थी संगठन अखिल क्रान्तिकारी, बाँकेको २३ औं जिल्ला सम्मेलनले मदन चन्दको अध्यक्षतामा ३५ सदस्यीय कार्यसमिति चयन गरेको छ।

क्रान्तिकारीको जिल्ला उपाध्यक्षमा प्रकाश वली, सचिवमा रमेश देवकोटा, सह-सचिवमा दिनेशबाबु सिंह र कोषाध्यक्षमा कृष्ण न्यौपाने रहेका छन्।

सम्मेलनको क्रान्तिकारीका केन्द्रीय अध्यक्ष पूर्णबहादुर सिंहले उद्घाटन गर्नु भएको थियो। क्रान्तिकारीले बुधबार पत्रकार सम्मेलन गरेर सम्मेलनको जानकारी गराएको हो। सो अवसरमा केन्द्रीय अध्यक्ष सिंहले विद्यार्थी जागरणसँगै प्रतिरोध अभियान अघि बढाएको बताउनुभयो। उहाँले राजनीतिको विकृति, विसंगति शिक्षामा देखिंदा विश्वविद्यालयहरू बेरोजगार उत्पादन गर्ने उद्योग बनिरहेको धारणा राख्नुभयो।

**सूचना सूचना सूचना**

**नेपाल खाद्य किराना व्यवसाय संघको वार्षिक साधारण सभा तथा निर्वाचन हुने जानकारी पठाई सकेको छ । यदि कसैलाई जानकारी प्राप्त नभएमा यसै सुचनालाई आधार मानी साधारण सभा निम्न स्थान र मितिमा उपस्थित भै दिनु हुन हार्दिक अनुरोध छ ।**

**मिति : २०७४ भाद्र ३१ गते शनिबार**
**समय : दिनको ११ बजे**
**स्थान : ने.खा.कि.व्य. संघ सभा कक्ष**

**हेटौडा फ्रेण्ड्स हेल्थ एण्ड एजुकेशन फाउण्डेशन प्रा.लि. खारेजीमा गएको सूचना**

प्रथम पटक प्रकाशित मिति २०७४/०५/२९

कम्पनी ऐन २०६३ बमोजिम कम्पनी रजिष्ट्रारको कार्यालय त्रिपुरेश्वरमा मिति २०६८/०६/०४ मा दर्ता भएको प्रा.लि.नं. ८६७०३ को **हेटौडा फ्रेण्ड्स हेल्थ एण्ड एजुकेशन फाउण्डेशन प्रा.लि.** को मिति २०७४/०५/२७ को वार्षिक साधारण सभामा विशेष प्रस्ताव पारित गरी निर्णय भए अनुसार कम्पनी ऐन २०६३ को दफा १२६ बमोजिम स्वेच्छिक खारेजी (लिक्विडेसन) मा लैजाने निर्णय भएकोले यस कम्पनीमा कोही कसैको केही बाँकी बक्यौता भएमा वा लेनदेन आदि बाँकी भएमा वा खारेज नगर्नुपर्ने अन्य कुनै कारण भएमा तथ्ययुक्त आधार र सबूत प्रमाण सहित यो सूचना प्रकाशित भएको मितिले ३५(पैत्तिस) दिन भित्र हकदावि गर्न निम्न लिखित लिक्विडेटरको कार्यालयमा सम्पर्क राख्नुहुन सूचित गरिन्छ ।

**सम्पर्क गर्ने ठेगाना**
पवन कुमार लामिछाने
(दामासाही व्यवसायी)
द.नं. २७५
कात्यायनीस्थान, भिमसेनगोला
बानेश्वर, काठमाण्डौ
फोन नं. ४१०८५१०, ९८५११४९९९१

**दामासाही ब्याबसायीको कार्यालय**
**हेटौडा फ्रेण्ड्स हेल्थ एण्ड एजुकेशन फाउण्डेशन प्रा.लि..**

## बनेपा महोत्सव शुरू

काभ्रे, (नेस)

बुधबारबाट शुरू भएको बनेपा महोत्सवको भव्य रूपमा उद्घाटन गरिएको छ। महोत्सवको सूचना तथा सञ्चारमन्त्री मोहनबहादुर बस्नेतले उद्घाटन गरेका थिए। सोही कार्यक्रममा उद्योग राज्यमन्त्री रेशम लामाको विशेष आतिथ्यता रहेको थियो।

दुवै मन्त्रीलाई बनेपा महोत्सव आयोजक समितिले सम्मान गरेको थियो। बीबीसी क्लवका अध्यक्ष महेश कर्माचार्यको अध्यक्षतामा सम्पन्न कार्यक्रमको उद्घाटन गर्नुपूर्व बनेपा नगरपालिका प्रांगणबाट विभिन्न झाँकीसहितको र्‍याली महोत्सवस्थल पुगेको थियो।

र्‍यालीमा नगरभित्रका सामुदायिक तथा निजी विद्यालयका विद्यार्थी, विभिन्न खेल विद्याका खेलाडी, उद्योगी, व्यावसायी, समाजसेवी, स्थानीय संघ संस्थाका प्रतिनिधिको सहभागिता रहेको थियो। कार्यक्रममा बोल्दै प्रमुख अतिथि बस्नेतले महोत्सवले स्थानीय उद्योगको विकास तथा प्रवर्द्धनमा टेवा पुग्ने बताए।

## खरका छाना विस्थापित गर्ने गाउँपालिकाको नीति

**नेपाल समाचारपत्र**

पाल्पा

केही वर्ष पहिलेसम्म नेपाली परम्पराको पर्याय बनेको खरले छाएको घर थियो। कतिपयले गरिबीको पहिचानका रूपमा पनि यसलाई लिन्थे। अहिले खरका घर गाउँघरमा विरलै देखिन्छन् सबै जस्ता र अझ कतिपय ठाउँमा त सिमेन्टका आधुनिक घरले यसलाई विस्थापित गरिसकेको देखिन्छ।

स्थानीय तहको निर्वाचनपछि नयाँ जनप्रतिनिधिको चयन भएसँगै पश्चिम पाल्पाको रैनादेवी छहरा गाउँपालिकाले भएका घरलाई गाउँपालिकाले अनुदान दिने नीति ल्याएको छ। पुरानो शैलीमा निर्माण गरिएका खरका छानाका घर वर्षेनी छाना छाउनुपर्ने झन्झट रहेकाले खरको छाना विस्थापन गर्ने लक्ष्यका साथ पाल्पा जिल्लाको रैनादेवी छहरा गाउँपालिकाले अनुदानको व्यवस्था गरेको हो। प्रतिघर १५ हजार रुपियाँका दरले खरका छाना विस्थापन गर्न सहयोग पुगोस् भन्ने हेतुले गाउँपालिकाले अनुदान दिने व्यवस्था गरेको गाउँपालिकाका अध्यक्ष रामबहादुर कार्कीले बताए। यस आवमा प्रत्येक वडाका २५ वटा खरको छाना भएका घरलाई १५ हजार रुपियाँको दरले २ सय घरलाई अनुदानको व्यवस्था गरेको अध्यक्ष कार्कीले जानकारी दिए।

गरिबी निवारण कार्यक्रमअन्तर्गत आगामी ५ वर्षभित्र खरका छाना विस्थापन हुने योजना गाउँपालिकाले लिएको छ। गरिब र निमुखा परिवारले वर्षेनी खरको छाना लगाउन आर्थिक रूपमा समस्या हुने र घरमा पानी पनि चुहिने समस्या रहेको छ। रैनादेवी छहरा गाउँपालिकाभित्रका प्रत्येक वडालाई खरको छानामुक्त घर बनाउने लक्ष्यका साथ यो अभियान सञ्चालनमा ल्याएको अध्यक्ष कार्कीले बताउछन् ।

आर्थिक रूपमा पछाडि परेका विपन्न, गरिब, दलित समुदाय गाउँपालिकाले खरका छाना विस्थापन गर्न गाउँपालिकाको अनुदान पाउने भएपछि खुसी छन्। पछिल्ला वर्ष खरको छाना हाल्न कामदार, खर चोया, काठको समेत वर्षेनी अभाव बढेको छ। ढुंगा माटाका भित्ता, तलामा माटो र छाना खरको हुने भएकाले गर्मी र जाडोमा असर नगर्ने बसोबासलाई अति उत्तम रहे पनि खर्चको हिसाबले महँगो र आगोबाट सधैं जोखिममा रहेको हुन्छ।

## जालपामा चौबीसै घन्टा प्रसूति सेवा

खोटाङ, (नेस)

नवजात शिशु तथा मातृ मृत्युदर नियन्त्रणका लागि स्वास्थ्य सेवा विभागको सहयोगमा खोटाङको जालपास्थित स्वास्थ्यचौकीमा २४ घन्टे प्रसूति सेवा शुरू गरिएको छ। रूपाकोट मझुवागढी नगरपालिका-१२ जालपास्थित स्वास्थ्यचौकीमा आवश्यक उपकरण तथा भौतिक संरचनाको व्यवस्थापछि प्रसूति सेवा शुरू गरिएको जिल्ला अस्पताल खोटाङका प्रमुख चिकित्सक रामबहादुर केसीले बताउनुभयो।

डेलीभरी टेबल, सक्सन मेसिन, डेलीभरी सेट, कुर्सी टेबल, दराज, अक्सिटोसिन, माक्स, ग्लोबलगायतको व्यवस्थापन गरेर स्वास्थ्यचौकीबाट प्रसूति सेवा शुरू गरिएको हो।

हार्दिक समवेदना



जन्म
वि.सं. २००७/०१/२९

स्वर्गारोहण
बि.सं. २०७४/०५/१८

**स्व. सांवरमलजी अग्रवाल**

राजेश हार्डवेयर्सका संचालक **श्री गोपलजी अग्रवाल**का श्रद्धेय पूजनीय पिता **श्री सांवरमलजी अग्रवाल**को असामयिक स्वर्गारोहण भएको आज १२ औं दिनको पुण्यतिथिमा दिवगंत आत्माको चिर शान्तिको कामना गर्दै भावपूर्ण श्रद्धाञ्जली अर्पण गर्दछौं । साथै यस दुःखद घडीमा शोक सन्तप्त परिवारजन प्रति धैर्यधारण गर्न सक्ने शक्ति प्रदान होस् भनि भगवानसँग प्रार्थना गर्दै हार्दिक समवेदना प्रकट गर्दछौं ।

**हुलास स्टील्स् परिवार**

**नेपाल सरकार**
**सहरी विकास मन्त्रालय**
**सहरी विकास तथा भवन निर्माण विभाग**
**डिभिजन कार्यालय, धनुषा**

**आशयपत्र सम्बन्धी सूचना**

**(प्रथम पटक प्रकाशित मितिः २०७४।०५।२९)**

यस कार्यालयद्वारा तपसिलका निर्माण कार्यका लागि नेपाल समाचारपत्र राष्ट्रिय दैनिक पत्रिकामा प्रकाशित वोलपत्र सूचना बमोजिम रितपूर्वक प्राप्त भएका सम्पूर्ण सिलबन्दी बोलपत्रहरु मध्ये तपसिलको बोलपत्र दाताको वोलपत्र न्यूनतम मूल्याङ्कित सारभूत रुपमा प्रभावग्राही भएकाले सार्वजनिक खरिद ऐन २०६३ को दफा २७ को दफा २ को प्रयोजनार्थ सम्पूर्ण सरोकारबालाहरुको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

**तपसिल**

| सि. नं. | आयोजनाको नाम | ठेक्का नं. | न्युनतम मूल्याङ्कित बोलपत्र दाताको नाम र ठेगाना | कबोल रकम रु (भ्याट बाहेक) |
|---|---|---|---|---|
| १ | Construction of Shed at Gauri Dada, Bardibas Mahottary | DUDBC/DHANUSHA/WORK/NCB/34-073/074 | एस.डी.कन्स्ट्रक्सन जनकपुर-४, धनुषा | ७४३६०७१।२६ |
| २ | Construction of Birthing Center, Sahodwa Sarlahi | DUDBC/DHANUSHA/WORK/NCB/36-073/074 | आकाश निर्माण सेवा गम्हरिया, सर्लाही | २७,१६,२४१।२८ |
| ३ | Construction of Birthing Center, Bhaktipur, Sarlahi | DUDBC/DHANUSHA/WORK/NCB/37-073/074 | एस.डी.कन्स्ट्रक्सन जनकपुर-४, धनुषा | २७,६९,५२७४६ |

**गंगा प्रसाद यादब**
**डिभिजन प्रमुख**

# विश्व

**धर्म र हिंसा**
म्यानमारको यांगुनमा रखाइन प्रान्तमा भइरहेको हिंसालाई लिएर मुसलमान विरुद्धको प्रदर्शनमा प्लेकार्ड बोकेका बौद्ध भिक्षु।




**पुरस्कृत**
अलेज्यान्ड्रो प्रेटो रोजसको यो तस्वीरले फोटोग्राफर अफ द इयर अवार्ड जितेको हो। उक्त तस्वीर मेक्सिकोको जो रियो लोगाटसमा लिइएको थियो।



2017, SEP
Thursday
14

## विश्व २ मिनेट

### चीन

#### सीलाई ट्रम्पको सम्मान

हङकङ, (एजेन्सी)

अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पले अन्य कुनै विदेशी नेतालाई भन्दा चिनियाँ राष्ट्रपति सी जिनपिंगलाई सम्मान गर्ने हङकङमा आयोजित एक कार्यक्रममा ट्रम्पका पूर्व प्रमुख रणनीतिकार स्टेफेन बेनोनले बताए। उनले अमेरिका विरुद्धको आर्थिक युद्धलाई चीनले रोक्नुपर्ने चेतावनी पनि दिए। उनीहरूबीचको सम्बन्ध धेरै बलियो भएको र आफूलाई राष्ट्रपति ट्रम्पले चीनका राष्ट्रपतिलाई भन्दा विश्वका अन्य कुनै नेतालाई सम्मान गर्छन् भन्ने नलागेको बेनोनले बताए। संघारमा पुगेको व्यापार युद्धका विषयमा सबैले चर्चा गरिरहेको तर त्यसलाई पन्छाउन सक्छन् भन्ने आफूलाई लागेको उनले बतए।

### भारत

#### नाका खोल्न वार्ता

नयाँ दिल्ली, (एजेन्सी)

चीनले सिक्किमको नाथुला नाका पुनः खोल्ने विषयमा भारतसँग वार्ता जारी राख्न तयार रहेको बताएको भारतीय सञ्चारमाध्यमले जनाएको छ। यद्यपि चीनले ब्रह्मपुत्र नदीको पानीको आँकडा भारतसँग साझा गर्न नसक्ने जनाएको इकोनोमिक टाइम्सले जनाएको छ। तिब्बतमा आँकडा संकलन केन्द्रलाई अद्यावधिक भइरहेकाले नयाँ दिल्लीले चाहेको उक्त आँकडा दिन असमर्थ रहेको बेइजिङले जानकारी दिएको हो। कैलाश र मानसरोवर जान चाहने भारतीय तीर्थयात्रीका लागि सिक्किमको नाथुला नाका सबैभन्दा सहज मार्गका रूपमा लिने गरिन्छ। डोक्लाम विवादपछि चीनले उक्त नाका बन्द गरेको थियो।

### अमेरिका

#### लुटेरा पक्राउ

मायामी, (एजेन्सी)

अमेरिकाको मायामीका प्रहरीले सामुद्रिक आँधी इर्माले विपत्ति मच्चाइरहेका बेला लुटपाट कार्यमा लागेको आशंकामा ५० भन्दा बढी व्यक्तिलाई गिरफ्तार गरेको छ। पक्राउ पर्नेमा गत मंगलबार वालमार्टमा तोडफोड गर्ने अन्य २६ जना पनि रहेको प्रहरीले जनाएको छ। सोही दिन उक्त नगरका अधिकारीहरूले बिहान सात बजेदेखि बेलुकी सात बजेसम्म लगाइँदै आएको कफ्र्यु हटाएका छन्। त्यहाँको शान्ति र सुरक्षाका लागि प्रहरीहरू लगातार १२ घण्टा ड्युटीमा खटिने गरेको बताइएको छ। इर्माकै कारण थुप्रै धनजनको पनि क्षति भएको छ।

### सिंगापुर

#### जहाज ठोक्किए

सिंगापुर सिटी, (एजेन्सी)

सिंगापुरको समुद्रमा दुईवटा जहाज आपसमा ठोक्किँदा २ नाविकको ज्यान जानुका साथै तीन जना अझै हराइरहेको सिंगापुर बन्दरगाहका निकायले बुधबार जनाएको छ। इन्डोनेसियाली ध्वजावाहक ट्यांकर र डोमिनिकनमा दर्ता गरिएको जहाज आपसमा ठोक्किएका हुन्। चालक दलका १२ जना सदस्यमध्ये ११ जना चिनियाँ र १ जना मलेसियाली रहेका थिए। उद्धार गरिएका ७ जना चिनियाँको अस्पतालमा उपचार भइरहेको छ। तर ट्यांकरका चालक दलका २६ जना सदस्यमध्ये कोही पनि घाइते नभएको बताइएको छ।

## बलात्कारीद्वारा पीडित महिलामाथि एसिड आक्रमण



नयाँ दिल्ली, (एजेन्सी)

एक महिलालाई सामूहिक बलात्कार गरेको अभियोग लगाइएपछि जमानतमा मुक्त भएका दुई पुरुषले ती पीडित महिलामाथि एसिड छ्यापेको प्रहरीले जनाएको छ।

ती महिलाले आफूले बलात्कारको मुद्दा फिर्ता लिन अस्वीकार गरेपछि एक अपरिचित व्यक्तिसमेत गरी ती दुई जनाले सोमबार आफूमाथि एसिड छ्यापेको बताएकी छिन्। गत मे महिनामा भारतको उत्तरी राज्यको उत्तर प्रदेशको फत्तेगढ शहरमा ती महिला बलात्कृत भएकी थिइन्। यस सम्बन्धमा गिरफ्तार गरिएका तीन जनामध्ये एक जना अझै कारागारमा छन्।

प्रहरीले जमानतमा छुटेका ती पुरुषको फेरि व्यापक खोजी शुरू गरेको छ। तिनीहरूलाई जमानत दिइएको विरुद्ध आवश्यक कानुनी तयारीका लागि अदालत पुगेर फर्किँदै गर्दा ती महिलामाथि एसिड आक्रमण भएको हो।

सुपरिटेन्डेन्ट अफ पुलिस दयानन्द मिश्रले बीबीसीलाई भनेका छन्- 'तिनीहरू दुईजनाले उनलाई निर्जन स्थानमा लगेर मुद्दा फिर्ता लिन माग गरेका थिए। उनले अस्वीकार गर्नासाथ तिनीहरूले उनको अनुहारमा एसिड छ्यापेका थिए।' अनुहार र शरीरका अन्य भाग नराम्ररी जलेकी उनको स्थानीय अस्पतालमा उपचार भइरहेको छ।

सन् २०१२ मा नयाँ दिल्लीमा एउटा गुडिरहेको बसमा एक छात्राको बलात्कारलगत्तै हत्या भएयता भारतमा यौन हिंसामाथि सरकारले कडा निगरानी राख्न थालेको थियो। तैपनि देशभरि नै महिला तथा बालिकामाथिको यौन आक्रमण जारी रहेको छ।

यसैबीच भारतका प्रहरीले बलात्कृत १० वर्षीया बालिकाको मुद्दा पुनः खोलेको छ। उनले जन्माएको बच्चाको डीएनए आरोपित उनका काकासँग नमिलेको फोरेन्सिक परीक्षणले देखाएपछि मुद्दा दोहर्‍याउन लागेको हो।

सर्वोच्च अदालतले उनलाई गर्भपतन गर्ने अनुमति नदिएपछि गत महिना उनले एक बच्चीलाई जन्म दिएकी थिइन्। ती बालिकालाई आफू गर्भवती रहेको पनि थाहा थिएन। उनलाई उनको पेटमा ढुंगा रहेको बताइएको थियो।

उनीमाथि विगत सात महिनादेखि उनकै काकाले लगातार बलात्कार गर्दै आएको बताइएको थियो। पक्राउ परेका ४० वर्षीय आरोपित पुरुष अझै थुनिएका छन्। उनले यस डीएनएको घटनाबारे केही पनि प्रतिक्रिया दिएका छैनन्। पीडित बालिकाका पिताले यसअघि ती काकाले बलात्कारको आरोप स्वीकारेको जानकारी दिएका थिए।

यस बलात्कारको घटनालाई लिएर देशभित्र र बाहिरका थुप्रै मानव अधिकारवादी र महिला अधिकारवादी समूहहरूले व्यापक विरोध जनाएका थिए।

उनलाई गर्भपतन गराउने वा नगराउने भन्नेबारे पनि लामो समयसम्म कानुनी विवाद चलेको थियो।

## अमेरिकालाई 'भयानक पीडा' दिने उत्तर कोरियाको चेतावनी




सोल, (एजेन्सी)

संयुक्त राष्ट्र संघको नयाँ आर्थिक प्रतिबन्धलाई लिएर उत्तर कोरियाले अमेरिकालाई 'भयानक पीडा' दिने चेतावनी दिएको छ।

राष्ट्र संघमा उत्तर कोरियाका दूतले अमेरिकामाथि राजनीतिक, आर्थिक र सैन्य संघर्षको विकल्प चयन गरेको आरोप लगाएका छन्।

यसैबीच अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पले उत्तर कोरियाको संकट समाधानमा जे गर्न सकिन्थ्यो, त्यसको तुलनामा यो प्रतिबन्ध केही नभएको बताएका छन्। राष्ट्र संघको नयाँ प्रतिबन्धको उद्देश्य उत्तर कोरियाका लागि तेल निर्यात रोक्नु र उसको हतियार कार्यक्रमका लीग आम्दानी समाप्त गर्नु रहेको जनाइएको छ।

यसै महिना उत्तर कोरियाले आफ्नो छैठौं र अहिलेसम्मको सबैभन्दा शक्तिशाली परमाणु परीक्षण गरेको थियो। यो प्रतिबन्ध सोही परीक्षणको जवाफमा लगाइएको हो।

उत्तर कोरियाको राष्ट्र संघस्थित दूत हान ताए सोंगले यसलाई अवैध भएको बताए। जेनभामा संयुक्त राष्ट्रको एक सम्मेलनमा उनले भने- 'उत्तर कोरियाले जुन कदम उठाउँदै छ त्यसले अमेरिकालाई भयानक पीडा हुनेछ, जुन उसले पहिला कहिल्यै महसुस गरेको छैन।'

संयुक्त राष्ट्र सुरक्षा परिषद्ले सर्वसम्मतिबाट उत्तर कोरियाविरुद्ध नयाँ प्रतिबन्ध पारित गरेको हो। उत्तर कोरियाका सहयोगी देश रुस र चीनले भनेपछि अमेरिकाका तर्फबाट प्रस्तावित उक्त प्रस्तावमा अत्यन्त कडा प्रतिबन्धलाई केही खुकुलो पारिएको थियो।

शुरूमा उत्तर कोरियामाथि तेल आयातमा पूर्ण प्रतिबन्ध लगाउने मस्यौदा तयार गरिएको थियो। यसले उत्तर कोरियाली सरकार अस्थिर हुन सक्ने विशेषज्ञहरूले बताएका थिए।

सन् २००६ देखि यता राष्ट्र संघीय सुरक्षा परिषद्ले उत्तर कोरियाविरुद्ध नौवटा प्रस्तावलाई सर्वसम्मतिबाट पारित गरिसकको छ। हालैका महिनामा उत्तर कोरियाले कयौं क्षेप्यास्त्र परीक्षण गरेको छ। अहिले ऊसँग अमेरिकालाई निसाना बनाउन सक्ने हतियार रहेको विश्वास गरिएको छ।

## एप्पलको आइफोन एक्स सार्वजनिक अनुहार चिन्न सक्ने विशेषता





सानफ्रान्सिस्को, (एजेन्सी)

१० वर्षअगाडि यसै महिना विश्वले पहिलो आइफोन समाउन पाएको थियो। १० वर्षसम्म आफ्नो ऐतिहासिक मेसिनलाई अपग्रेड गर्दै हरेक वर्षजस्तो नयाँ फोन बजारमा ल्याइरहेको चर्चित मोबाइल कम्पनी एप्पलले मंगलबार स्मार्टफोन एक्स (रोमनमा १०) सार्वजनिक गर्‍यो। उक्त फोनमा कुनै होम बटन हुनेछैन। कम्पनीले लामो समय प्रतिक्षारत आइफोन ८ पनि सार्वजनिक गरको छ।

आइफोन एक्स अर्थात् आइफोन १० अनुहार चिन्ने अर्थात् फेस आईडी विशेषतायुक्त हुनेछ। यसको माथिल्लो भागमा इन्फ्रारेड क्यामरा जडित हुनेछ, जसले अँध्यारोमा पनि प्रयोगकर्ताको अनुहार चिन्न सक्नेछ।

यो एप्पलको अहिलेसम्मको सबैभन्दा महँगो फोन हो। यसको मूल्य ९ सय ९९ डलरबाट शुरू हुनेछ। यसको बिक्री नोभेम्बर ३ बाट शुरू हुने जनाइएको छ।

क्युपर्टिनोको स्टिभ जब्स थिएटरमा आइफोन लन्च भएको १०औं वर्षगाँठ पनि मनाइएको थियो। यसअघि कम्पनीले आइफोन ८ र आइफोन ८ प्लस लन्च गरेको थियो। ती मोबाइल बिना तार चार्ज हुन सक्ने बताइएको छ। कुनै फोनमा इनबिल्ट वायरलेस चार्जिङ सिस्टम प्रयोग भएको यो पहिलो हो।

आइफोन ८ र आइफोन ८ प्लसको ग्लास अहिलेसम्मको सबैभन्दा धेरै बलियो ग्लास हो। यो पानी र धुलो प्रतिरोध विशेषतायुक्त छ।

यसमा थ्रीडी टच र ट्रुटोन डिस्प्ले पनि राखिएको छ। यो ८३ प्रतिशत धेरै प्रकाश र धेरै क्षमताको नयाँ १२ मेगापिक्सेल सेन्सरसहित धेरै फास्ट छ। यो फोन बजारमा सेप्टेम्बर २२ देखि नै उलपब्ध हुनेछ।

आइफोन ८ प्लसको मूल्य ७ सय ९९ डलरबाट शुरू हुनेछ। आइफोन ८ मा ६४ जीबीदेखि २५६ जीबी इन्टरनल मेमोरीको मोडलमा आउनेछ। यसको मूल्य ६ सय ९९ डलरबाट शुरू हुनेछ।

यसमा टच आईडीको सट्टा फेस आईडी विशेषता हुनेछ। यसको अनौठो विशेषता भनेको अँध्यारोमा पनि काम गर्न सक्छ। आइफोन एक्सलाई हेरेकै भरमा त्यसलाई अनलक गर्न सक्छ।

इमोजीसँग कम्युनिकेट गर्न सकिनेछ। यदि तपाईं हास्नुहुन्छ भने इमोजी पनि हाँस्छ। यदि तपाईं टाउको हल्लाउनुहुन्छ भने इमोजीले पनि उसको टाउको हल्लाउँछ। यसलाई फेसियल ट्र्याकिङ फिचरको माध्यमबाट तयार गरिएको हो।

**मोरङ जिल्ला अदालतबाट जारी ३0 दिने सूचना**

मोरङ जिल्ला अदालतबाट जारी भएको जिल्लानुवाकोट ककनीगाविस वडा नं.८ हाल ऐ. ककनीगाउँपालीका वाड नं. ५ घर भै हालजिल्लाललितपुर उपमहानगरपालीका वडा नं. १३ बस्ने टेक बहादुरको नाति रामबहादुरको छोरा अ. बर्ष ४३ को रमेश ढकाल नाउँको ३० दिने ईतलायनामाम्याद''' ।
उप्रान्त बिष्णु बहादुरको नाति जय प्रकाशको छोरा जिल्लामोरङ उर्लाबारी नगरपालीका वडा नं.३ बस्ने बर्ष २ को नियोन राउतको हकमा अ.बं. ८३ नं. बमोजिमअनुमतिलिई निजको हकमाबालबालीका सम्वन्धी ऐन २०४८ को दफा ५१ बमोजिम आमा संरक्षक भई आफनो समेत हकमाधनबहादुर आचार्यकी छोरी जय प्रकाश राउतकीपत्नी ऐ.ऐ. बस्ने बर्ष ३७ कीचन्द्रा देवी राउतले तपाईकानाउँ मिति २०७२।०४।२१ मा मुद्दा नं.(२७-०७२-००२५१/072-cp-0129) लिखतबदर दर्ता कायम,मुद्दा नं..(२७-०७२-००२५२/072-cp-0130)धितो दुष्टिबन्धक लिखतबदर दर्ता कायम र मुद्दा नं. .(२७-०७२-००२५३/072-cp-0099)जालसाज समेत मुद्दामा फिरादपत्रदिएकोले तपाईकानाउँमा दिएको यो म्याद सूचनाप्रकाशित गरीएको छ ।अत : यो म्यादप्रकाशितभएको मितिले ३० दिनभित्रमा यस अदालतमातपाई आफै वाकानुनबमोजिमवारेस मार्फत हाजिर हुनआउनुहोला । नआई म्यादगुजारी बसे मुद्दामा कानुनबमोजिमहुनेछ , पछि तपाईको उजुर लाग्ने छैनन ।
इतिसम्वत २०७४ सालभाद्र २७ रोज ३ श......भम्

## होटेलको फ्रिजरमा किशोरीको लाश

रोजमन्ट, (एजेन्सी)

अमेरिकाको सिकागो निवासी १९ वर्षीया किशोरी केन्नेका जेन्किन्सको शव एउटा होटेलको फ्रिजरमा भेटिएको छ। उनका परिवारले उनको मृत्यु सम्बन्धमा सत्यतथ्य पत्ता लगाउन प्रहरीमाथि दबाब दिइरहेको छ।

सिकागोदेखि करिब ३० मिनेट उत्तर पश्चिममा पर्ने इलिनोइसको रोजमन्टस्थित क्राउन प्लाजा होटेलको एउटा फ्रिजरमा उनको लाश फेला परेको थियो। उनकी आमा टेरेसा मार्टिनले उनलाई आफूले शुक्रबार बिहान साढे एघार बजे आफ्ना साथीहरूसँग सिकागोको वेस्ट साइडस्थित आफ्नो घरबाट निस्किँदा अन्तिमपटक देखेको बताएकी छिन्।

जेन्किन्सले नर्सिङ होममा नयाँ काम पाएकाले तिनीहरू पार्टी मनाउन जाँदै थिए। मार्टिनका अनुसार उनकी छोरीको शव सो होटेलको भूमिगत तल्लामा रहेको एक विशाल फ्रिजरभित्र भेटिएको हो।

सर्भिलेन्स भिडियोको आधारमा प्रहरीले नशाले मात्तिएकी उनी आफै फ्रिजरभित्र पस्दा सो दुर्घटना हुन गएको बताएको छ। तर मार्टिन भन्छिन्- 'यदि मेरी छोरी मदिरा पिएर आफैलाई सम्हाल्न सक्ने स्थितिमा थिइनन् भने उनले कसरी बल लगाएर फ्रिजरका ढोकाहरू खोलिन् होला?'

प्रहरीले यस सम्बन्धमा गम्भीर अनुसन्धान गर्ने क्रममा सम्बन्धित सबै पक्षसँग व्यापक सोधपुछ गरिरहेको बताइएको छ। तर मार्टिनले बिहान साढे चार बजेतिर फोन गरेर जेन्किन्सका साथीहरूले उनी हराएको खबर गरेको र तिनीहरूसँगै छोरीको फोन र कारको साँचो रहेको तथा तिनीहरूले बारम्बार बयान फेरिरहेकाले सो घटना हत्या पनि हुन सक्ने आशंका व्यक्त गरेकी छिन्।



सरकारले बाढीपीडित प्रतिव्यक्तिलाई ७० रुपियाँ एक महिनासम्म दिने घोषणा गरेको थियो। घोषणाअनुसार एक जनाले २ हजार १ सय पाउनेछन्। तर, यो रकम बाढीपीडितमा पुग्न सकेको छैन। घोषणामात्रै भएको छ।

# एक महिनामा आएन बाढीपीडितको तथ्यांक

◆ सरकारी राहत बाटोमै ◆ बाढीपीडितको जीवन कष्टकर

कुमार श्रेष्ठ, बाँके

गत साउन २७ गते रातिदेखि केही दिन परेको अबिरल वर्षाले धेरैलाई रुवाबासी गरायो। बाढीले एकै घरका तीन/तीन जनासहित आठ जनाको ज्यान लियो। घर भत्कायो, अन्नबाली बगायो। राप्ती नदी तटीय क्षेत्रका बासिन्दालाई कहिल्यै नपुरिने घाउ बनाएर गयो।

बाढीपीडित अहिले पनि त्रिपालमुनि बसेका छन्। कताबाट राहत बोकेका गाडी आउँछन् भनेर आँखा, कान ठाडो पारेका छन्। अलिअलि राहत, आफन्तजनको सहयोगले हजारौं बाढीपीडितको जीवन धानिएको छ।

बाढीपीडितले यस्तो कष्टकर जीवन बिताइरहँदा सरकार भने कानमा तेल हालेर बसेको छ। सरकारी राहत बाढीपीडितले पाउन सकेका छैनन्। मृतक परिवारले दुई/दुई लाख पाउनुबाहेक बाढीपीडितले सरकारी राहत पाएका छैनन्।

बाँकेमा एक महिना हुँदासम्म बाढीपीडितको यकिन तथ्यांक नै आउन सकेको छैन। दिन प्रतिदिन तथ्यांक बढ्ने क्रम जारी छ। 'तथ्यांक फाइनल गर्ने तयारीमा थियौं, फेरि राप्ती सोनारी गाउँपालिकाबाट १ सय १० घरधुरी थपिए', स्रोतले भन्यो- 'अन्यत्रबाट पनि थपिएका छन्। सबै इन्ट्री हुँदै छ।'

गंगापुरका बाढीपीडित दुर्गाप्रसाद पाण्डेले ५ किलो चामलबाहेक केही नपाएको बताउनुभयो। 'घरको छानामात्रै बचेको छ। लगत लिनेले आंशिकमा पारेका छन्', पाण्डेले भन्नुभयो- 'आंशिक र पूर्ण क्षतिको विवरण लिँदा नै भेदभाव भएको छ।' पाण्डेले राहतको लालचमा नदी किनारमा झुप्रो बनाएर बस्नेहरूलाई सरकारले लखेट्नुपर्ने र जसको जग्गा नभएकै कारण बसेका छन्, उनीहरूलाई अन्यत्र व्यवस्था गर्नुपर्ने बताउनुभयो।

सरकारले बाढीपीडित प्रतिव्यक्तिलाई ७० रुपियाँ एक महिनासम्म दिने घोषणा गरेको थियो। घोषणाअनुसार एक जनाले २ हजार १ सय पाउनेछन्। तर, यो रकम बाढीपीडितमा पुग्न सकेको छैन। घोषणामात्रै भएको छ। जिल्ला दैवीप्रकोप उद्धार समिति, बाँकेले सरकारी घोषणाअनुसारको रकम वितरण गर्न गाउँपालिकाको नाममा चेक बनाएको छ। 'हामीले ७० रुपियाँवाला सरकारी घोषणा कार्यान्वयनका लागि गाउँपालिकाका नाममा चेक तयार गरेर दिएका छौं', जिल्ला प्रशासन कार्यालय, बाँकेका प्रवक्ता खगेन्द्र पौडेलले भन्नुभयो- 'चेक गाउँपालिकामा पुगेको छ। वितरण भएको छ कि छैन बुझ्छौं।'

तथ्यांक नै फाइनल भइनसकेकाले गाउँपालिकाले सरकारी घोषणाअनुसारको रकमको चेक पाए पनि वितरण गरेका छैनन्। भनौं, सरकारी चेक बाटोमै थन्किएको छ। बाढीपीडितको घरमा पुगेको छैन। चेक काटिए पनि सबैलाई पुग्ने रकम छैन। थप रकम केन्द्रबाट आएपछि दिने बताइएको छ।

बाढीपीडितले सदरमुकाम आएर प्रदर्शनसँगै ज्ञापनपत्र बुझाउँदा प्रमुख जिल्ला अधिकारी रमेश केसीले हप्ता दिनभित्र सरकारी राहत प्याकेज पुऱ्याउने घोषणा गर्नुभएको थियो। त्यो पनि बोलीमा मात्रै सीमित भएको छ। प्रजिअ केसीले बाढीपीडितसँग केन्द्रबाट नै राहत आउन ढिलाइ भएको बताइरहेका छन्।

लक्ष्मणपुर बाँध संघर्ष समितिका सचिव राजकुमार शुक्लाले सरकारी राहत प्याकेज नआउँदा बाढीपीडितहरू कुहिएको गहुँ खाएर बाँचिरहेको बताउनुभयो। 'घरभित्र बाढी पस्दा डेरी फुटेर गहुँ पोखिएको थियो। त्यही टिपेर घाममा सुकाएर बाढीपीडितले खाइरहेका छन्', शुक्लाले भन्नुभयो- 'दशैं पनि नजिक आइरहेकाले छिटो सरकारी राहत प्याकेज पुऱ्याउन दबाब दिइरहेका छौं।'

बाँकेमा बाढीपीडितको संख्या १ लाख कट्ने देखिएको छ। १८ हजार बढी घरधुरी फाराम आइसकेको र अरू आउने क्रम चलिरहेकाले बाढीपीडितको संख्या धेरै हुने आकलन गरिएको छ। ३५ वर्षपछि २०७१ मा ठूलो बाढी आएको थियो। त्यतिबेला १२ हजार घरधुरी पीडित भएका थिए। यसपालि पीडितको संख्या त्योभन्दा धेरै हुने देखिएको छ। सबै वडाबाट घरधुरी बढेर आएको अधिकारीहरू नै बताउँछन्।

## भूकम्पले क्षतिग्रस्त भवनमै पठनपाठन गर्नुपर्ने बाध्यता

खोटाङ, (नेस)

खोटाङको रूपाकोट मझुवागढी नगरपालिका-१३ नुनथलाको पञ्चकन्या आभारभूत विद्यालय र जनकल्याण आधारभूत विद्यालयको भवन पुन: मर्मत नहुँदा जोखिम मोलेर पठनपाठन गर्नुपर्ने बाध्यता छ। भूकम्प गएको २ वर्ष बितिसक्दा पनि कुनै निकायबाट सहयोग नपाउँदा जीर्ण भवनमा जोखिम मोलेर पठन-पाठन गर्नुपरेको विद्यालय परिवारले जनाएको छ।

भूकम्पले पञ्चकन्या आधारभूत विद्यालय खाम्लाको तीनकोठे भवनको पूर्वपट्टिको गाह्रो चर्किएर दुई ठाउँ धाँजा फाटेको छ। भूकम्पले चर्काएको विद्यालय भवनको गाह्रोबाट ढुङ्गा/माटो निस्किएर भ्वाङ भएपछि भित्रबाट बाहिर देखिने प्वाल बनेको छ। कक्षा १ देखि ३ सम्मका २४ जना विद्यार्थीलाई सोही जीर्ण भवनमा पठनपाठन गराउनुपर्ने बाध्यता रहेको प्रधानाध्यापक गणेश राईले जानकारी दिनुभयो।

वर्षात्को भलबाढीसम्म पस्ने जनकल्याण आधारभूत विद्यालय हुर्लुङको भवनको हालत पनि उस्तै छ। भूकम्पले ठाउँठाउँमा चिराचिरा बनाएको तीनकोठे भवनमा १ देखि ३ सम्मका २३ जना विद्यार्थीलाई आफूसहित जोखिम मोलेर पठनपाठन गराउनुपरेको प्रधानाध्यापक कल्पना भुजेलले बताउनुभयो।

## चोङछिङ-भीमेश्वर 'सिस्टर सिटी' बन्दै

चिरञ्जीवी मास्के, दोलखा

दोलखाको भीमेश्वर नगरपालिकाले चीनको चोङछिङ महानगरपालिकासँग 'सिस्टरसिप' सम्बन्धका लागि प्रक्रिया शुरू गरेको छ। पूर्वमन्त्री आनन्दप्रसाद पोखरेलको चीन भ्रमणको क्रममा त्यहाँको सरकारसँग भएको सहमतिअनुसार 'सिस्टरसिप' सम्बन्धका लागि प्रक्रिया शुरू गरिएको भीमेश्वर नगरपालिकाले जनाएको छ।

पूर्वमन्त्री एवं सांसद आनन्दप्रसाद पोखरेलले चीन भ्रमणको क्रममा त्यहाँको सरकारले दोलखालाई सहयोग गर्न चासो देखाएको र सोहीअनुसार भीमेश्वर नगरपालिका र चोङछिङ महानगरपालिकाबीच 'सिस्टरसिप' सम्बन्धका लागि प्रक्रिया शुरू गरिएको बताए।

भीमेश्वर नगरपालिकाका प्रमुख भरत केसीले नगरपालिकाले विभिन्न देशसँग 'सिस्टरसिप' सम्बन्धका लागि प्रयत्न गर्ने नीतिगत निर्णय गरेको र सोहीअनुसार चीनको चोङछिङ महानगरपालिकासँग सिस्टरसिप सम्बन्धको थालनी गरिएको बताए। चोङछिङ महानगरपालिकासँग 'सिस्टरसिप' सम्बन्धका लागि स्थानीय विकास मन्त्रालयसँग अनुमति लिएर आवश्यक प्रक्रिया अगाडि बढाइने पनि नगरप्रमुख केसीले बताए।

चीनको चोङछिङ महानगरपालिकाको क्षेत्रफल ४२ हजार स्क्वायर किलोमिटर रहेको छ भने भीमेश्वर नगरपालिकाको क्षेत्रफल १ सय ३३ स्क्वायर किलोमिटर रहेको छ। चोङछिङ महानगरपालिकाको जनसंख्या ३ करोड रहेको छ भने भीमेश्वर नगरपालिकाको जनसंख्या करिब ३५ हजार रहेको नगरपालिकाका सूचना अधिकृत इन्जिनियर सुरेश राउतले बताए। चीनको चोङछिङ महानगरपालिकासँग भीमेश्वर नगरपालिकाले 'सिस्टरसिप'को सम्बन्ध कायम गर्न सक्यो भने भीमेश्वर नगरपालिकाले आर्थिक, सामाजिक, सांस्कृतिक र भौतिक रूपमा ठूलै लाभ लिन सक्ने सूचना अधिकृत राउत बताउँछन्।

चोङछिङ महानगरपालिकासँग 'सिस्टरसिप' सम्बन्ध कायम गर्ने विषयमा बुधबार पूर्वमन्त्री आनन्दप्रसाद पोखरेलसँग भीमेश्वर नगरपालिकाले छलफल गरेको थियो। छलफलमा भीमेश्वर नगरपालिकाका प्रमुख भरत केसी, उपप्रमुख कमला बस्नेत, पूर्वनगरप्रमुख चोकबहादुर दाहाल, वडा नम्बर ४ का वडा अध्यक्ष हरिवंश चौलागाईंलगायतको सहभागिता रहेको थियो।

# प्रदेश नम्बर दुईमा मतदाता शिक्षा प्रभावकारी भएन : पाठक

फिरोज सिद्दिकी, सिरहा

राष्ट्रिय मानव अधिकार आयोगका सदस्य सुदीप पाठकले बदर मत घटाउने उद्देश्यले निर्वाचन आयोगले सञ्चालन गरेको मतदाता शिक्षा कार्यक्रम प्रदेश नम्बर दुईमा प्रभावकारी रूपमा सञ्चालन हुन नसकेको बताउनुभएको छ।

दुई नम्बर प्रदेशको सिरहा, सप्तरी, धनुषा र महोत्तरी जिल्लाको स्थलगत अवलोकन गरेर लहान आइपुगेका पाठकले बुधबार पत्रकार सम्मेलन गरी सो जानकारी गराउनुभएको हो।

पत्रकार सम्मेलनमा आयोगका सदस्य पाठकले असोज २ गते हुने निर्वाचनको प्रचार प्रसारका क्रममा आचार संहिताको उल्लंघनका घटना बढिरहेको बताउनुहुँदै बालबालिकाको प्रयोग, ब्यानर, टोपी, टिसर्टलगायत भड्किलो प्रचारको सामग्री प्रयोग भइरहेकाले अविलम्ब यस्ता क्रियाकलाप बन्द गरिनुपर्ने बताउनुभयो।

सप्तरीको १६ स्थानको मतदान केन्द्र खुलास्थानमा रूखमुनि राखिएकाले यस किसिमको मतदानको व्यवस्था मनव अधिकार आयोगलाई मान्य नहुने बताउँदै यसलाई व्यवस्थित तरिकाले ठूलो त्रिपालमुनि भए पनि व्यवस्थापन गर्नुपर्ने सम्बन्धित निकायलाई आग्रह गर्नुभयो।

निर्वाचन आयोगका प्रमुख आयुक्त अयोधिप्रसाद यादवलाई सप्तरीको राजविराज-९ स्थित राष्ट्रिय प्राथमिक विद्यालयको मतदान केन्द्रमा ३ फिट पानी जमेको जानकारी गराउँदै त्यसलाई व्यवस्थापन गरी मतदान गर्ने वातावरण बनाउनुपर्ने आयोगका सदस्य पाठकले बताउनुभयो।

बाढीपहिरोले आक्रान्त बनाएका यस प्रदेशमा ८० प्रतिशत बाटो तयार भइसकेको सरकारको दाबी रहे पनि हाम्रो अवलोकनले अझै पनि मतदाता मतदान केन्द्रसम्म पुग्न नसक्ने अवस्था रहेको प्रस्ट पार्दै बाटो बनाउन अझै समय रहेकाले ढिलासुस्ती नगरी सहज तरिकाले मतदान केन्द्रसम्म पुग्ने बाटो चाँडो बनाउन आग्रह गर्नुभयो।

निर्वाचन प्रचार प्रसारमा भारतीय सवारी साधनको प्रयोग बढी भएकाले आगामी प्रदेशसभा र प्रतिनिधिसभाको निर्वाचनमा भारतीय गाडीको प्रयोग, निर्वाचन आचार संहिताको पालना सम्बन्धामा राजनीतिक दल र तिनका उम्मेदवारहरूलाई अग्रिम जानकारी गराई निर्वाचनलाई स्वच्छ बनाउन निर्वाचन आयोगलाई आग्रह गर्नुभयो।

## प्रादेशिक सूचना आयोग गठन नहुँदा समस्या

भद्रपुर, (नेस)

राष्ट्रिय सूचना आयोगका प्रमुख आयुक्त कृष्णहरि बास्कोटाले नयाँ संविधानमा प्रादेशिक सूचना आयोग गठनसम्बन्धी कानुन जारी हुन नसक्दा आयोगलाई काम गर्न समस्या परेको बताउनुभयो।

सूचनाको हकसम्बन्धी सरोकारवाला निकायसँग बृहत् छलफल कार्यक्रममा सहभागी हुन झापा आउनुभएका प्रमुख आयुक्त बास्कोटाले प्रशासन कार्यालय, झापामा पत्रकारसँग गरेको संक्षिप्त कुराकानी यस्तो समस्या राख्नुभएको हो।

सरकारले नयाँ संविधानमा सूचना आयोगसम्बन्धी बुँदा नसच्याएर गम्भीर त्रुटि गरेको धारणा राख्नुभएको थियो। सरकारले संविधान संशोधनको बखत प्रादेशिक सूचना आयोगको अभाव भनेर धारा २७ राख्नुपर्ने वा २०६४ को ऐनलाई तत्काल संशोधन गरेर भए पनि प्रादेशिक आयोग गठन गर्नुपर्नेमा जोड दिनुभएको थियो।

अहिलेका स्थानीय तहका जनप्रनितिधि नै स्थानीय सरकार भएको उल्लेख गर्दै अबका दिनमा सम्बन्धित नगरपालिका वा गाउँपालिका प्रमुखले आफ्नो कार्यालयमा हुने गरेका सम्पूर्ण सूचना सार्वजनिक गर्नुपर्ने आयोगको बुँदामा उल्लेख भइसकेको बताउनुभयो।

देशमा सूचनाको हकसम्बन्धी कानुन बनेको १० वर्ष बित्न लाग्दासमेत सरकारी कार्यालय वा अन्य कुनै संघसंस्थाबाट सूचनाको हक पालना नभएको जिकिर गर्दै आमनागरिकले चाहेको बेला तत्काल सूचना उपलब्ध गराउनुपर्ने उनको जोड थियो।

सूचना लुकाउने काम सरकारी कार्यालयबाट भए त्यो सूचनाको हक विपरीत काम भएको बताउँदै सूचना अधिकारीमार्फत पारदर्शीरूपमा सूचना प्रवाह गर्न झापाका सम्बन्धित सरकारी कार्यालय र जनप्रतिनिधिलाई आग्रह गर्नुभएको थियो।

झापाका सूचना अधिकारीमार्फत पत्रकार र आमनागरिकले सहजरूपमा सूचना नपाइरहेको र प्रत्येक तीन/तीन महिना गर्नुपर्ने प्रतिवेदन सार्वजनिक नगरेको विषयमा पत्रकारले राखेको जिज्ञाशामा सरोकारबाला निकायसँग गरिने अन्तर्क्रिया कार्यक्रममा कार्यालय प्रमुख र जनप्रतिनिधिलाई निर्देशन दिनुकासाथै तत्काल सूचानाको हक कार्यान्वयनमा गराउन पहल गरिने बताउनुभयो। आयोगले कम्तीमा १५ दिन लिखित सूचना दिनुपर्ने कानुन बनाए पनि कार्यालयले तत्काल उपलब्ध गराउन सक्ने सूचना दिनलाई दिन पर्खिनु नपर्ने उहाँको भनाइ थियो।

## महँगोमा टमाटर किन्न बाध्य

बझाङ, (नेस)

दशैं नजिकिँदै गर्दा जिल्लाका व्यापारीले एक किलो टमाटरको १ सय ९० रुपियाँसम्म लिन थालेका छन्।

स्थानीयस्तरमा टमाटर उत्पादन घटेपछि धनगढीबाट ल्याएको भन्दै व्यापारीले दशैं नजिकिँदै गर्दा एक किलो टमाटरको १ सय ९० रुपियाँ मूल्य लिन थालेका हुन्।

मष्टा गाउँपालिकाका टेकबहादुर खड्का भन्छन्- 'बारीमा लगाएको टमाटर जति औषधि राख्दा पनि उपचार गर्न सकिएन। सबै दाना र बोट रोग लागेर सुके। बारी बाँझै छन्, टमाटर खान मन लागेपछि सदरमुकाम चैनपुर आएर एक किलो टमाटरको १ सय ९० रुपियाँमा किन्नुपर्ने बाध्यता छ।'

जिल्लाका कुनै पनि गाउँबाट अहिले टमाटर आउँदैन, स्थानीय भए १/२ रुपियामाँ विक्री गर्ने गरेको थियो। यो वर्ष टमाटर धनगढीबाट ल्याउँदा महँगो हुनुका साथै बीच बाटामा कुहिने गरेको छ।

## बजार अनुगमन शुरू

भक्तपुर, (नेस)

दशैंतिहारजस्ता प्रमुख चाडपर्व नजिकिएसँगै जिल्ला प्रशासन कार्यालय भक्तपुरले बुधबारबाट बजार अनुगमन शुरू गरेको छ।

टोलीले मध्यपुरको बाखाबजार र गठ्ठाघरमा रहेको खाद्यान्न पसल र मिनी मार्टमा अनुगमन गरेको छ। अनुगमनको क्रममा टोलीले चारवटा खाद्यान्न पसलबाट २ बोरा म्याद गुज्रिएको अखाद्य वस्तु बरामद गरेको छ। जसमा रमेश थापा स्टोरबाट किरा परेको पाउरोटीको धुलो, जौको पिठो भेटिएको थियो।

त्यस्तै ठिमी ट्रेड सेन्टरबाट म्याद गुज्रिएको खाद्यान्न तथा मसला भेटिएको थियो भने अंकुर कल्पवृक्ष स्टोरबाट म्याद गुज्रिएको ड्राइमिट, भटमासको तेल १६ लिटर तथा पिठो फेला पारेको थियो। बरामद गरिएका अखाद्य सामग्री जिल्ला प्रशासन कार्यालय लगिएको छ। बजार अनुगमनका क्रममा भक्तपुरका अधिकांश खाद्यान्न पसलमा मूल्यसूची नराखेको, नगरपालिकामा पसल दर्ता नगरी सञ्चालन गरेको, अखाद्य वस्तुसँगै राखेर खाद्यान्न विक्री गरेको, सामान विक्री गर्दा बिल दिने नगरेको अनुगमन टोलीले जनाएको छ।

अनुगमन जिल्लाका चारवटै नगरपालिकामा एक हप्तासम्म गर्ने प्रशासनले जनाएको छ।

## प्रहरी टोली सुडानतर्फ

काठमाडौं, (नेस)

प्रहरी अतिरिक्त महानिरीक्षक माधवप्रसाद जोशीले डार्फर सुडान अनमिड मिसनमा खटिई जाने प्रहरी कर्मचारीहरुलाई प्रहरी प्रधान कार्यालयमा बुधबार आयोजित समारोहमा बिदाइ गर्नुभयो। सो अवसरमा प्रहरी अतिरिक्त महानिरीक्षक जोशीले मिसनमा खटी जाने प्रहरी कर्मचारीलाई बधाई तथा शुभकामना दिँदै मिसनमा व्यक्ति खटी जाने भए पनि संगठन र राष्ट्रको प्रतिनिधित्व हुने मनन गरी काम गर्नुपर्ने बताउनुभयो।

### राज्यविहीन...

त्यहाँका नेपालीलाई ल्हासा वाणिज्य दूतावास र त्यहींको 'नेपाली दु:ख निवारण संस्था'ले बेला मौकामा आर्थिक सहयोग पनि उपलब्ध गराउँदै आएका छन्।

वाणिज्य दूतावासले नयाँ वर्ष र चाडपर्वका अवसरमा र सो संस्थाले मासिकरूपमा आर्थिक तथा अन्य जिन्सी सहयोग उपलब्ध गराउँदै आएको पूर्व नियोग प्रमुख बत्स्यालले जानकारी दिनुभयो।

'दु:ख निवारण संस्थाले त्यहाँका नेपालीको पारिवारिक र आर्थिक अवस्थाका आधारमा मासिकरूपमा ६ देखि ७ सय आरएमबी आर्थिक सहयोग गर्दै आएको छ', उहाँले भन्नुभयो- 'महावाणिज्य दूतावासले चाडपर्वका अवसरमा खाद्यान्न र २/३ सय आरएमबी उपलब्ध गराउने गरेको छ।'

त्यहाँका नेपालीको समस्या सम्बोधन गर्न एमआरपी बनाउन अनिवार्य मानिएको नागरिकता र नागरिकता नम्बरको बदलामा 'विशेष कोर्ड'को व्यवस्था गरेर एमआरपी जारी गर्न सकिने विकल्पसहितको सुझाव बेइजिङस्थित नेपाली दूतावासले सरकारलाई दिएको छ। तर यस्तो सुझाव राहदानी विभागलाई प्राप्त नभएको सो विभागका महानिर्देशक रामकाजी खड्काले बताउनुभयो।

यो विषय गम्भीर प्रकृतिको भएकाले सरकारले कूटनीतिक तवरबाट निकास खोज्नु उत्तम हुने उहाँको भनाइ छ। खड्काले भन्नुभयो- 'अहिले त्यहाँका नागरिकलाई उपलब्ध गराइने हस्तलिखित पासपोर्ट अल्पकालीन विकल्प मात्रै हो, दीर्घकालीन समाधानका लागि कूटनीतिक पहल जरुरी छ।'

### ६६ हजार...

आयोगले सशस्त्र द्वन्द्वको क्रममा भएका हत्या, अपहरण तथा शरीर बन्धक, अङ्गभङ्ग वा अपाङ्ग बनाउने, शारीरिक वा मानसिक यातना, बलात्कार तथा यौनजन्य हिंसा, व्यक्तिगत वा सार्वजनिक सम्पत्ति लुटपाट, कब्जा, तोडफोड वा आगजनी, घरजग्गाबाट जबरजस्ती निकाला वा अन्य कुनै किसिमबाट विस्थापन, अन्तर्राष्ट्रिय मानव अधिकार वा मानवीय कानुन विपरीत गरिएका जुनसुकै किसिमका अमानवीय कार्य वा मानवताविरुद्धको अन्य अपराधका बारेमा छानविन गरी सत्य तथ्य पत्ता लगाई पीडितलाई क्षतिपूर्ति प्रदान गर्ने लक्ष्य राखेको छ।

गत माघ २६ गते आयोगको म्याद सकिए पनि आयोगले आफ्नो कार्यलाई पूर्णता नदिएपछि थप एक वर्षका लागि दुवै आयोगको समय अवधि सरकारले बढाएको हो। आयोगले आगामी माघ अन्तिम सातासम्म उजुरीहरूको विस्तृत अध्ययन, पीडितको माग, उजुरीकर्ताहरूको फारम संकलन, पीडकलाई कानुनअनुसार कारबाहीका लागि सिफारिस र पीडितलाई राहत उपलब्ध गराइसक्नुपर्ने जिम्मेवारी छ।

बेपत्ता पारिएका व्यक्तिहरूको छानबिन आयोगले अहिलेसम्म ३ हजार ९३ वटा उजुरी दर्ता भएको बताएको छ। जसमध्ये ३ सय २९ थान उजुरी सत्य निरुपण तथा मेलमिलाप आयोगमा पठाइएको छ। यस्तै एउटै व्यक्तिलाई १ सय ११ थान दोहोरो उजुरी परेको आयोगको तथ्याङ्कमा उल्लेख छ। सशस्त्र द्वन्द्वसँग सम्बन्धित नदेखिएका २ सय २८ थान उजुरीलाई तामेलीमा राखिएको छ।

एक हजार ३ सय २१ थान उजुरीको विस्तृत अध्ययन भइरहेको र जसमध्ये १ सय ५७ थान उजुरी आठवटा समूह बनाएर तीव्ररूपमा अनुसन्धान गरिएको आयोगका अध्यक्ष लोकेन्द्र मल्लिकले बताउनुभयो। १ सय ४ वटा उजुरीको प्रारम्भिक छानविन सम्पन्न भएर अगाडि बढेको छ।

माघ मसान्तसम्म सबै काम सकिएला त भन्ने प्रश्नमा आयोगका अध्यक्ष मल्लिक भन्नुहुन्छ- 'निकै गाह्रो छ। सक्दो लागिपरेका छौं। यदि आयोगको म्याद थपिएन भने अहिलेसम्म गरेका कामहरूका बारेमा सरकारलाई जानकारी गराउँछौं।' अहिलेसम्म आयोगले आफ्नो कामलाई द्रुतरूपमा अघि बढाएको बताउँदै आए पनि तोकिएको समयावधिमा काम नसकिने लगभग पक्कापक्की भएको छ। व्यक्ति बेपत्ता पार्नुको कारण, प्रकृति र स्तरको सत्यता जाँच गरी अभिलेख राख्ने, पीडितको अवस्थाको बारेमा छानबिन गर्ने, पीडितका परिवारलाई परिचयपत्र वितरण गर्ने, पीडितका परिवारका लागि परिपूरणको सिफारिस गर्ने आयोगको उद्देश्य रहे पनि अझै आयोगले उजुरीमाथिको छानबिनलाई पूर्णता दिन सकेको छैन।

### मेलम्चीपछि...

सरकारका विभिन्न निकायबीच समन्वय नहुँदा एउटाले खन्ने अर्कोले भत्काउने चलन चलिरहेको काठमाडौं महानगरपालिका मेयर विद्यासुन्दर शाक्यले बताउनुभयो। विकासका लागि समन्वय हुनुपर्नेमा उहाँले जोड दिनुभयो। 'काम जति अरूले बिगार्छन् अनि गालि जति मलाई दिन्छन्', उहाँले भन्नुभयो- 'विकासको काममा समन्वय नहुँदा मैले बेकारमा गालि खाइरहेको छु।' जे जस्तो भए पनि प्राधिकरणले सडक खनेर तारहरू बिछ्याउने कामको थालनी गरेको छ। प्राधिकरणले यसका लागि बोलपत्र आह्वान गर्ने कामलाई अन्तिम रूप दिएको छ।

'पहिलो चरणमा प्रसारण प्रणालीलाई भूमिगत गर्नका लागि बोलपत्र आह्वान गर्ने तयारी गर्दै छौं', प्राधिकरणका आयोजना व्यवस्थापन निर्देशनालयका निमित्त उपकार्यकारी निर्देशक मनोज सिलवालले भन्नुभयो- 'हामीले सेप्टेम्बर २० मा महाराजगन्ज र अक्टोबर ६ मा रत्नपार्क वितरण केन्द्रको बोलपत्र आह्वान गरेर काम अगाडि बढाउँदै छौं।' उहाँका अनुसार प्राधिकरणले राजधानीमा भूमिगत विद्युत् प्रसारण (अन्डरग्राउन्ड ट्रान्समिसन) प्रणाली निर्माणसँगै स्मार्ट मिटर र स्वचालित वितरण प्रणालीको विकास गर्न लागेको छ।

भूमिगतरूपमा विद्युत् प्रसारण लाइन निर्माणसँगै वितरण प्रणाली पनि उच्च प्रविधियुक्त बनाइनेछ। स्मार्ट मिटरको प्रयोग र उच्च प्रविधियुक्त स्वचालित वितरण प्रणाली विकसित मुलुकहरूमा अभ्यासमा रहेको र यस्तो प्रविधि बिस्तारै नेपालमा पनि लागू गर्न लागिएको प्राधिकरणको भनाइ छ। पहिलो चरणमा रत्नपार्क र महाराजगन्जवितरण केन्द्रअन्तर्गतका हालका करिब ९० हजार मिटरहरू प्रतिस्थापन हुनेछन् भने केही वर्षभित्र उपत्यकाका ३ लाख ६० हजार मिटरहरूलाई प्रतिस्थापन गरिने प्राधिकरणले जनाएको छ।

एसियाली विकास बैंक (एडीबी)को आर्थिक सहयोगमा हुन लागेको यस कार्यका लागि पहिलो चरणमा १५ करोड रुपियाँ खर्च हुने भएको छ। प्राधिकरणले यो कार्य थालेमा अब राजधानीको सडक पेटीमा विद्युत्‌को पोल र हाइटेन्सन लाइनको नाङ्गो तार देख्न पाइनेछैन। खुलारूपमा बाटोमा हाइटेन्सन लाइनको नाङ्गो तारका कारण कयौं बटुवा जोखिम मोलेर हिँड्न बाध्य छन्।

Government of Nepal
Ministry of Physical Infrastructure and Transport
Department of Roads
Postal Highway Project Directorate

Amendment No.2 of Notice No.: 02-2074/75

Date: 2074/05/29

Following correction has been made in the Notice 02-2074/75 published by the Project in Nepal Samacharpatra National Daily on 2074/04/32

1. For contracts: HRP/3372244/073/74/UR-005, HRP/3372244/073/74/UR-007 and HRP/3372244/073/74/UR-008

| | |
|---|---|
| Last Date of Bid Purchase: | upto 5:00 P.M. of 2074/06/08. |
| Last Date of Bid Submission: | upto 12:00 P.M. of 2074/06/09. |
| Bid Opening Date: | 1:00 P.M. of 2074/06/09. |
| Office code No.: | 27-337-82. |

2. For Contract no. HRP/3372244/073/74/UR-006, Upgrading of Hardi to Bhelhi Road, Mahottari (10.71 Km) has been cancelled due to Special Reasons.

Project Director



# अर्थ

2017, SEP
Thursday
14

खुद्रा व्यापारीहरूले चामल र दाल लगायत खाद्यान्न वस्तुको मूल्यमा वृद्धि गरेका छन्। गत साउन अन्तिम साता तराईमा आएको बाढीले बालीनालीमा मात्र नभई भण्डारण गरिएको खाद्यान्नमा क्षति पुगेको र खाद्यान्न अभाव भएको भन्दै चामल र दालको मूल्य बढाएका हुन्।

## एनएमबी बैंक र आभार फाउन्डेसनबीच सम्झौता



काठमाडौं(नेस)

एनएमबि बैंकले आभार फाउन्डेसन साग बिपन्नवर्गका ग्राहकहरूलाई लक्षित गरेर माईक्रो फाइनान्स् सेवा सम्बन्धी सम्झौता गरेको छ।

सम्झौतापत्रमा बैंकका प्रमुख कार्यकारी अधिकृत सुनिल के.सी. र आभार फउन्डेसनका जनरल सेक्रेटरी सुरेन्द्र सिलवाले हस्ताक्षर गर्नुभयो। सो सम्झौताबाट एनएमबि बैंक आफैले वा बैंकको सहायक कम्पनी एनएमबि माईक्रो फाइनान्स् वित्तिय संस्था मार्फत आभार फाउन्डेसनका कार्यक्षेत्रमा पर्ने जिल्लाहरू ताप्लेजु[illegible], दोलखा, सिरहा, नवलपरासी र कपिलबस्तुमा कृषि, पशु, साना मझौला ब्यवसाय तथा कारखाना र घरेलु तथा साना उद्योगमा बिभिन्न खाले कर्जाहरू उपलब्ध गराउनेछ।

विपन्न वर्गहरूलाई नै लक्षित गरेर ल्याइएको यस कर्जाको मुख्य बिशेषता भनेकै विपन्न ग्राहकले कर्जा वापत बैंकलाई भुक्तानी गरेको सम्पुर्ण ब्याज रकम फिर्ता हुने रहेको छ।

सम्झौता हस्ताक्षर कार्यक्रममा बोल्दै एनएमबि बैंकका प्रमुख कार्यकारी अधिकृत सुनील के.सी. लेसम्झौताबाट बिपन्न वर्गहरूको वित्तीय आवश्यकता सम्वोधन हुनेमा आफू विश्वस्त रहेको जानकारी दिनुभयो।

## मेड इन पाकिस्तान मेला शुरू

काठमाडौं (नेस)

आठौं (मेड इन पाकिस्तान) पाकिस्तानमा उत्पादित विभिन्न सामग्रीहरू राजधानीको त्रिपुरेश्वरस्थितको ट्रेड सेण्टरमा बुधवार प्रदर्शनी गरिएको छ।

पाकिस्तानी राजदूतावासको समन्वयमा भएको सो मेलामा छाला तथा हस्तकलाको सामग्री राखिएको छ। सो मेलाले दुई देशबीचको सम्वन्ध विस्तारमा थप सहयोग पुऱ्याउने विश्वास गरिएको छ।

वाणिज्यमन्त्री मीनबहादुर विश्वकर्मा र नेपालका लागि पाकिस्तानका राजदूत मज्हर जावेदले संयुक्त रूपमा सो प्रदर्शनीको उद्घाटन गर्नुभयो।

सो अवसरमा मन्त्री विश्वकर्माले नेपाल र पाकिस्तानबीच दौंत्य सम्बन्ध तथा जनस्तरको सम्बन्धलाई अझ विस्तार गर्न प्रदर्शनीले सघाउने विश्वास व्यक्त गर्नुभयो। नेपाल सरकारका मुख्य सचिव राजेन्द्रकिशोर क्षत्रीले सार्कको संस्थापक सदस्य हुनाका नाताले दुई देशले व्यापार बढाउन सहयोग मेला उपयोगी रहेको धारणा राख्नुभयो।

प्रदर्शनी सात दिन सम्म चल्ने छ। मेलामा भाग लिन पाकिस्तानका ५० जना व्यावसायीहरू नेपाल आएका छन्। मेलामा लत्ता कपडा, फुटवयर छालाजन्य सामाग्री ज्वेलरी र फर्निचरजन्य सामाग्री राखिएको छ।

## जगदम्बा सिमेन्टको 'हाम्रो घर'

काठमाडौं, (नेस)





जगदम्बा सिमेन्टले ...हाम्रो घर' नामको एप सार्वजनिक गरिएको छ। कम्पनीले घर बनाउन चाहिने निर्माण सामाग्री र तिनको मूल्य तथा प्रयोगबारे सर्वसाधारणलाई जानकारी गराउने उद्देश्यले सो एप ल्याएको हो।

नयाँ एप सिमेन्ट उद्योगको इतिहासमा नेपालमै पहिलो पटक निर्माण सम्बन्धी हरेक जिज्ञासाको समाधान गर्ने एप हो।

नयाँ एपले निर्माण सम्वन्धी काम गर्ने इन्जिनियर, कन्ट्रयाक्टर, डिलर तथा आवश्यक उपकरणबारे जानकारी दिने बताईएको छ। त्यस्तै भूकम्पप्रतिरोधी घर निर्माण प्रक्रिया, घरका लागि पर्ने आवश्यक लागत पनि यसबाट थाहा पाइने छ। जग्गाको क्षेत्रफल निर्धारण गर्ने कम्पास पनि यसमा समाहित छ।

## उपभोक्ता मञ्चको १२औं साधारण सभा

नेपाल समाचारपत्र

काठमाडौं

आपूर्ति मन्त्री शिवकुमार मण्डलले आफूले अनुगमनको नाउामा अनुगमन नगरेको भन्दै उपभोक्तालाई ठग्ने व्यापारीलाई कानून बमोजिम कारवाही गर्ने बताउनुभएको छ।

राष्ट्रिय उपभोक्ता मञ्चको १२ स्थापना दिवस तथा १२ औं साधारणसभाको राजधानीमा उद्घाटन गर्दै उहाले सो कुरा बताउनुभएको हो।

समारोहमा राष्ट्रिय उपभोक्ता मञ्चका अध्यक्ष प्रेमलाल महर्जनले अनुगमन गर्ने नियामक निकाय, व्यवसायी र उपभोक्ताहरूलाई उपभोक्ता अधिकारबारे सचेत गराउन मञ्चले निर्वाह गरेको भूमिकालाई केन्द्रीत गर्दै आ आफ्नो धारणा राख्नुभयो।

सो अवसरमा उपभोक्ताको क्षेत्रमा उल्लेखनीय योगदान पुऱ्याए वापत चार विधाका व्यक्तित्वलाई सम्मान गरिएको थियो। सम्मानित हुनेमा नियामक निकाय तर्फ कृषि विभागका महानिर्देशक डा. डिल्लीराम शर्मा, आपूर्ति मन्त्रालयका उप सचिव उर्मिला केसी, व्यावसायिक क्षेत्र तर्फ ललितपुर उद्योग वाणिज्य संघका अध्यक्ष सविन श्रेष्ठ, राष्ट्रिय उपभोक्ता मञ्च, बर्दियाका अध्यक्ष विष्णु तिमिल्सिना र ललितपुर जिल्ला महिला समितिका अध्यक्ष श्री निना श्रेष्ठ रहनुभएको छ।

सो अवसरमा आपूर्ति मन्त्रालयका नि.सचिव मुकुन्दप्रसाद पौडेल, आपूर्ति मन्त्रालयले उपभोक्ता हितका लागी ऐन कानून परिमार्जन गर्नुको साथै उपभोक्ता अधिकारकर्मी संस्थाहरूलाइ समेत नियमनको दायरामा ल्याउनको लागी पहल गरिरहेको बताउनुभयो।


### हिमाल स्टील आजको भाउ

ज्योति

| | टोरस्टिल | | | टि. एम. टि. टेम्पकोर | | | टोरकारी | एनिल्ड |
|---|---|---|---|---|---|---|---|---|
| | ८ मि.मि. | १०-२० मि.मि. | २५-३२ मि.मि. | ८ मि.मि | १०-२० मि.मि | २५-३२ मि.मि. | ४.७५-७ मि.मि. | |
| काठमाडौं | ७७.८५ | ७६.८५ | ७९.३५ | ७८.३५ | ७५.३५ | ७७.८५ | ७७.६५ | ८७.२२ |
| बीरगंज | ७५.९५ | ७४.९५ | ७७.४४ | ७६.४५ | ७३.४५ | ७५.९४ | ७५.७५ | ८५.४२ |
| विराटनगर | ७६.४५ | ७५.४५ | ७७.९४ | ७६.९५ | ७३.९५ | ७६.४४ | ७६.२५ | ८६.०२ |

• अन्त: शुल्क/भ्याट बाहेक प्रति किलो मूल्य • ५०० के.जी. माथि नेपालभरि फ्रि होम डेलिभरी
• अन्य ठाउँको मूल्य नजीकको डिपोबाट लिनु होला। तौलमा हुक र चुरा समावेश छ।







RHINO GUARANTEED DUCTILITY Fe 500D

### बिक्री मूल्य रू. प्रति किलोग्राम

| स्थानहरू | राईनो स्टील | | | |
|---|---|---|---|---|
| | ८ एम.एम | १०-२० एम.एम | २५ एम.एम | २८-३२ एम.एम |
| काठमाडौं, भक्तपुर, ललितपुर, बनेपा | ७८ | ७५ | ७८ | ७८ |
| सिमरा, वीरगञ्ज, कलैया, हेटौंडा | ७६/४० | ७३/४० | ७६/४० | ७६/४० |
| मलंगवा, जनकपुर, नारायणघाट | ७७ | ७४ | ७७ | ७७ |
| लाहान, विराटनगर, धरान, इटहरी, बुटवल, भैरहवा, कृष्णनगर | ७७ | ७४ | ७७ | ७७ |
| विर्तामोड, दमक, नेपालगञ्ज, धनगडी | ७८ | ७५ | ७८ | ७८ |
| पोखरा, स्याङजा | ७८ | ७५ | ७८ | ७८ |

नोट: उपरोक्त मूल्यमा १ रुपैयाँ प्रति के. जी. अन्तशुल्क र १३% मु.अ.कर थप लाग्नेछ ।
नेपालमा पहिलो पटक, नेपालकै लागि
NS:191 IS:1786
Available at Samakhushi (01-4384786), Swayambhu (9841356008), Satungal (9841687562), Dhumbarai (01-446169) Sanepa ( 01-5525049 / 01-5555259), Bhaktapur (01-6616205), Banepa (9851054994), Pokhara (9845494757), Gwarko (01-5200333, 9851027694), Dakshindhoka, Jorpati (9851007467)






### विनिमय दर

नेपाल राष्ट्र बैंक
केन्द्रीय कार्यालय
विदेशी विनिमय व्यवस्थापन विभाग
२०७४ भदौ २९ सेप्टेम्बर १४ २०१७

#### खुला बजार विनिमय दर नेपाल राष्ट्र बैंकको

| | खरिद दर | बिक्री दर |
|---|---|---|
| भारतीय रुपियाँ १०० का रु. | १६०.०० | १६०.१५ |
| अमेरिकी डलर १ का रु. | १०२।१० | १०२।७० |
| युरो १ का रु. | १२२।३३ | १२३।०५ |
| पाउन्ड स्टर्लिङ १ का रु. | १३५।५३ | १३६।३२ |
| स्विस फ्रन्क १ का रु. | १०६।३७ | १०७।०० |
| अस्ट्रेलियन डलर १ का रु. | ८२।०७ | ८२।५६ |
| क्यानाडियन डलर १ का रु. | ८४।०९ | ८४।५८ |
| सिङ्गापुर डलर १ का रु. | ७५।८७ | ७६।३१ |
| जापानी यन १० का रु. | ९।२८ | ९।३३ |
| चिनियाँ युआन १ का रु. | १५।६३ | १५।७२ |
| साउदी अरब रियाल १ का रु. | २७।२३ | २७।३९ |
| कतारी रियाल १ का रु. | २८।०४ | २८।२० |

| | खरिद दर | बिक्री दर |
|---|---|---|
| थाई भाट १ का रु. | ३।०९ | ३।१० |
| सं. अरब इमिरट दिराम १ का रु. | २७।८० | २७।९६ |
| मलसियन रिङ्गिट १ का रु. | २४।३६ | २४।५० |
| दक्षिण कारियन वन १०० का रु. | ९।०६ | ९।११ |

#### खरिद दर

| | |
|---|---|
| स्विडिस क्रानर १ का रु. | १२।८२ |
| डनिस क्रानर १ का रु. | १६।४४ |
| हङकङ डलर १ का रु. | १३।०७ |

**नोट:** वर्तमान व्यवस्था अन्तर्गत वणिज्य बैङ्कहरूले तोकेका खुला बजार विनिमय दर भने फरक हुन सक्नेछ। चिनियाँ युआन चिनियाँ पर्यटक, नेपाली निर्यातकर्ता तथा आयातकर्ता, चीन भ्रमणमा जाने नेपाली नागरिकहरू र चीनमा अध्ययन गर्ने विद्यार्थीसँग मात्र खरिद/बिक्री गर्न पाइने।

## SHARE MARKET

12 SEPTEMBER TUESDAY, 2017

| S.No. | Traded Companies | Total Share | Max. Price | Min. Price | CP Price | Diff Rs. |
|---|---|---|---|---|---|---|
| 1 | Agriculture Development Bank Limited | 32249.00 | 423.00 | 418.00 | 420.00 | -1.00 |
| 2 | Api Power Company Ltd. | 8663.00 | 579.00 | 557.00 | 567.00 | 7.00 |
| 3 | Arun Finance Limited | 950.00 | 170.00 | 162.00 | 170.00 | 5.00 |
| 4 | Arun Kabeli Power Ltd. | 2061.00 | 335.00 | 326.00 | 330.00 | 0.00 |
| 5 | Arun Valley Hydropower Dev. Co. Ltd. | 8928.00 | 214.00 | 206.00 | 214.00 | 0.00 |
| 6 | Asian Life Insurance Co. Limited | 5097.00 | 1495.00 | 1453.00 | 1461.00 | -9.00 |
| 7 | Asian Life Ins. Co. Ltd Pro. Share | 24000.00 | 800.00 | 800.00 | 800.00 | 0.00 |
| 8 | Bank of Kathmandu Ltd. | 18376.00 | 422.00 | 415.00 | 419.00 | -1.00 |
| 9 | Barun Hydropower Co. Ltd. | 350.00 | 218.00 | 212.00 | 218.00 | 8.00 |
| 10 | Bhargav Bikash Bank Ltd. | 1340.00 | 268.00 | 256.00 | 256.00 | -7.00 |
| 11 | Bottlers Nepal (Terai) Limited | 60.00 | 6899.00 | 6627.00 | 6627.00 | -151.00 |
| 12 | Butwal Power Company Limited | 3477.00 | 618.00 | 605.00 | 618.00 | 11.00 |
| 13 | Central Finance Co. Ltd. | 884.00 | 180.00 | 175.00 | 175.00 | -5.00 |
| 14 | Century Commercial Bank Ltd. | 49155.00 | 220.00 | 215.00 | 215.00 | -2.00 |
| 15 | Chhimek Laghubitta Bikas Bank Limited | 3603.00 | 1474.00 | 1418.00 | 1427.00 | -19.00 |
| 16 | Chhyangdi Hydropower Ltd. | 184.00 | 163.00 | 156.00 | 163.00 | -1.00 |
| 17 | Chilime Hydropower Company Limited | 4620.00 | 770.00 | 740.00 | 770.00 | 15.00 |
| 18 | Citizen Bank International Limited | 9829.00 | 293.00 | 290.00 | 291.00 | -1.00 |
| 19 | Citizen Investment Trust | 2048.00 | 3549.00 | 3450.00 | 3549.00 | 109.00 |
| 20 | Civil Bank Ltd | 34007.00 | 224.00 | 220.00 | 221.00 | -3.00 |
| 21 | Civil Laghubitta Bittiya Sanstha Ltd. | 235.00 | 1270.00 | 1260.00 | 1265.00 | -30.00 |
| 22 | Deprosc Development Bank Limited | 9573.00 | 1324.00 | 1280.00 | 1281.00 | -24.00 |
| 23 | Deva Bikas Bank Limited | 15533.00 | 251.00 | 239.00 | 243.00 | -4.00 |
| 24 | Dibyashwori Hydropower Ltd. | 73.00 | 155.00 | 155.00 | 155.00 | 1.00 |
| 25 | Everest Bank Limited | 10841.00 | 1210.00 | 1170.00 | 1190.00 | -20.00 |
| 26 | Everest Bank Limited Con. Pref. | 84.00 | 814.00 | 769.00 | 814.00 | 45.00 |
| 27 | Everest Insurance Co. Ltd. | 1911.00 | 2700.00 | 2650.00 | 2650.00 | 0.00 |
| 28 | Excel Development Bank Ltd. | 1811.00 | 471.00 | 455.00 | 471.00 | 2.00 |
| 29 | First Micro Finance Dev. Bank Ltd. | 7747.00 | 900.00 | 830.00 | 850.00 | -26.00 |
| 30 | Forward Community Mic. Bittiya San. Ltd. | 1171.00 | 3750.00 | 3660.00 | 3673.00 | -40.00 |
| 31 | Gandaki Bikas Bank Limited | 6232.00 | 370.00 | 355.00 | 355.00 | -8.00 |
| 32 | Garima Bikas Bank Limited | 15889.00 | 250.00 | 239.00 | 244.00 | -3.00 |
| 33 | General Finance Ltd. | 5350.00 | 118.00 | 110.00 | 118.00 | 3.00 |
| 34 | Global IME Bank Limited | 35695.00 | 370.00 | 360.00 | 362.00 | -7.00 |
| 35 | Global IME Samunnat Scheme-1 | 7500.00 | 9.80 | 9.80 | 9.80 | -0.20 |
| 36 | Goodwill Finance Co. Ltd. | 100.00 | 180.00 | 180.00 | 180.00 | -1.00 |
| 37 | Green Development Bank Ltd. | 30.00 | 530.00 | 515.00 | 515.00 | -25.00 |
| 38 | Guheshowori Mer. Bank & Fin. Co. Ltd. | 88.00 | 257.00 | 256.00 | 257.00 | 2.00 |
| 39 | Gurans Life Insurance Company Ltd. | 3331.00 | 1060.00 | 1002.00 | 1002.00 | -38.00 |
| 40 | Gurkhas Finance Ltd. | 601.00 | 186.00 | 184.00 | 186.00 | 3.00 |
| 41 | Hamro Bikas Bank Ltd. | 2749.00 | 193.00 | 188.00 | 189.00 | -7.00 |
| 42 | Himalayan Bank Limited | 3474.00 | 868.00 | 820.00 | 820.00 | -15.00 |
| 43 | Himalayan Distillery Limited | 110.00 | 1323.00 | 1297.00 | 1297.00 | -53.00 |
| 44 | Himalayan General Insurance Co. Ltd | 2307.00 | 739.00 | 715.00 | 715.00 | -13.00 |
| 45 | Himalayan Power Partner Ltd. | 12248.00 | 395.00 | 382.00 | 387.00 | -10.00 |
| 46 | ICFC Finance Limited | 2359.00 | 276.00 | 268.00 | 268.00 | 2.00 |
| 47 | Jalabidyut Lagani tatha Bikas Co. Ltd. | 8941.00 | 175.00 | 167.00 | 172.00 | 0.00 |
| 48 | Janaki Finance Ltd. | 338.00 | 268.00 | 258.00 | 268.00 | 5.00 |
| 49 | Janata Bank Nepal Ltd. | 97328.00 | 252.00 | 239.00 | 241.00 | -3.00 |
| 50 | Janautthan Sam. Lag. Bikas Bank Ltd. | 168.00 | 3830.00 | 3724.00 | 3780.00 | -19.00 |
| 51 | Jebils Finance Ltd. | 1612.00 | 144.00 | 140.00 | 140.00 | -6.00 |
| 52 | Jyoti Bikas Bank Limited | 9238.00 | 181.00 | 175.00 | 179.00 | 1.00 |
| 53 | Kailash Bikas Bank Ltd. | 862.00 | 290.00 | 280.00 | 285.00 | -5.00 |
| 54 | Kalika Microcredit Dev. Bank Ltd. | 894.00 | 1943.00 | 1905.00 | 1910.00 | -31.00 |
| 55 | Kamana Sewa Bikas Bank Limited | 93673.00 | 220.00 | 202.00 | 203.00 | -21.00 |
| 56 | Kanchan Development Bank Limited | 125.00 | 242.00 | 241.00 | 241.00 | -4.00 |
| 57 | Kankai Bikas Bank Ltd. | 345.00 | 203.00 | 202.00 | 202.00 | -4.00 |
| 58 | Karnali Development Bank Limited | 208.00 | 258.00 | 254.00 | 258.00 | -1.00 |
| 59 | Khanikhola Hydropower Co. Ltd. | 466.00 | 160.00 | 153.00 | 158.00 | 3.00 |
| 60 | Kisan Microfinance Bittiya Sanstha Ltd. | 512.00 | 2500.00 | 2410.00 | 2500.00 | 91.00 |
| 61 | Kumari Bank Limited | 25694.00 | 289.00 | 282.00 | 285.00 | -4.00 |
| 62 | Laxmi Bank Limited | 7194.00 | 322.00 | 315.00 | 319.00 | -2.00 |
| 63 | Laxmi Equity Fund | 500.00 | 10.07 | 10.07 | 10.07 | 0.20 |
| 64 | Laxmi Laghubitta Bittiya Sanstha Ltd. | 180.00 | 1951.00 | 1791.00 | 1791.00 | -199.00 |
| 65 | Laxmi Value Fund-1 | 55300.00 | 11.01 | 10.95 | 11.00 | 0.00 |
| 66 | Life Insurance Co. Nepal | 2110.00 | 2070.00 | 2010.00 | 2015.00 | -15.00 |
| 67 | Lumbini Bikas Bank Ltd. | 7189.00 | 205.00 | 200.00 | 200.00 | -1.00 |
| 68 | Lumbini General Insurance Co. Ltd. | 4034.00 | 916.00 | 891.00 | 891.00 | -9.00 |
| 69 | Machhapuchhre Bank Limited | 7918.00 | 315.00 | 310.00 | 313.00 | 1.00 |
| 70 | Mahalaxmi Bikas Bank Ltd. | 10069.00 | 224.00 | 218.00 | 218.00 | -1.00 |
| 71 | Mahila Sahayatra Mic. Bittiya San. Ltd. | 333.00 | 1125.00 | 1100.00 | 1100.00 | -24.00 |
| 72 | Manjushree Finance Ltd. | 4560.00 | 146.00 | 142.00 | 144.00 | -1.00 |
| 73 | Mero Microfinance Bittiya Sanstha Ltd. | 1137.00 | 2340.00 | 2260.00 | 2315.00 | 10.00 |
| 74 | Mirmire Microfinance Dev. Bank Ltd. | 145.00 | 3197.00 | 3075.00 | 3197.00 | 61.00 |
| 75 | Mission Development Bank Ltd. | 295.00 | 261.00 | 260.00 | 260.00 | -5.00 |
| 76 | Miteri Development Bank Limited | 2109.00 | 540.00 | 523.00 | 530.00 | -13.00 |
| 77 | Mithila LaghuBitta Bikas Bank Ltd. | 53.00 | 1387.00 | 1385.00 | 1387.00 | 27.00 |
| 78 | Muktinath Bikas Bank Ltd. | 8052.00 | 608.00 | 572.00 | 587.00 | 1.00 |
| 79 | Nabil Bank Limited | 6694.00 | 1190.00 | 1170.00 | 1185.00 | -6.00 |
| 80 | NABIL Bank Limited Promotor Share | 7424.00 | 868.00 | 856.00 | 860.00 | -15.00 |
| 81 | Nabil Equity Fund | 20010.00 | 10.20 | 10.05 | 10.10 | -0.09 |
| 82 | NagBeli LaghuBitta Bikas Bank Ltd. | 690.00 | 3900.00 | 3791.00 | 3805.00 | -95.00 |
| 83 | National Hydro Power Co. Limited | 11670.00 | 132.00 | 129.00 | 132.00 | 3.00 |
| 84 | National Life Insurance Co. Ltd. | 3957.00 | 1865.00 | 1805.00 | 1865.00 | 15.00 |
| 85 | National Microfinance Bittiya Sanstha Ltd. | 1415.00 | 3690.00 | 3582.00 | 3582.00 | -68.00 |
| 86 | Naya Nepal Laghubitta Bikas Bank Ltd. | 590.00 | 2800.00 | 2700.00 | 2754.00 | 4.00 |
| 87 | NB Insurance Co. Ltd. | 880.00 | 1220.00 | 1200.00 | 1205.00 | -15.00 |
| 88 | Neco Insurance Co. Ltd. | 16664.00 | 1049.00 | 1020.00 | 1038.00 | -7.00 |
| 89 | Nepal Bangladesh Bank Limited | 33545.00 | 317.00 | 310.00 | 314.00 | 2.00 |
| 90 | Nepal Bank Limited | 13310.00 | 353.00 | 342.00 | 347.00 | 2.00 |
| 91 | Nepal Community Dev. Bank Ltd. | 882.00 | 296.00 | 291.00 | 291.00 | -5.00 |
| 92 | Nepal Credit And Com. Bank Ltd | 25259.00 | 354.00 | 336.00 | 345.00 | 0.00 |
| 93 | Nepal Doorsanchar Comapany Limited | 6400.00 | 710.00 | 702.00 | 702.00 | -7.00 |
| 94 | Nepal Grameen Bikas Bank Ltd. | 3148.00 | 724.00 | 686.00 | 712.00 | 13.00 |
| 95 | Nepal Insurance Co. Ltd. | 3329.00 | 1390.00 | 1336.00 | 1370.00 | 7.00 |
| 96 | Nepal Investment Bank Limited | 44785.00 | 745.00 | 735.00 | 740.00 | 0.00 |
| 97 | Nepal Investment Bank Ltd. Pro. Share | 18170.00 | 647.00 | 641.00 | 645.00 | -2.00 |
| 98 | Nepal Life Insurance Co. Ltd. | 11100.00 | 2000.00 | 1960.00 | 1969.00 | -1.00 |
| 99 | Nepal SBI Bank Limited | 9664.00 | 799.00 | 765.00 | 779.00 | -19.00 |
| 100 | Nerude Laghubita Bikas Bank Limited | 4810.00 | 1345.00 | 1281.00 | 1287.00 | -20.00 |
| 101 | Ngadi Group Power Ltd. | 150.00 | 225.00 | 220.00 | 220.00 | -2.00 |
| 102 | NIBL Pragati Fund | 2525.00 | 10.00 | 10.00 | 10.00 | 0.00 |
| 103 | NIC Asia Bank Ltd. | 9124.00 | 345.00 | 331.00 | 340.00 | -2.00 |
| 104 | Nirdhan Utthan Bank Limited | 4701.00 | 2435.00 | 2350.00 | 2390.00 | -10.00 |
| 105 | NLG Insurance Company Ltd. | 2883.00 | 1520.00 | 1475.00 | 1494.00 | -26.00 |
| 106 | NMB Microfinance Bittiya Sanstha Ltd. | 948.00 | 2720.00 | 2672.00 | 2672.00 | -88.00 |
| 107 | NMB Bank Limited | 8205.00 | 472.00 | 450.00 | 464.00 | -8.00 |
| 108 | NMB Bank Limited Promoter Share | 18178.00 | 266.00 | 266.00 | 266.00 | 0.00 |
| 109 | NMB Hybrid Fund L-1 | 2996.00 | 10.00 | 10.00 | 10.00 | 0.00 |
| 110 | NMB Sulav Investment Fund-1 | 35000.00 | 13.50 | 13.26 | 13.50 | -0.02 |
| 111 | Om Development Bank Ltd. | 6165.00 | 382.00 | 370.00 | 377.00 | 2.00 |
| 112 | Oriental Hotels Limited | 243.00 | 867.00 | 850.00 | 866.00 | 8.00 |
| 113 | Prabhu Bank Limited | 27337.00 | 357.00 | 347.00 | 350.00 | -5.00 |
| 114 | Prabhu Insurance Ltd. | 12757.00 | 1133.00 | 1078.00 | 1090.00 | -12.00 |
| 115 | Premier Insurance Co. Ltd. | 8625.00 | 1630.00 | 1570.00 | 1600.00 | 0.00 |
| 116 | Prime Commercial Bank Ltd. | 22331.00 | 420.00 | 410.00 | 417.00 | 0.00 |
| 117 | Prime Life Insurance Company Limited | 9648.00 | 1885.00 | 1825.00 | 1830.00 | 30.00 |
| 118 | ProgressiveFinance Limited | 2040.00 | 215.00 | 211.00 | 213.00 | -5.00 |
| 119 | Prudential Insurance Co. Ltd. | 4728.00 | 1425.00 | 1376.00 | 1376.00 | -4.00 |
| 120 | Purnima Bikas Bank Ltd. | 1471.00 | 285.00 | 280.00 | 280.00 | -8.00 |
| 121 | Rastriya Beema Company Limited | 215.00 | 14900.00 | 14700.00 | 14710.00 | 210.00 |
| 122 | Rastriya Beema Co. Limited Pro. Share | 30.00 | 13673.00 | 13405.00 | 13673.00 | 73.00 |
| 123 | Reliable Microfinance Bittiya Sanstha Ltd. | 33.00 | 2100.00 | 2099.00 | 2100.00 | 0.00 |
| 124 | Reliance Finance Ltd. | 135.00 | 208.00 | 204.00 | 205.00 | 1.00 |
| 125 | Ridi Hydropower Dev. Company Ltd. | 519.00 | 160.00 | 155.00 | 158.00 | 4.00 |
| 126 | RSDC Laghubitta Bittiya Sanstha Ltd. | 1649.00 | 1327.00 | 1265.00 | 1305.00 | 11.00 |
| 127 | Rural Microfinance Dev. Centre Ltd. | 1715.00 | 800.00 | 756.00 | 785.00 | 0.00 |
| 128 | Sagarmatha Insurance Co. Ltd. | 1142.00 | 1675.00 | 1641.00 | 1641.00 | -9.00 |
| 129 | Sahayogi Bikas Bank Limited | 3641.00 | 335.00 | 320.00 | 320.00 | -15.00 |
| 130 | Sana Kisan Bikas Bank Ltd | 3176.00 | 1575.00 | 1515.00 | 1548.00 | -27.00 |
| 131 | Sanima Bank Limited | 28759.00 | 394.00 | 386.00 | 389.00 | 0.00 |
| 132 | Sanima Mai Hydropower Ltd. | 2410.00 | 531.00 | 510.00 | 510.00 | -14.00 |
| 133 | Saptakoshi Development Bank Ltd. | 25.00 | 172.00 | 172.00 | 172.00 | 0.00 |
| 134 | Shangrila Development Bank Ltd. | 11860.00 | 366.00 | 347.00 | 350.00 | -4.00 |
| 135 | Shikhar Insurance Co. Ltd. | 3049.00 | 1940.00 | 1890.00 | 1930.00 | 30.00 |
| 136 | Shine Resunga Development Bank Ltd. | 1950.00 | 394.00 | 380.00 | 380.00 | -7.00 |
| 137 | Shree Investment Finance Co. Ltd. | 2896.00 | 463.00 | 455.00 | 455.00 | -8.00 |
| 138 | Shrijana Finance (Bittaya Sanstha) | 810.00 | 555.00 | 526.00 | 526.00 | -40.00 |
| 139 | Siddhartha Bank Limited | 8078.00 | 420.00 | 410.00 | 413.00 | 3.00 |
| 140 | Siddhartha Equity Orineted Scheme | 22000.00 | 11.35 | 11.16 | 11.35 | -0.04 |
| 141 | Siddhartha Insurance Ltd. | 6046.00 | 1500.00 | 1441.00 | 1490.00 | 30.00 |
| 142 | Siddhartha Inv. Growth Scheme-1 | 2000.00 | 20.00 | 20.00 | 20.00 | 0.30 |

Total Amount Rs. 636,989,071 Total Quantity 1,277,554 Total No of Transactions 6,363

{ बैंक संचालक समितिको बुधबारको २ सय ७९औं बैठकले नेपाल राष्ट्र बैंक तथा बैंकको वार्षिक साधारण सभाको स्वीकृति पछि आ.व.२०७३/०७४ को वितरण योग्य मुनाफा समेतबाट आफ्ना शेयरधनीलाई २० प्रतिशत लाभांश ( १० प्रतिशत बोनश शेयर र १० प्रतिशत नगद लाभांस) वितरण गर्ने प्रस्ताव पारित गरेको छ।

# ग्लोबल आइएमई बैंकले २० प्रतिशत लाभांश दिने

काठमाडौं(नेस)

ग्लोबल आइएमई बैंकले आ.व.२०७३/०७४ मा २ अर्व ६१ लाख रूपैयाा खुद मुनाफा आर्जन गरेको छ। बैंक संचालक समितिको बुधबारको २ सय ७९औं बैठकले नेपाल राष्ट्र बैंक तथा बैंकको वार्षिक साधारण सभाको स्वीकृति पछि आ.व.२०७३/०७४ को वितरण योग्य मुनाफा समेतबाट आफ्ना शेयरधनीलाई २० प्रतिशत लाभांश ( १० प्रतिशत बोनश शेयर र १० प्रतिशत नगद लाभांस) वितरण गर्ने प्रस्ताव पारित गरेको छ।

बोनश शेयर वितरण पश्चात बैंकको चुक्ता पुाजी ८ अर्व ८८ करोड रूपैयाा पुग्ने छ। बैंकले भारत तथा अष्ट्रेलियमा प्रतिनिधि कार्यालय खोली कार्य गर्दै आएको छ भने बेलायतमा छिट्टै नै प्रतिनिधि कार्यालय खोल्ने क्रममा रहेको छ। १ खर्ब २ अर्व निक्षेप, ८४ अर्व ९६ करोड कर्जा लगानी रहेको बैंकको हाल ११२ वटा शाखाहरू, १४ वटा राजश्व संकलन काउण्टर, ११९ एटिएम, ५ वटा एक्सटेन्सन काउण्टर तथा ४६ शाखा रहित बैंकि सेवा रहेका छन्







नेपाल समाचारपत्र
जि.का.का.द.नं. १४७/०५१/०५२ म.क्ष.हु.द.नं. ०३/०६२/०६३ www.newsofnepal.com



# बार्सिलोनाको जितमा मेसीको दुई गोल

लन्डन, (एजेन्सी)

मंगलबार रातिबाट शुरू भएको यूएफा च्याम्पियन्स लिगअन्तर्गत जारी सिजनको समूह चरणका खेलमा लियोनल मेसीको दुई गोलको योगदानमा बार्सिलोना विजयी भएको छ।

समूह डी अन्तर्गत भएको उक्त खेलमा बार्सीलोनाले गत संस्करणका उपविजेता युभेन्टसलाई ३-० ले पराजित गर्दै सुखद शुरुआत गरेको हो। घरेलु टोली बार्सिलोनाका तर्फबाट मेसीले खेलको ४५औं मिनेटमा पहिलो गोल गरेका थिए। पहिलो हाफमा सोही गोलमा बार्सिलोना १-० को अग्रतामा रहेको थियो।

खेलको ५६औं मिनेटमा राकिटिकको गोलमा बार्सिलोनाले अग्रता दोब्बर पार्‍यो। मेसीले ड्रिबल गर्दै अघि बढाएर पास दिएको बललाई राकिटिकले गोलमा परिणत गरेका हुन्। यस्तै खेलको ६९औं मिनेटमा मेसीले व्यक्तिगत दोस्रो गोल गरेपछि बार्सिलोनाको तेस्रो गोल सम्भव भयो।

यसै समूहको अर्को खेलमा ग्रीसको ओलम्पियाकोस घरेलु मैदानमा स्पोर्टिङ सीपीसँग २-३ ले पराजित भयो। पहिलो हाफमा ३-० ले पछि परेको घरेलु टोलीले दुबै गोल खेलको अन्तिम दुई मिनेटमा फर्काएका थिए। समूह डी मा तीन अंकसहित बार्सिलोना शीर्षमा उक्लेको छ। समान अंक रहे पनि गोल भिन्नताको आधारमा स्पोर्टिङ सीपी दोस्रो स्थानमा छ।

### चेल्सीको फराकिलो जित

इंलिस् प्रिमियर लिगका डिफेन्डिंग च्याम्पियन चेल्सीले मंगलबार राति भएको च्याम्पियन्स लिगको खेलमा फराकिलो गोलअन्तरले विजयी भएको छ। चेल्सीले काराबागलाई आफ्नै घरेलु मैदानमा ६-० को गोलअन्तरले पराजित गरेको हो।

गत सिजन च्याम्पियन्स लिगमा नै नअटाएका चेल्सीले यसपटक समूह सी को पहिलो खेलमा नै फराकिलो गोलअन्तरको जित आत्मसात गरेको हो। पहिलो रोजाइका केही खेलाडीहरूलाई आराम दिएर पनि चेल्सीले काराबागमाथि सहज जित दर्ता गरेको हो।

चेल्सीका लागि स्पेनिस खेलाडी पेड्रोले खेलको पाँचौं मिनेटमा गोलको खाता खोलेका थिए। यस्तै खेलको ३० औं मिनेटमा चेल्सीका नव खेलाडी डेभिड जापाकोस्टाले गोल गर्दै चेल्सीको अग्रता दोब्बर पारेका थिए। त्यस्तै ५५औं मिनेटमा सेजार एज्पिलिक्वेटाले गोल गर्दै चेल्सीको गोलसंख्या तीन पुर्‍याए। खेलको ७१ औं मिनेटमा टेमो बाट्सुवायी र ७६औं मिनेटमा बाटशुअईले एक-एक गोल थपेपछि चेल्सी ५-० ले अघि बढेको थियो।

यस्तै खेलको ८२ औं मिनेटमा काराबागका खेलाडी मेडभेडेभको आत्मघाती गोलसँगै चेल्सीले आफ्नो गोलअन्तर आधा दर्जन पुर्‍याउँदै शानदार जित सुनिश्चित गरेको थियो। यसै समूहको अर्को खेलमा रोमा र एट्लेटिको मेड्रिडले गोलरहित बराबरी खेल्दै अंक बाँडे। चेल्सी समूह 'सी' को अग्रस्थानमा रहेको छ।

### बाप्पेको कीर्तिमान

समूह 'बी' को अर्को खेलमा पेरिस सेन्ट जर्मनले सेल्टिकलाई ५-० ले हराउन सफल रह्यो। पीएसजीको जितमा काभानी, नेयमार र किलियन बाप्पे तीनैजना गोलकर्ताको सूचीमा अटाउन सफल भए। पीएसजीका लागि ३४औं मिनेटमा गोल गरेका १८ वर्षे बाप्पेलाई सेल्टिकका समर्थकले मैदानमा दौडदै गएर लातले हान्ने असफल प्रयास समेत गरेका थिए। तर सुरक्षाकर्मीले स्थितिलाई सम्हाल्दै उक्त समर्थकलाई नियन्त्रणमा लिएपछि खेल पुन: सुचारु भएको थियो।

पहिलो हाफमा नेयमार, बाप्पे र काभानीले गोल गरे भने खेलको ८५औा मिनेटमा पेनाल्टीमार्फत काभानीले व्यक्तिगत दोस्रो गोल गर्दै खेलमा पीएसजीको गोलसंख्या ५ पुर्‍याएका थिए। त्यसअघि सेल्टिकका लुस्टिगले खेलको ८३औं मिनेटमा एक आत्मघाती गोलको उपहार दिएका थिए।

उक्त खेलमा गोल गरेसँगै बाप्पेले च्याम्पियन्स लिगमा दुई भिन्न टोलीबाट (मोनाको र पीएसजी) गोल गर्ने सबैभन्दा कान्छा खेलाडी बन्दै कीर्तिमान राख्न सफल भए। च्याम्पियन्स लिगमा २० वर्षभन्दा कम उमेरको खेलाडीका लागि सर्वाधिक सात गोल गर्ने कीर्तिमान नेदरल्यान्ड्सका प्याट्रिक क्लुइभर्टको नाममा रहेको छ। बाप्पेले सो कीर्तिमानसमेत बराबरी गरेका छन्। त्यस्तै काभानी पनि २२ गोलसँगै च्याम्पियन्स लिगमा पीएसजीका लागि सबैभन्दा बढी गोल गर्ने खेलाडी बनेका छन्।

### म्यान्चेस्टरको जित

ओल्ड ट्राफोर्डमा खेलिएको च्याम्पियन्स लिगको समुह 'ए' को खेलमा घरेलु टोली म्यान्चेस्टर युनाइटेडले स्वीजरल्यान्डको बासेललाई ३-० ले पराजित गरेको छ। युनाइटेडका लागि मराउने फेलाइनीले गोलको खाता खोलेका थिए। घाइते पाउल पोग्बालाई स्थापन्न गर्दै मैदान प्रवेश गरेका फेलाइनीले खेलको ३०औं मिनेटमा हेडमार्फत गोल गर्दै युनाइटेडलाई अग्रता दिलाएका थिए।

त्यस्तै च्याम्पियन्स लिगमा आफ्नो पहिलो खेल खेल्दै गरेका रोमेलु लुकाकुले खेलको ५३औं मिनेटमा युनाइटेडका तर्फबाट दोस्रो गोल सम्भव पारे। च्याम्पियन्स लिगमा नै पहिलो म्याच खेलिरहेका मार्कोस रास्फोर्डले खेलको ८४औं मिनेटमा तेस्रो गोल गरेपछि युनाइटेडले सहज जित आत्मसात गर्‍यो।

## पीएसजी र बायर्नको जित

च्याम्पियन्स लिगको समूह 'बी' को खेलमा फ्रान्सको पेरिस सेन्ट जर्मन (पीएसजी) र जर्मनीको बायर्न म्युनिखले जित हासिल गरेका छन्। बायर्नले बेल्जियमको एन्डरलेक्टविरुद्ध ३-० को जित निकाल्दा पीएसजीले पनि स्कटल्यान्डको सेल्टिकलाई ५-० ले हरायो।

स्वेन कम्सले खेलको ११औं मिनेटमा रातो कार्ड आत्मसात गरेपछि एन्डरलेक्टले बाँकी खेल १० खेलाडीमा नै टुंग्याएको थियो। रातो कार्ड बेहोरे लगत्तै प्राप्त गरेको पेनाल्टी प्रहारलाई रोबर्ट लेवान्डोस्किले गोलमा परिणत गर्दै बायर्नलाई अग्रता दिलाए। दोस्रो हाफमा जोसुवा किमिचको पासलाई सदुपयोग गर्दै थिआगो आलाकान्टाराले गोल गरेपछि बायर्नको अग्रता दोब्बर बनेको थियो। यसैगरी खेलको अन्तिम समयमा किमिचले गोल गरेपछि बायर्नले जारी सिजनको च्याम्पियन्स लिगको शुरूआतलाई सुखद बनाउन सफल भए।









## धरहरा

### निर्वाचन र आयोग

प्रदेश नम्बर २ मा निर्वाचन आउन केही दिन मात्रै बाँकी छ त्यहाँ निर्वाचन आचारसंहिता उल्लंघनका घटना थुप्रै भएका छन्।

निर्वाचन आयोगले पटकपटक सत्तापक्षदेखि प्रतिपक्षसम्मलाई निर्वाचन आचारसंहिता उल्लंघनका घटना गर्नेमाथि कारबाही गर्ने चेतावनी दिएको छ तर उल्लंघन गर्नेहरूबीच तीव्र प्रतिस्प्रर्धा भएको देखेर धरहरा तीनछक परेको छ।

आचारसंहिता उल्लंघन नगर भन्छ आयोग दलका शीर्ष नेताहरू उल्लंघन गरेको गन्यै गर्छन् आयोग २४ घण्टे पुर्जी काटेजस्तो गर्छ कोही डराए पो।

देशका प्रधानमन्त्री नै निर्वाचन आचारसंहिता उल्लंघन गर्न तम्सिएपछि कसको के लाग्छ र



भन्या ! प्रधानमन्त्री बालबालिका वारिपरि राखेर चुनावको भाषण गरिरहेका हुन्छन्। अनि यस्तो देशमा शासन खोज्ने हामी मूर्ख जनताबाहेक अरू के होला त पाठकबृन्द ?

## बाबा क्वाटरफाइनलमा

काठमाडौं, (नेस)

बाबा बोर्डिङ इंलिस स्कुल दोस्रो एपेक्स लाइफ यु-१२ अन्तरविद्यालय छात्र फुटसल प्रतियोगितामा बुधबार क्वाटरफाइनलमा प्रवेश गरेको छ।

समूह 'बी' को लिग खेलमा बाबाले जोसेफलाई ४-२ गोलले पराजित गर्दै समूह विजेता भयो। बाबाको जितमा जिग्मे शेर्पाले ह्याट्रिक गरे भने अनन्तले एक गोल थपे। पराजयका बाबजुद जोसेफ पनि समूह उपविजेता बन्दै अन्तिम आठमा पुग्यो।

# कमलाले रचिन तीन राष्ट्रिय कीर्तिमान




नेपाल समाचारपत्र

काठमाडौं

नेपाली सेनासँग आवद्ध रहेकी कमला श्रेष्ठले प्रथम स्ट्रेस्ट २०१७ सुनिललाल जोशी स्मृति भारोत्तोलन प्रतियोगितामा तीन राष्ट्रिय कीर्तिमान रचेकी छन्।

काठमाडौं जिल्ला भारोत्तोलन संघको आयोजनामा भएको प्रतियोगिताको महिला ६३ केजी जुनियरतर्फ उनले स्नाचमा ६२ केजी, क्लिन एन्ड जर्कमा ८१ केजीका साथै कुलमा १ सय ४३ केजीका साथ कीर्तिमान रचेकी हुन्। यसअघि २०७० सालमा काठमाडौंमा भएको लुम्बिनी च्याम्पियनसिपमा सोनम चौधरीले स्नाचमा ३५, क्लिनमा ५३ र कुलमा ८८ केजी तौलको कीर्तिमान कायम राखेकी थिइन्। यस विधामा सेनाकी मनिता श्रेष्ठ ६१ र ८० केजी गरी कुल १ सय ४१ केजीका साथ दोस्रो भइन्।

यसै तौलको सिनियरतर्फ सप्तरीकी शान्ति चौधरीले स्नाचमा ५५ केजी, क्लिनमा ६८ केजीका गरि कूलमा १२३ केजीका साथ पहिलो र नेपाली सेनाकी उषा खड्का स्नाचमा ५५, क्लिनमा ६७ केजीसहित कूलमा १ सय २२ केजीका साथ दोस्रो भइन्।

प्रतियोगिताको सिनियर ५३ केजी तौलमा बाँकेकी सञ्जु चौधरीले क्लिनमा ८१ केजी भार बहन गर्दै आफ्नै नाममा रहेको कीर्तिमानमा सुधार गरिन्। यसअघि उनले एसियन युथ एन्ड जुनियर च्याम्पियनसिपमा ८० केजी भारका साथ कीर्तिमान बनाएकी थिइन्। उनले स्नाचमा ५७ र कुलमा १३८ केजीका साथ स्वर्ण प्राप्त गरिन्। दोस्रो स्थानमा रहेकी झापाकी सुमी भट्टराईले २२, २७ र कुलमा ४९ केजीका साथ रजत पाइन्।

ललितपुरस्थित बालकुमारी ब्याङक्वेटमा भएको प्रतियोगिताको प्रतियोगिताको ४८ केजी सिनियरतर्फ सेनाकी रिताकुमारी गुरुङले स्नाचमा ४०, क्लिनमा ४५ र कुलमा ८५ केजीका साथ स्वर्ण तथा बाँकेकी तारा कुमारी चौधरीले २५, ३५ र ६० केजीका साथ रजत पाइन्।

५८ केजीतर्फ सेनाकी मनिषा रानाभाटले स्नाचमा ४८, क्लिनमा ६५ केजी र कुलमा १ सय १३ केजीका साथ स्वर्ण पाइन्।

६९ केजी जुनियरमा लाईफ फिजिकल फिटनेसकी प्रियङका शाह ठकुरीले स्नाचमा ३८, क्लिनमा ४३ केजीका साथ कुलमा ८१ केजीका साथ स्वर्ण, चितवनकी पुजा कुमालले ३६, ४० र ७६ केजीका साथ रजत पाइन्।

यस्तै पुरुषको ५६ केजी जुनियरमा सप्तरीका रामकुमार यादवले १ सय ६० केजीका साथ स्वर्ण, बाँकेका तुषार वि.एमले १ सय ३२ केजीका साथ रजत र सप्तरीकै लालबाबु यादवले १ सय ३० केजीका साथ कास्य पाए। सोही स्पर्धाको सिनियरतर्फ सप्तरीका मनोज यादवले १ सय ७५ केजीका साथ स्वर्ण, सेनाका तुलाराम महतोले १ सय ६५ केजीका साथ रजत र सन्तोष थपलियाले १ सय ४७ केजीका साथ कास्य पाए।

# नेपाल सेमिफाइनलमा

नेपाल समाचारपत्र

काठमाडौं

मलेसियामा जारी एसीसी यु १९ पूर्वीय क्षेत्र क्रिकेट छनोट प्रतियोगिताअन्तर्गत नेपाल सेमिफाइनलमा पुगेको छ। नेपालले लगातार दुई जित हात पारेपछि अन्तिम चारको यात्रा तय भयो। पहिलो खेलमा थाइल्यान्डलाई २६ रनमा समेटेर ठूलो जित निकालेको नेपालले बुधबार भुटानलाई ९ विकेटले हरायो। भुटानले केवल ५१ रनको लक्ष्य दिएकोमा नेपालले ८ दशमलव ३ ओभरमा एक विकेटको क्षतिमा जित हासिल गरेको हो।

नेपालको लागि सन्दीप सुनारले २१ रन बनाए भने आसिफ शेखले २३ रनमा नटआउट हुँदै जित दिलाएका थिए। त्यस्तै अनिल शाह ४ रनमा नटआउट रहेका थिए। आसिफले २१ बलको सामना गरेर तीन चौका प्रहार गरेका थिए। त्यस्तै सन्दीपले २६ बलमा चार चौका प्रहार गर्न सफल भए। सन्दीपलाई छिरिङ पेन्जोरले आउट गरेका थिए।

यसअघि नेपाली बलिङ घातक बनि दिँदा भुटान २८ ओभरमा सबै विकेट गुमाएर ५० रनमै समेटियो। कप्तान दीपेन्द्र सिंह ऐरीले ५ विकेट लिए भने सन्दीप लामिछाने फेरि एकपटक नायक बने। उनले चार विकेट लिन सात ओभरमा ७ रन मात्रै खर्चेका थिए। उनले यसअघि थाइल्यान्डविरुद्ध ७ विकेट लिएका थिए।

नेपालले समूह ए को अन्तिम खेलमा सिंगापुरसँग आज खेल्दै छ। दुबै टोलीले दुई-दुई खेल जितेर अन्तिम चारणमा पुगेका छन्। पूर्व क्षेत्रको फाइनलमा पुग्ने दुई टोलीले एसीसी यु १९ एसिया कपमा सहभागिता जनाउन पाउन प्रावधान रहेको छ।

# बक्सर सुशीलले पाए नागरिकता

नेपाल समाचारपत्र

काठमाडौं

लामो समयदेखि नागरिकता नभएका कारण कठिनाइ भोगिरहेका राष्ट्रिय बक्सिङ खेलाडी सुशील थापाले बुधबार नागरिकता पाएका छन्। सुशीलका पिता शिव थापा मगर (स्वर्गीय) र आमा शान्तिको नागरिक नभएका कारण २३ वर्षीय सुशीललाई नागरिकता पाउन समस्या भइरहेको थियो।



राष्ट्रिय खेलकुद परिषद् (राखेप) का सदस्य-सचिव केशवकुमार विष्टले काठमाडौंको बबरमहलस्थित जिल्ला प्रशासन कार्यालयमा गइ सनाखत गरिदिएपछि सुशीललाई नागरिकता पाउन सहज भएको हो। काठमाडौं जिल्ला प्रशासन कार्यालयका सहायक प्रमुख जिल्ला अधिकारी बासुदेव घिमिरेले सुशीललाई वंशज नागरिकता हस्तान्तरण गरेका थिए। सुशील पूर्वाञ्चलमा सम्पन्न सातौं राष्ट्रिय खेलकुदअन्तर्गत पुरुष ४९ केजीका स्वर्ण विजेता हुन्।

सुशीलले नागरिकताकै कारण पासपोर्ट नबनेपछि चार अन्तर्राष्ट्रिय प्रतियोगिता गुमाउदा आफू निराश हुनु परेको स्मरण गर्दै नागरिकता पाएपछि आफूले जिन्दगीकै स्वर्ण पदक जितेको महशुस गरेको प्रतिक्रिया दिए। उनले बक्सिङ परिवारका साथै नागरिकता दिलाउन पहल गर्ने सम्पूर्णलाई धन्यवाद दिँदै अब आफ्नो लागि भन्दा पनि देशका लागि केही गर्छु भन्ने अठोट लिएर अगाडि बढ्ने प्रतिबद्धता व्यक्त गरे।

कामना न्यूज पब्लिकेसन्स् प्रालिद्वारा प्रकाशित कार्यालय: कामना प्लाजा, भीमसेनस्थान, काठमाडौं, पो.ब.नं. २०४५, फोन: ४-२६११७९, फ्याक्स: ४-२१८९९०, Email: nepalsamacharpatra@gmail.com प्रमुख कार्यकारी अधिकृत तथा प्रबन्ध सम्पादक: दिरेकलाल श्रेष्ठ, सम्पादक: लेखनाथ अधिकारी, प्रधान सम्पादक: पुष्करलाल श्रेष्ठ